मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ७६ मंसिर २०६८

मूल्य : रु. २०।-



## नेपालको सन्दर्भमा सङ्क्रमणकालीन न्याय

# हार्दिक श्रद्धाञ्जली



स्व. इन्दू प्याकुरेल

स्वर्गारोहण ०६८ साउन २८ गते

हाम्रा संस्थापक अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोगका
पूर्व आयुक्त सुशील प्याकुरेल एवम् अध्यक्ष सुबोधराज प्याकुरेलकी
ममतामयी आमा **इन्दू प्याकुरेल**को असामयिक देहावसान
भएकोमा दुःख व्यक्त गर्दै स्वर्गीय प्याकुरेलप्रति
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

शोकको यस घडीमा हाम्रा अध्यक्ष, संस्थापक अध्यक्ष एवम्
समस्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) परिवार

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १८ पूर्णाङ्क ७६ मङ्सिर २०६८

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**संयोजक**
योगीश खरेल

**सम्पादक**
मदन पौडेल

**सहयोगी**
गोपिकृष्ण भट्टराई

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी


**कभर फोटो**
विमलचन्द्र शर्मा

**व्यवस्थापन**
विमलचन्द्र शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
**(इन्सेक)** द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np
www.inseconline.org

**मुद्रक**
**ड्रिम ग्राफिक्स प्रेस, थापाथली**
**फोन: ४१०२०८७**

- नेपालको सन्दर्भमा सङ्क्रमणकालीन न्याय – *अच्युत आचार्य* ६




- आत्मनिर्णयको अधिकार : भ्रम र वास्तविकता– टिकाध्वज खड्का १३
- अदालतको आदेशको कार्यान्वयन र दण्डहीनताको .... – विद्या चापागाईं १६
- मानव बेचबिखन र नियन्त्रण गर्ने केही कानुनी संयन्त्रहरू– सम्झना श्रेष्ठ २०
- यसरी कतिदिन बाँच्ने हो ?– दुर्गा थापा २३
- गुमनाथ युवा– लोकराज अवस्थी २४
- युवा जनसङ्ख्याको व्यवस्थापन– गोपीकृष्ण भट्टराई २७
- लघुकथा : प्रेम– इवान तुर्गनेव २९
- रुपियाँले आँसु थामिँदैन– प्रताप विष्ट २९
- पुस्तक समीक्षा – *उषा थपलिया* ३०
- अन्तर्वार्ता– सुरेन्द्र के.सी. ३१

**नियमित स्तम्भहरू**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

## यथावत



**प्रचण्डजीले शान्तिप्रक्रिया टुङ्ग्याउनु भयो भने विश्वले उहाँलाई समर्थन गर्छ र काङ्ग्रेसले फूलमालाले स्वागत गर्नेछ ।**

**सुशील कोइराला**

**सभापति, नेपाली काङ्ग्रेस**



**यो अनेक प्रकारका अपराधकर्म गर्ने व्यक्ति बोकेको सरकार हो ।**

**झलनाथ खनाल**

**अध्यक्ष, नेकपा (एमाले)**

(भट्टराई सरकारबारे टिप्पणी गर्दै)



**एक पछि अर्को गर्दै सरकारले उल्टो छलाङ हान्दै गएको छ ।**

**मोहन वैद्य**

**उपाध्यक्ष, एकीकृत नेकपा (माओवादी)**



**गोली हान्ने व्यक्तिको हातमा 'गन' नै छ भने त कसरी राजनीतिक घटना भनेर उन्मुक्ति दिन मिल्छ ?**

**केदारनाथ उपाध्याय**

**अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोग**

(माओवादी सभासद् बालकृष्ण ढुंगेललाई राजनीतिक निर्णयका आधारमा उन्मुक्ति दिन नहुने बताउँदै । अन्नपूर्ण पोष्ट)

## कार्टून




**साभार** : नागरिक दैनिक

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ? प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ? कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# सजाय माफी : कानुनी शासनको उपहास

विस्तृत शान्ति सम्झौताले डोऱ्याएको मुलुकको शान्तिप्रक्रिया दलहरूको सत्ता स्वार्थ र मोहमा केन्द्रित हुनपुग्यो। सत्ता समीकरणका जोडघटाउ तथा सरकार निर्माण र विघटनका चक्रमा शान्ति र संविधाननिर्माणका प्रक्रिया चेपुवामा पर्दै आए। शैशव अवस्थामै रहेको लोकतन्त्रको सुदृढीकरण र अहिलेसम्म जारी शान्तिप्रक्रियालाई पूर्णता प्रदानगर्ने विषयमा बढ्दै गएको अविश्वास र निराशा घटेको अझै आभास हुनपाएको छैन। शान्तिप्रक्रियाको प्रँरम्भिक चरण नयाँ संविधान निर्मँण भएपछि पूरा हुनेछ। सङ्घीय राज्य स्थापना, द्वन्द्वपीडितलाई न्याय तथा हानिपूरण, ध्वस्त भएका पूर्वाधारहरूको पुनर्निर्माण सुनिश्चित नभएसम्म शान्तिप्रक्रियाले सार्थकता पाउन सक्तैन।

संविधानसभा निर्वाचनअघिको राजनीतिक समीकरणमा आएको परिवर्तन, एनेकपा माओवादीले निर्वाचनपछि पुराना सहमतिप्रति दर्शाएको उदासिनता अनि लोकतान्त्रिक मूल्य, मान्यताप्रति गरेको पटक–पटकका प्रहारका कारणले पनि शान्ति र संविधान निर्माणमा बाधा उत्पन्न हुन गएको हो। ऐतिहासिक जनआन्दोलन र लोकतन्त्रको भावनाअनुसार मुलुकमा नयाँ संविधान निर्माण गरी देशमा दिगो शान्ति स्थापना गर्ने काममा सबै दल गम्भीर र संवेदनशील बन्नैपर्छ।

सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य गर्ने विस्तृत शान्ति सम्झौताको महत्त्वपूर्ण अङ्गका रूपमा सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई लिइएको थियो। तर विगत पाँच वर्षदेखि उठेको सत्यनिरूपण तथा मेलमिलाप आयोगको विषय अझै ओझेलमै परेको छ। दलहरूबीच हालै भएको सातबुँदे सम्झौतामा पनि मेलमिलाप आयोग तत्काल गठन गर्ने प्रतिबद्धता जनाइएको छ। तर व्यवहारमा कार्यान्वयन कत्तिको हुन्छ हेर्न बाँकी छ। माओवादी द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य पत्तालगाउन बनेको विधेयक शान्ति तथा पुनर्निमँण मन्त्रालयले व्यवस्थापिका संसद्मा दर्ता गरेको महिनौं बितिसक्दा पनि त्यसबारे अझै टुङ्गो लागेको छैन।

दण्डहीनताको अन्त्य गर्नका लागि विगतमा भएका गम्भीर मानवअधिकारका उल्लङ्घनका दोषीउपर कानुनी कारबाही आरम्भ गर्नेतर्फ पनि ढिलाइ हुँदै आएको छ। यसले दण्डहीनतालाई एउटा कुसंस्कृतिकै रूपमा विकास गर्दै लगेको छ।

नेपालको लम्बिँदै गएको द्वन्द्वोत्तर सङ्क्रमणकालमा पदमा बहाल सबैले पुछताछबाट उन्मुक्ति पाएका छन् र कानुनभन्दा माथि रहेको कार्य गरिरहेका छन्। शान्ति सम्झौताका सङ्क्रमणकालसम्बन्धी प्रतिबद्धताहरू हालसम्म पालना नहुनुले नेपालबाट व्यक्त दण्डहीनताको स्थिति अन्त्य गर्ने मनसाय र पदमा रहेका राजनीतिकर्मी, सुरक्षानिकायका व्यक्तिहरूलाई जवाफदेही बनाउने कार्यमा रहेको हिचकिचाहट स्पष्ट रूपमा देखाउँछ। खुल्ला हिँड्न सक्षम हुने अभियुक्तहरू उत्पादन गर्ने उद्योगका रूपमा नेपाली राजनीति परिणत हुनु दुःखद कुरा हो। व्यक्तिलाई खुशी तुल्याउने र सम्झौताको राजनीतिले दण्डहीनतामा बृद्धि र जवाफदेहिता कम गराएको छ।

१३ हजार जनाभन्दा बढीको मृत्यु र १ हजार जनाभन्दा बढी बेपत्ता, शारीरिक वा मानसिक रूपमा घाइते, अङ्गभङ्ग र विस्थापितभएको अवस्थामा राज्यले ती ज्यादती स्वीकार गर्दै इमान्दारीपूर्वक पीडितका पीडा कम गर्ने र पीडकविरुद्ध कानुनी कारबाही गर्ने समय आइसकेको छ। यदि गम्भीर अपराध तथा ज्यादतीहरू बेवास्ता गरिएमा वा पीडितहरूलाई बिर्सिएमा कुनै पनि प्रक्रियाले दिगो शान्ति ल्याउन सक्दैन।

अन्तर्राष्ट्रिय कानुन विशेषतः युद्धअपराध, जनसंहार, मानवताविरोधी अपराध जस्ता चरणबद्धरूपमा गरिने अपराध र मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई आम माफी दिने कुराको विरूद्ध छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत रहेर अपराधीलाई न्यायको परिधिमा ल्याउनु राज्यको दायित्व हो तथापि मुद्दा फिर्ताको प्रक्रियाले प्रभावकारी उपचारको अधिकारलाई चुनौती दिँदै यस दायित्वको उपेक्षा गरेको छ। यदि दण्डहीनताको यस्तो घृणित प्रक्रिया जारी रहेमा जनमानसमा भय र असुरक्षाको भावनामा वृद्धि हुनेछ र विगतको अपराधका प्रत्यक्ष भुक्तभोगीहरूको मानसिक पीडा अझै बढ्नेछ।

द्वन्द्वकालका गम्भीर मानवअधिकार ज्यादतीका घटनाहरूलाई राजनीतिक आवरण दिन सरकारी प्रयास भइरहेको अवस्थामा राजनीतिक नेताहरू, अन्तर्राष्ट्रिय समुदाय, द्वन्द्वपीडित र जनसाधारणलाई द्वन्द्वपीडितको न्यायको अधिकारको रक्षाका लागि अत्यन्त चनाखो हुनु जरुरी छ।

# प्राची सर्वोच्च अदालत र संसदमा

गत २०५२ फागुन १ गतेदेखि नेकपा (माओवादी) ले आम जनसमुदायलाई जनयुद्धको बाटोमा अघि बढ्न अपिल गरेको थियो । यसपछिका दिनहरूमा आन्दोलनको नाउँमा विभिन्न जिल्लामा गरी सयौँको सङ्ख्यामा मानिसहरूको ज्यान गयो। यही विषयलाई लिएर हाम्रो प्रकाशन प्राचीको अङ्क १ पूर्णाङ्क १७, ०५३ भदौ-असोजको अङ्कमा माओवादी जनयुद्धका क्रममा तत्कालीन प्रहरी प्रशासन र सरकारले गरेको ज्यादतीको यथार्थ स्थलगत प्रतिवेदन हामीले प्रकाशित गरेका थियौँ। उक्त अङ्कमा रोल्पा, रूकुम, जाजरकोट आदि जिल्लाहरूमा माओवादी आन्दोलनको क्रममा सरकारी पक्षबाट भएको ज्यादती र अत्याचारका समाचार लेख आदि प्रकाशि थिए। त्यस अङ्कमा 'ढुकुरभन्दा सहजै मानिस मारिन्छन्', 'रूकुममा अत्याचारको सीमा छैन', 'त्यसपछिको अवस्था झै बिग्रियो', 'अमूलक मान्छे अनाहकमा मरे' र 'मानवअधिकारवादीहरूको धारणा' आदि शीर्षकमा लेखहरू केन्द्रित थिए। साथै उक्त लेखहरूमा माओवादीहरूको नाममा प्रहरीद्वारा मारिएकाहरूको नाम, थर, स्थान समेत करिब ६० जनाको नाम पनि छापिएको थियो।

प्राचीको उक्त अङ्क बजारमा आएपछि देशको राजधानी लगायत विभिन्न भागमा ती घटनाहरूको समाचारका बारेमा निकै सनसनी, टिकाटिप्पणी र चर्चा पायो। धेरैलाई माओवादी आन्दोलनमा भएका ज्यादतीहरूको बारेमा जानकारी भयो। साथै यही पत्रिकाको उक्त अङ्कको आधारमा 'माओवादी जनयुद्ध' सर्वोच्च अदालतमा समेत पुग्यो।

माओवादी जनयुद्धको क्रममा सरकारले अपनाएको दमन र आमहत्याको विरूमा कानून व्यवसायी अमरबहादुर राउत लगायत चार जना कानुन व्यवसायीहरूले तत्कालीन सरकार र पदाधिकारी विरुद्ध अदालतमा रीत निवेदन मिति ०५३/५/१८ मा दर्ता गराउनु भयो। माननीय न्यायाधीश केदारनाथ उपाध्यायले विपक्षीहरूलाई ०५३ कार्तिक १३ को मितिमा कारण देखाऊ आदेश जारी गर्नु भयो। अदालतमा निवेदकको माग बमोजिम आदेश किन नगर्न नपर्ने हो? के कुन कानुनी आधारमा उक्त क्रिया भए गरेका हुन् ? कारण सहित उपस्थित हुन तत्कालीन मन्त्रिपरिषद्को सचिवालय, गृहमन्त्री र उल्लेख गरिएका जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीहरूलाई आदेश जारी भयो। प्रमुख जिल्ला अधिकारीहरूमा रोल्पा, रूकुम, जाजरकोट, गोर्खा, सिन्धुली र प्युठान जिल्लाका हुनुहुन्छ । ती अधिकारीहरूले अब उक्त हत्याका बारेमा अदालतसमक्ष कारण देखाऊजवाफ पेश गर्नुपर्ने भएको छ ।

उक्त रिट निवेदनमा नेपालको संविधान ०४७ ले राजनीतिक पार्टीहरूलाई प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेकोले माओवादी भएकै कारणले हत्या गर्न नहुने, आतङ्कलाई कुनै पनि कारणले प्रमाणित नगरेकोले आतङ्कवादको नाउँमा हत्या गर्न नहुने, कसुरबिना कसैलाई पनि गिरफ्तार गर्न, मुद्दा चलाउन नपाइने कुरा स्पष्टसँग उल्लेख गरिएको छ। बालबालिका सम्बन्धी ऐन २०४८ विपरीत बालहत्या र बालकलाई यातना दिन नपाइने जस्ता कानुनी प्रावधानको उल्लङ्घन गरेको कुरा उल्लेख भएका थिए। प्रहरी साथमा सत्ता पक्षीय नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले अनाधिकृत रूपमा प्रहरीको साथ लागी दमन कार्यमा संलग्न भएको तथा नेपालको प्रचलित कुनै पनि कानुनले नागरिकको हत्या गर्न पाइने व्यवस्था गरेकोले ती सम्पूर्ण कार्यहरू संविधानको भावना विपरीत भएकोले त्यस्ता कार्यमा संलग्न सरकारी कर्मचारी तथा प्रहरीहरूलाई विभागीय कारबाही गर्नु भनी नेपलको अधिराज्यको संविधान २०४ठ को धारा ८८ (२) बमोजिम रिट निवेदन उल्लेख गरेको छ। उक्त घटनको यथार्थ विवरण अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) दारा प्रकाशित प्राची पत्रिकाबाट लिई उक्त पत्रिका प्रमाणको लागि अदालतमा समेत पेश गरिएको थियो । उक्त मुद्दामा निवेदकको तर्फबाट अधिवक्ता टीकाराम भट्टराईले बहस गर्नु भएको थियो।

यसैगरी प्राची संचेतना द्वैमासिकको वर्ष ५ अङ्क ३, २०५३ पुस-माघको अङ्क 'भैँडा-बाखाभन्दा सस्ता सांसद्हरू' शीर्षकमा आवरण लेख लेखिएको थियो । पत्रिकाको आवरण पृष्ठमा बाखाहरूको बथान सहितको तस्वीर र केही पूर्व मन्त्रीहरूका तस्वीर समेत आकर्षक ढङ्गले छापिएको थियो । नेपाली राजनीतिको यथार्थ तीतो ढङ्गले प्रस्तुत गरिएको थियो।

पत्रिकाको सन्दर्भमा विगत २०५३ पुस महिनामा तत्कालीन देउवा सरकारविरूद्ध प्रतिनिधिसभामा दोस्रो पटक अविश्वासको समयमा देखिएको वास्तविक घटनालाई समेटेर बनाएको उक्त समाचार विश्लेषण थियो। विगतमा अविश्वास प्रस्तावको पक्ष र विपक्षमा सांसद्हरू बाँडिदा केही सांसदहरू खसिबोका जस्तै गरी बिक्री भएका घटनाहरू त्यस समयमा छापाहरूले प्रमुख महत्त्वका साथ छापेका थिए। उक्त लेखले सम्पूर्ण सांसद्हरूको गरिमालाई घटाउने भन्दा बढाउने काम गरेको देखियो। उक्त लेखले मुलतः सबै सांसद्हरू भन्दा पनि केही भैँडाबाखा भन्दा सस्ता भएका सांसद्हरूको मर्ममाथि भने अवश्य चोट पुऱ्याएको हुनु पर्दछ। यसै विषयलाई लिएर संसदको ११ औं अधिवेशनको वैठकमा २०५३ चैत ४ गते यस लेखको सन्दर्भमा केही सांसद्हरूले संसद्मा प्रश्न समेत उठाउनु भयो। यसरी प्रश्न उठाउनेहरूमा नेकपा (एमाले) का हरिवैरागी दाहालले उक्त अङ्कको लेखले सांसद्हरूको मर्यादा घटाएको विचार व्यक्त गर्दै अगाडि भन्नुभयो- 'प्राची भन्ने पत्रिकाले सांसद्हरूलाई भैँडा बाखा बनाएको छ, यदि सांसद्हरू भैँडा बाखा हुन् भन्ने ठहर यो सभाले गर्छ भने म राजीनामा दिन तयार छु' भन्नु भयो। यसरी नै उक्त दिनमा संसद्मा सांसद्हरूका विचारहरूलाई रेडियो नेपाल, नेपाल टेलिभिजनबाट समेत प्राचीको हवाला दिँदै समाचार प्रशारित भएको थियो। साथै यसै समाचारलाई हिमालय टाइम्स, लोकपत्र, समाचारपत्र र सगरमाथा दैनिकको मिति ०५३ चैत ५ गतेको अङ्कमा सांसदको विचार दिने क्रममा प्राचीका सम्बन्धमा उक्त कुरा छापिएको थियो।

*(प्राची संचेतना द्वैमासिक, फागुन ०५३ जेठ ०५४)*

# दण्डहीनता : गम्भीर चुनौती



सुबोधराज प्याकुरेल

**कुनै राजनीतिक दलसँग आबद्ध भएकै आधारमा जघन्य अपराधमा संलग्नहरूलाई उन्मुक्ति दिने यो प्रचलनले निकट भविष्यमै गठन गर्ने भनिएको सत्य निरूपण तथा मेलमिलाप आयोगको औचित्यमाथि नै प्रश्नचिह्न उठनेछ। माफी दिने यो निर्णयसँगै जघन्य मानवअधिकार उल्लङ्घनमा संलग्न अन्य निकाय तथा व्यक्तिहरूलाई माफी दिने बाटो खुल्नेछ।**

नेपालमा राजनीतिक गतिविधि गरेको आरोपमा मुद्दा लागेका राजनीतिक व्यक्तिहरूको मुद्दा फिर्ता लिने प्रचलन विगतदेखि नै हुँदै आएको हो। २०४६ सालको राजनीतिक परिवर्तनपछि राजनीतिक प्रकृतिका निकै मुद्दा फिर्ता भए। पञ्चायतकालमा प्रजातन्त्रका हिमायतीलाई झुठा मुद्दा लगाएर सजाय दिनु वा फरार हुन बाध्य पारिने अभ्यास सामान्य थियो। राजनीतिक दुराशयले लगाइएका त्यस्ता मुद्दा बहुदलीय व्यवस्थाको स्थापनापछि फिर्ता लिँदा खासै विवादको विषयवस्तु पनि बनेन, न त कानुनीरूपले तिनको वैधतामाथि प्रश्नचिह्न नै खडा भयो।

नेपालमा भएका ऐतिहासिक परिवर्तनपछिका सरकार, जसलाई बढी प्रजातान्त्रिक र कानुनी शासनका हिमायती ठानिएको थियो, उनीहरूका गतिविधि भने आशानुरूप देखिएनन्। दशबर्से सशस्त्र द्वन्द्वका अवधिमा गम्भीर प्रकारका मानवअधिकार उल्लङ्घनका घटनाहरू भए। युद्धरत पक्षहरूले मानवअधिकार र सशस्त्र युद्धका न्यूनतम नियमको पनि सम्मान गरेनन्। दुवै पक्ष आफ्नो विजयप्रति यति आश्वस्त थिए कि जस्तोसुकै अमानवीय काम गर्न निरुत्साहित भएनन्।

सशस्त्र द्वन्द्वको विधिवत अन्त गर्ने घोषणासहित २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौता भएयता भएका थरिथरिका सहमति र सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी आयोग गठन गर्ने प्रतिबद्धता जनाइएको छ। तर, ती प्रतिबद्धताहरू सहमतिका लागि मात्र सीमित रहँदै आए, व्यवहारमा परिणत हुन सकेनन्। सङ्क्रमणकालका नाममा जस्तोसुकै अपराधीले पनि उन्मुक्ति पाउने अवस्थाको सृजना गर्न थालियो। दण्डहीनताले शान्तिप्रक्रियालाई तत्काल फाइदा पुग्ने देखिएला। तर, कालान्तरमा यसले सिङ्गो मुलुकलाई भयावह अवस्थामा धकेल्न सक्छ भन्ने खतराप्रति दलहरू चेतनशील हुन सकेका छैनन्। दलहरू आफ्ना कार्यकर्तालाई उन्मुक्ति दिलाउन सर्वोच्च न्यायिक संयन्त्रका आदेश समेत लत्याउन पछि परिरहेका छैनन्।

मधेश आन्दोलन, कपिलवस्तु घटना, रौतहटको गौर घटना अनि त्यसपछि भएका धेरैजसो गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा संलग्नहरूको मुद्दा फिर्ता लिइयो। शान्ति सम्झौतापछि गठन भएका सबै सरकार यस्ता कार्यमा कमोबेश संलग्न रहे। कुनै सत्तारुढ दलले आफूलाई चोखो प्रमाणित गर्ने आधार जोगाएनन्। सर्वोच्च अदालतले अपराधी ठहर गरी सजाय सुनाएको व्यक्तिलाई समेत सरकारले माफीका लागि राष्ट्रपतिसमक्ष गरेको सिफारिश कार्यान्वयन नगर्न नेपालको सर्वोच्च अदालतले हालै अन्तरिम आदेश गरिसकेको छ। तर, त्यस आदेशविरुद्ध विभिन्न टिका टिप्पणी चलिरहेको छ।

कुनै राजनीतिक दलसँग आबद्ध भएकै आधारमा जघन्य अपराधमा संलग्नहरूलाई उन्मुक्ति दिने यो प्रचलनले निकट भविष्यमै गठन गर्ने भनिएको सत्य निरूपण तथा मेलमिलाप आयोगको औचित्यमाथि नै प्रश्नचिह्न उठनेछ। माफी दिने यो निर्णयसँगै जघन्य मानवअधिकार उल्लङ्घनमा संलग्न अन्य निकाय तथा व्यक्तिहरूलाई माफी दिने बाटो खुल्नेछ। यिनै कुरालाई दृष्टिगत गरेर ०६८ भदौ १६ गते दण्डहीनताको एकल एजेण्डा लिएर प्रधानमन्त्री बाबुराम भट्टराईलाई भेट्न गएका मानवअधिकारकर्मीहरूलाई उहाँले सत्य निरुपण तथा मेलमिलाप आयोगको निष्कर्ष बेगर कुनै पनि मामिलालाई राजनीतिक हो कि होइन भनी निर्क्योल गर्न नसकिने भन्नु भएको थियो। राजनीतिज्ञले गरेका अपराध राजनीतिक हुन सक्दैन भन्नु भएको थियो। र डेढ महिनाभित्र आयोगको निर्माण गरिसक्ने बताउनु भएको थियो। तर त्यसको एक महिना नबित्दै ०६७ पुस १९ गते सर्वोच्च अदालतले सर्वस्व सहित जन्मकैदको फैसला सुनाएका उहाँको दलका सभासद् बालकृष्ण ढुङ्गेलको मुद्दा फिर्ताको लागि सिफारिस गर्ने फैसला मन्त्रिपरिषद्ले गरेपछि प्रधानमन्त्री भट्टराई र उहाँका सत्ता साझेदार संयुक्त मधेसी मोर्चाको नियतप्रति स्वदेशी, विदेशी, अधिकारकर्मी र राष्ट्रिय मानवअधिकार आयोग लगायत संयुक्त राष्ट्रसङ्घलाई चिसो पसेको छ।

नेपाल पक्ष भएको नागरिक तथा राजनीतिकअधिकारसम्बन्धीअन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा २(३) ले व्यक्तिको नागरिक तथा राजनीतिकअधिकार उल्लङ्घन भएमा निजलाई प्रभावकारी उपचारको अधिकार हुने भनी उल्लेख गरेको छ। त्यस्तो उपचारले एकातर्फ उल्लङ्घनकर्ताको पहिचान गरी कारवाही गर्न र अर्कोतर्फ उल्लङ्घनको पीडितलाई न्यायदिन सक्नु पर्दछ।

अन्तरिम संविधानको धारा १५१ ले कार्यपालिकालाई कुनै अदालत वा अन्य कुनै न्यायिक वा अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कमगर्न सक्ने अधिकार प्रदान गरेको भए पनि यो अधिकार असीमित स्वविवेकयुक्त छ भन्न मिल्दैन। उक्त प्रावधानभित्र असीमित स्वविवेकीय अधिकार रहेको अर्थ लगाएमा गैरन्यायिक हत्या, बलपूर्वक बेपत्ता पार्ने कार्य, यातना तथा बलात्कारलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराधका पीडकहरूलाई पनि क्षमादान दिन सकिने खतरा हुनाले पीडकहरू सजायबिना उम्कन सक्छन्। संयुक्त राष्ट्रसङ्घको साधारणसभाद्वारा पारित निर्णय नं. १६०/४७ ले पीडितले न्यायको अनुभूति गर्ने गरी मात्र फैसला गर्न पाइने प्रावधान राखेको छ। सरकारवादी फौज्दारी मुद्दा फिर्ता लिने नीतिगत मापदण्ड २०५५ भदौ १ मा नेपालको मन्त्रिपरिषद्द्वारा पारित भई सो निर्णय क्रियाशील रहेको अवस्था छ।

न्याय, जवाफदेहिता र पीडितका उपचारका अधिकारका विषयहरू विस्तृत शान्ति सम्झौताका मुख्य बुँदा थिए र शान्तिप्रक्रियालाई सहयोग गर्ने लोकतान्त्रिक पद्धतिको मुख्य आधार मानिएको थियो। आपराधिक मुद्दा फिर्ता लिनु भनेको गम्भीर मानवअधिकार उल्लङ्घनलगायतका द्वन्द्वकालीन अपराधमा उन्मुक्ति दिलाउनु हो। यस्ता कदमले जनतालाई उनीहरूको उपचार र न्यायका जायज आकाङ्क्षाहरू मर्दन गराएर शान्तिप्रक्रियामा सहभागी हुनबाट विमुख गर्दछन्।

अपराधीलाई जवाफदेहिताबाट उन्मुक्ति दिलाउने यसप्रकारको न्यायिक प्रक्रियामाथिको हस्तक्षेप न्यायपालिकाको स्वतन्त्रता र विधिको शासनका लागि गम्भीर चुनौती हो। सशस्त्र द्वन्द्वको समय मा माओवादी र राज्यबाट भएका मानवअधिकार उल्लङ्घनका सबै मुद्दाहरूको अनुसन्धान गर्नु आजको आवश्यकता हो, दिगो शान्ति स्थापनाको मेरुदण्ड पनि हो।

# नेपालको सन्दर्भमा सङ्क्रमणकालीन न्याय

**घटनाका दोषीहरूलाई जिम्मेवारी बहन गराउने र पीडित तथा उनीहरूका परिवारजनहरूलाई हानिपूरणका विविध माध्यमद्वारा सन्तुष्ट बनाएमा मात्र समाज दिगो शान्तितर्फ उन्मुख हुन्छ भन्ने मान्यताबाट यसको सुरुवात हुने गर्छ। जसले गर्दा एकातिर मानवअधिकार उल्लङ्घनकर्ता जोसुकै भए पनि भविष्यमा त्यस्ता घटना नदोहोरिने वा न्यून हुने अवस्थाको सिर्जना हुन्छ भने अर्कोतिर पीडित पक्षलाई यथोचित सम्मान भई विगतका पीडाहरू बिर्साउन तथा बदलाका भावनाहरू हटाउन मद्दत हुन्छ।**



**अच्युत आचार्य**
राष्ट्रिय मानवअधिकार आयोग

**परिचय**

राज्यमा शासन सत्तालाई यथास्थितिमा राख्न चाहने र परिवर्तन गर्न खोज्नेहरूको बीचमा सँधै जस्तो द्वन्द्व भइरहेको हुन्छ। यस्ता द्वन्द्वहरू कसरी प्रस्तुत भएका छन् भन्ने विषय महत्वपूर्ण हुने गर्दछ। शासन सत्ता बदल्न खोज्नेहरू र यथास्थितिमा राख्न चाहनेहरूको बीचमा विवाद समाधानका लागि प्रयोग गरिएका प्रक्रिया तथा साधनहरू यदि प्रजातान्त्रिक वा शान्तिप्रिय नभई हिंसात्मक भयो भने त्यस्तो अवस्थामा मानवअधिकारहरूको गम्भीर उल्लङ्घन हुने प्रबल सम्भावना रहन्छ। तर, मानवअधिकारको उल्लङ्घन अन्य प्रकारहरूबाट समेत हुने भए पनि हिंसा तथा युद्धबाट उल्लङ्घन भएको अवस्थामा त्यो ज्यादै नै गम्भीर तथा घातक हुने भएकोले त्यसको रोकथाम तथा न्यूनीकरण गर्न सरोकारवालाहरू समेत आतुर देखिन्छन्। विशेषरूपमा आन्तरिक सशस्त्र द्वन्द्वहरूमा द्वन्द्वरत पक्षहरूबाट प्रयोग भएका हतियारहरू तथा अन्य घातक साधनहरूको प्रयोग गरेर भए पनि विपक्षीलाई कमजोर पार्नुपर्ने कारण व्यापक तथा योजनाबद्ध तवरले मानवअधिकारको उल्लङ्घनका घटनाहरू हुने गर्दछन्। यस्ता विषयहरू द्वन्द्वको अन्त्यपश्चात् आमसरोकारको विषय बनी त्यसको सम्बोधनका लागि विभिन्न प्रकारबाट छलफल गरिन्छ। मानवअधिकार उल्लङ्घनका विषयहरू जुनसुकै समयमा तथा जोसुकैबाट भएको भए पनि त्यस्ता घटनाहरूको अनिवार्य अनुसन्धान गरी पीडितलाई घटना के कसरी भयो आदि बारेमा जानकारी गराउनु पर्ने दायित्व सरोकारवालाहरूको हो। मानवअधिकार उल्लङ्घनका घटनाका पीडकलाई कुनै पनि प्रक्रियाबाट जिम्मेवार बनाई पीडित समुदायहरूलाई यथासक्य हानिपूरण गरिनु पर्छ भन्ने विषयमा संसारभर आम सहमति बनिसकेको छ। तर, फरक कुरा के हो भने त्यस्ता घटनाहरूलाई सम्बोधन गर्ने प्रक्रियाहरूको अवश्य छलफल हुनुपर्छ।

घटनाका दोषीहरूलाई जिम्मेवारी बहन गराउने र पीडित तथा उनीहरूका परिवारजनहरूलाई हानिपूरणका विविध माध्यमद्वारा सन्तुष्ट बनाएमा मात्र समाज दिगो शान्तितर्फ उन्मुख हुन्छ भन्ने मान्यताबाट यसको सुरूवात हुने गर्छ। जसले गर्दा एकातिर मानवअधिकार उल्लङ्घनकर्ता जोसुकै भए पनि भविष्यमा त्यस्ता घटना नदोहोरिने वा न्यून हुने अवस्थाको सिर्जना हुन्छ भने अर्कोतिर पीडित पक्षलाई यथोचित सम्मान भई विगतका पीडाहरू बिर्साउन तथा बदलाका भावनाहरू हटाउन मद्दत हुन्छ भन्ने विश्वास गरिन्छ। जसले समाजमा पुन मेलमिलापको वातावरण सिर्जना हुन बल पुग्दछ। तर, यस सन्दर्भमा बुझ्नुपर्ने कुरा के हो भने राजनीतिक सत्ता परिवर्तनमा सैनिक "कु" नभइ जनआन्दोलन आदि भएको अवस्थामा जहाँ असङ्ख्य मानिसहरू विभिन्न कारणबाट द्वन्द्वमा सहभागी हुन्छन्, त्यस्तो अवस्थामा मानवअधिकार उल्लङ्घनको विषय राजनीतिक विषय बनी छानबिन आदिका लागि कठिन बन्न पुगेको अनेकौं दृष्टान्त पाइन्छ। त्यसमा अझ विविध खालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक दाउपेचले त्यस्ता घटनाहरूको छानबिन तथा कारबाहीलाई या त असम्भव बनाउँदछ वा त्यस्ता घटनाहरू सामान्य अपराधसरह बनाई बृहत् शान्तिप्रक्रिया भाँडिन सक्ने अवस्थामा पनि पुग्न सक्दछ। यी दुवै अतिवादबाट बाहिर निस्केर यस्ता घटनाहरूको सम्बोधन गर्नु व्यवहारिक हुन्छ।

हाम्रो देशको सन्दर्भमा विशेषगरी २०५२ सालबाट तत्कालीन नेकपा माओवादीले राज्यको शासन सत्तालगायत विविध विषयहरूमा व्यापक परिवर्तनको लागि भनेर शुरु गरेको सशस्त्र विद्रोह (द्वन्द्व) र त्यसलाई सम्बोधन गर्ने नाममा सरकारी पक्षबाट भएको सोहीबमोजिमको कारबाहीबाट विगतमा असङ्ख्य रूपमा मानवअधिकारको गम्भीर उल्लङ्घन भएको तथ्याङ्क अभिलेखित भई सार्वजनिक भएको अवस्था छ।

**विगतका छानबिन आयोगहरू**

नेपालमा मानवअधिकार उल्लङ्घनको गम्भीर घटनाहरू २०५२ सालबाट शुरू भएको सशस्त्र द्वन्द्व भन्दा अघि पनि थुप्रै पटक भएका छन्। २००७ सालताका पनि तत्कालीन नेपाली काङ्ग्रेसले राणा शासनको विरूद्धमा सशस्त्र सङ्घर्ष नै गरेको थियो, जसमा असङ्ख्य व्यक्तिहरूको हत्यासहित कयौं अधिकारहरूको उल्लङ्घन भएको प्रमाणहरू भेटिन्छन्। त्यसैगरी तत्कालीन पञ्चायती व्यवस्थाको विरूद्ध पनि २०२८ सालताका पूर्वी नेपालमा तत्कालीन नेकपा मालेले हतियार उठाएर

विद्रोह गरेको थियो जसलाई आज सम्म पनि झापा आन्दोलनका नामले बुझिन्छ। त्यसताका मारिएकाहरूको बारेमा आजसम्म स्मरणहरू सुन्न तथा पढ्न पाइन्छ। तर, उल्लेखित घटनाहरूको सर्न्दभमा सङ्क्रमणकालीन न्याय वा अन्य त्यस्तै कुनै संयन्त्रबाट सम्बोधन गरिएको पाइएन। तर, पछिल्लो पटक २०४६ सालमा प्रजातन्त्र पुर्नस्थापनाको लागि भएको जनआन्दोलनमा पञ्चायती शासकबाट भएको दमनमा भएका मानवअधिकारका उल्लङ्घन तथा शक्तिको दुरूपयोग आदिको सर्न्दभमा अनुसन्धान गर्न जनार्दन मल्लिकको अध्यक्षतामा आयोग गठन गरी अनुसन्धान भए पनि त्यसको आधारमा कसैलाई कारबाही भएको तथा पीडित भएकालाई कुनै हानिपूरण आदिको व्यवस्था भएको थिएन, अझ त्यो प्रतिवेदनलाई हालसम्म पनि सार्वजनिक नगरी गोप्य नै राखिएको छ।

माथि उल्लेखित घटनाहरूमा मानवअधिकार उल्लङ्घनका दोषी राज्यपक्ष तथा आन्दोलनकारीहरू कसैलाई पनि हालसम्म कुनै प्रकारबाट जिम्मेवार बनाई कारबाही भएको छैन भने अर्कोतिर त्यस्ता घटनाबाट पीडित भएका व्यक्तिहरूको पीडालाई सम्बोधन गर्ने प्रकारबाट कुनै राहतको कार्यक्रम आजसम्म पनि गरिएको छैन। तर, २०६२-०६३ को १९ दिने जनआन्दोलनको विषयमा भने सत्य जाँचबुझ गरी सरकारलाई सिफारिश गर्न गठित रायमाझी आयोग र त्यसपछि मधेशमा भएको आन्दोलनमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गर्न गठित आयोगहरूले छानबिनपश्चात् प्रतिवेदन सरकारलाई बुझाए पनि त्यसको कार्यन्वयनमा हालसम्म कुनै प्रगति भएको पाइएको छैन। तर यी दुवै आयोगहरूले पीडितलाई भने केही राहत कार्यक्रमको सिफारिसहरू गरेको पाइन्छ। तर, दोषीहरूको सम्बन्धमा प्रतिवेदन पनि धेरै स्पष्ट भएको पाइएन। यसभन्दा अगाडि पञ्चायती व्यवस्थामा भएका घटनाहरूको छानबिन गर्न गठन भएको मल्लिक आयोग पनि त्यसै निष्प्रभावी भएको उदाहरण ताजै छ। त्यसैगरी अन्य कयौं पटक फुटकर घटनाहरूलाई सम्बोधन गर्न केही हप्ता वा महिनाको लागि गठन गरिएका आयोग तथा समितिहरू समेतको प्रभावकारिकताको केही लेखाजोखा छैन।

**वर्तमान अवस्थामा परिकल्पना गरिएका संयन्त्र**

यस लेखमा २०५२ सालदेखि २०६३ सालसम्म तत्कालीन माओवादी विद्रोही तथा राज्यद्वारा भए गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई कसरी सम्बोधन गरिनुपर्छ भन्ने सम्बन्धमा मात्रै छलफल गर्न खोजिएको छ। द्वन्द्वत्तोर अवस्थामा विगतका पीडादायी घटनाहरूलाई सदाका निम्ति अन्त्य गरेर विधिको शासन र मानवअधिकारको पुन: :स्थापना गर्ने एवं पीडितहरूलाई उचित हानीपूरणको व्यवस्था गरी न्याय व्यवस्थालाई कसरी सुदृढ गर्ने भन्ने कुरा कुनै पनि मुलुकको आन्तरिक मात्रै होइन, आजको युगमा अर्न्तराष्ट्रिय चासोको विषय पनि हो। यसर्थ विगतको मानवअधिकार उल्लङ्घनको घटनाहरूलाई कसरी सम्बोधन गर्ने तथा द्वन्द्वपश्चात्को नवीनतम समाजमा विगतमा भएको एकता र मेलमिलापलाई कसरी पुर्नस्थापना गरी शान्तिलाई दिगो र सुनिश्चित गराउने भन्ने कुरा सबैको चासो र चिन्ताको विषय हुन्छ।

विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई दुई चरणमा सम्बोधन गर्ने प्रचलन संसारमा रहेको पाइन्छ। प्रथमत: यस्ता घटनाहरूलाई तत्कालै सम्बोधन गरियो भने यसलाई सङ्क्रमणकालीन न्यायको तौरतरिकाबाट हेरिन्छ भने अर्कोतिर विभिन्न कारणवस सङ्क्रमणकालमा सम्बोधन गर्न सकिएन भने स्थायी आयोग वा विशेष न्यायिक निकायको स्थापना गरी सम्बोधन गर्ने गरिन्छ। तर, यसमा सबै देशमा एकै प्रकारबाट छानबिन संयन्त्रहरू निर्माण हुन्छन् भन्ने छैन, खासमा कुनै पनि देशमा विवाद समाधान गर्ने मौलिक प्रचलनहरूले पनि यस्ता विषयमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्। हाम्रो सर्न्दभमा दुवै प्रक्रिया अपनाउन खोजिएको देखिन्छ। विगतको दशबर्से द्वन्द्वमा भएका मानव अधिकार उल्लङ्घनलाई सम्बोधन गर्नका लागि २०६३ सालमा द्वन्द्वरत पक्षहरू बीचमा भएको विस्तृत शान्ति सम्झौता, वर्तमान अन्तरिम संविधान, यस सम्बन्धमा विकसित अर्न्तराष्ट्रिय दस्ताबेजहरू तथा स्थापित भएका मूल्य मान्यताको आधारमा सम्बोधन गरिनु पर्छ।

बेपत्ता पारिएकाहरूको अवस्था पत्ता लगाउने आयोग र सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाम आयोगको गठन गर्ने कुरालाई राज्यको दायित्वअन्तर्गत वर्तमान संविधानमा स्पष्ट उल्लेख गरिएको छ। यस बाहेक यी प्रावधानलाई बृहत् शान्ति सम्झौता तथा तत्कालीन आन्दोलनकारी सात राजनीतिक दल र नेकपा माओवादीका बीचमा भएका विभिन्न सम्झौताहरूमा समेत उल्लेख गरिएको छ। यिनै प्रावधानहरूलाई आधार मानी बेपत्ता भएकाहरूको अवस्था पत्ता लगाउने र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने उद्देश्यले वर्तमान संसद्मा अलग अलग विधेयक पेश भई विचाराधीन अवस्थामा रहेको छ।

यसबाट के देखिन्छ भने विगतमा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्ने संयन्त्रहरूका सम्बन्धमा हाम्रो देशमा स्पष्ट खाका र प्रक्रिया सुनिश्चित भएको छ। यस अवस्थाको विश्लेषण गर्दा हामीले सङ्क्रमण अवस्थामा नै विगतका मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूलाई सम्बोधन गर्ने कार्यनीति अँगालेको देखिन्छ।

**सङ्क्रमणकालीन न्याय र प्रयोग**

सङ्क्रमणकालीन न्यायका केही निश्चित उद्देश्यहरू हुन्छन् -जस्तो मानवअधिकार दुरूपयोग तथा उल्लङ्घनका घटनाहरूको रोकथाम गर्नु, विगतमा भएका अपराधहरूको अनुसन्धान गर्नु, मानवअधिकार उल्लङ्घनकर्ताहरूको पहिचान गर्नु तथा जिम्मेवार बनाउनु, पीडितहरूलाई उचित हानीपूरण तथा क्षतिपूर्ति उपलब्ध गराउनु र भविष्यमा यस्ता अपराध तथा उल्लङ्घन घटनाहरू

नदोहऱ्याने सुनिश्चित गर्नु आदि मुख्य छन्। योभन्दा महत्वपूर्ण कुरा के हो भने सङ्क्रमणकालमा धेरै विषयहरू तरल अवस्थामा रहेका हुन्छन्, त्यस अवधिमा महत्वपूर्ण कुरा शान्तिको स्थायित्व र क्षतविक्षत भएको समाजिक, व्यक्तिगत तथा सामुदायिक मेलमिलापको वातावरणलाई सहज बनाई द्वन्द्वपूर्वको जस्तो अवस्थामा फर्काउनु हो। यसका लागि समाजमा बदला तथा प्रतिशोध हुने जस्ता कुनै पनि घटना हुन नदिई मेलमिलापलाई बढावा दिनुपर्ने हुन्छ। त्यसका लागि सङ्क्रमणकालीन न्यायका प्रचलित संयन्त्रहरूलाई आफ्नो देशको विशिष्टता तथा अर्न्तराष्ट्रिय मान्यता बमोजिम विकसित गरिनु पर्छ।

विषेशगरी आन्तरिक राजनीतिक द्वन्द्वहरूमा द्वन्द्वरत पक्षका हतियारधारी समूहहरू मात्रै होइन, अनेकौं पेशा तथा व्यवसायमा संलग्न भएका व्यक्तिहरूलगायत सर्वसाधारण जनताहरूको पनि ठूलो सङ्ख्या संलग्न भएको हुन्छ। त्यसले गर्दा द्वन्द्वपश्चात् सबैलाई छानबिनको दायरामा ल्याउन नसकिने मात्र हैन, असम्भव प्राय नै हुन्छ। प्राय: राजनीतिक परिवर्तनको उद्देश्यले उत्प्रेरित हतियारसहितको आन्दोलन नै भए पनि त्यसबाट प्राप्त भएका राजनीतिक उपलब्धिको उपयोग सबैलाई हुने भएकोले पनि विगतमा परिवर्तनको लागि आफ्नो ज्यान समेत सुम्पेर लागिपरेका व्यक्तिहरूलाई उनीहरूले खोजेको व्यवस्था आएपश्चात् विगतको कुरा कोट्याएर चर्को कानुनी कारबाही गर्ने कुरा त्यति व्यवहारिक नहुने धारणा पनि सार्वजनिक भइरहेको छ भने अर्कोतिर त्यस्तो कार्यले शान्तिको अवस्था समेत भाँडिन गई समाज पुन द्वन्द्वमा जान सक्दछ भन्ने आशङ्का उत्पन्न हुनु पनि अस्वभाविक होइन। यी अवस्थाहरूको राम्रो उदाहरणको रूपमा हामीले दक्षिण अफ्रिकामा भएको द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने तथा विगतको मानवअधिकार उल्लङ्घनको घटनाहरूलाई सम्बोधन गर्नको लागि स्थापित सत्य निरूपण तथा मेलमिलाप आयोगको कामकारबाही तथा त्यसको सफलतालाई स्मरण गर्न सक्दछौँ। ३० वर्ष भन्दा बढी समयको रङ्गभेदी तथा जातिभेदी शासनको सन् १९९१ मा अन्त्य भएपछि अफ्रिकी नेशनल काङ्ग्रेसका नेता नेलशन मण्डेला अफ्रिकाको राष्ट्रपति भएपछि त्यहाँ पनि रङ्गभेदी शासन सञ्चालन गरेका गोराहरू विरूद्धमा कानुनी कारबाही चलाउने कुरा भएको थियो। तर, यसै बीचमा अफ्रिकी नेशनल काङ्ग्रेसले सन १९९३ र १९९४ दुईपटक समग्र द्वन्द्वकालमा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनका घटनाहरूको बारेमा अनुसन्धान गरायो, जसमा काला जातिका मानिसहरू नै ८० प्रतिशत दोषी हुने अवस्था देखिएपछि अफ्रिकी नेशनल काङ्ग्रेसले औपचारिक न्यायालयबाट कानुनी कारबाहीको सट्टामा सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत विवाद समाधान गराउने निर्णयमा पुग्यो, जसले सीमित रूपमा केही व्यक्तिहरूलाई फौज्दारी दायित्वमा जिम्मेवार बनाए पनि असङ्ख्य दोषी मानिएकाहरूलाई औपचारिक न्यायिक निकायमा प्रवेश नगराई विगतको घटनामा माफी माग्न लगाई कारबाहीबाट मुक्त गराएको दृष्टान्त देख्न सकिन्छ। तर, पीडित पक्षहरूलाई हानिपूरणका विविध माध्यमबाट सम्बोधन गर्ने प्रयास चाहिँ गरिएको थियो।

### द्वन्द्वोत्तर अवस्थालाई सम्बोधन गर्ने प्रचलित संयन्त्रहरू

विगतमा भएका सशस्त्र द्वन्द्वमा मानवअधिकार तथा मानवीय कानुनको व्यापक उल्लङ्घन तथा त्यसको असर र प्रभावलाई सम्बोधन गर्न अपराधमुखी फौज्दारी कानुनको विकल्पको रूपमा सन् १९७० को दशक देखि सुरूवात भई हालसम्म चार दर्जन जति सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन भएको पाइन्छ। सशस्त्र द्वन्द्वमा समाहित भएका व्यक्तिहरू प्राय निजी स्वार्थ तथा चाखले अभिप्रेरित भएर समावेश भएको भन्दा पनि राज्य तथा समुदायको बृहत्तर हितको लागि समर्पित भएको भन्ने अवधारणाले गर्दा राज्यको औपचारिक अपराधसंहिताले नै त्यस्ता घटनाहरूको अन्य अपराधसरह अनुसन्धान तथा पुर्पक्ष गर्न सम्भव हुँदैन वा त्यो संरचना सक्षम नहुन पनि सक्छ। अर्को अर्थमा भन्ने हो भने राज्यका विद्यमान फौजदारी कानुनहरूको आधारमा अपराध घोषित गरिएका घटनाहरूको अनुसन्धान गर्न, अभियोजन गर्न तथा निर्णय गर्नको लागि सम्बन्धित निकायहरूको स्थापना गरिएको हुन्छ, तर त्यस्ता निकायहरूलाई विभिन्न कारणहरूबाट उठान भएका सशस्त्र द्वन्द्वका वृहत्तर पक्षको बारेमा अध्ययन अध्यापन नगराइएका कारण पनि त्यस्ता निकायहरू उल्लेखित कार्यहरू सम्पन्न गर्न सक्षम नमानिने प्रचलनको विकास हुँदै आएको हो। अर्कोतिर सङ्क्रमणकालीन न्यायको मुख्य उद्देश्यमध्ये पीडितहरूको पीडाबमोजिम हानीपूरण गराउनु पनि एक हो। जुन, परम्परागत रूपमा रहेको फौजदारी कानुनबाट सम्भव नहुने कारण पनि अलग्गै संयन्त्रको आवश्यकता महसुस गरिएको हो। फेरि द्वन्द्वको कारण तथा समाधान कानुनी भन्दा पनि राजनीतिक, सामाजिक, आर्थिक तथा ऐतिहासिक भेदभाव तथा शोषण आदि कारणबाट उदय भएका हुन्छन्, त्यसलाई सम्बोधन गर्न व्यापक राजनीतिक तथा अन्य समुदायका व्यक्तिहरूको सुझबुझबाट मात्र सम्भव हुन्छ। त्यस्ता द्वन्द्वबाट सिर्जित समस्याहरूको समाधान गर्न औपचारिक कानुनी बाटोबाट मात्रै समाधान गर्न नसकिने भएकोले त्यसको निकासको लागि विभिन्न नयाँ पद्धति तथा संयन्त्रहरूको विकास भएको छ, जसको बारेमा यहाँ सङ्क्षिप्त रूपमा छलफल गर्ने प्रयास गरिएको छ।

### १) पुर्पक्ष र अभियोजन प्रक्रिया

विद्यमान फौजदारी कानुनको उल्लङ्घन हुने कुनै पनि घटनामा अपराधको आधारमा दोषीलाई सजाय दिने सरल उपायको रूपमा यसलाई अवलम्बन गरिएको हो। अपराध जुनसुकै प्रकृतिको होस् दोषीलाई जवाफदेही बनाउनै पर्छ अनि मात्र पीडितलाई न्याय प्राप्त हुन्छ भन्ने मान्यता यसमा राखिएको हुन्छ। यस पद्धतिमा पीडितलाई न्यायको आभास दिलाउन र भविष्यमा यस्तो अपराध नदोहोरियोस् भन्ने देखाउन दोषीलाई सजाय दिनु नै एकमात्र उपाय मानिन्छ , जसले अपराध भएमा सजाय हुन्छ भने डर अरूलाई देखाउन र पीडितलाई आत्मसन्तुष्ट गराउन यो पद्धति अपनाइन्छ। कानुनको शासनप्रति सम्मान जगाउन, पीडितलाई बदलाको भावना आउन नदिन, उचित कानुनी प्रक्रियाको उच्चतम प्रयोग गर्न,

पीडितलाई न्यायप्रति आस्था जगाई सन्तुष्टि दिलाउन र पुन अपराधजन्य कार्य नहोस् भन्नाका खातिर यो विधिको वकालत गर्ने प्रचलन रही आएको छ। त्यसैगरी मानवअधिकार उल्लङ्घनका घटनाहरूको न्यूनीकरण गरी त्यसको प्रभावकारी रोकथाम गर्न र मानवअधिकार हननका घटनामा संलग्नहरूलाई जिम्मेवार बनाई पीडितहरूप्रति राज्यको सम्मान दर्शाउन पनि यस पद्धतिको अवलम्बन गरिन्छ। गम्भीर मानवअधिकार हननका कुनै पनि घटनाहरूलाई अन्य अपराधसरह सामान्य अदालतमा मुद्दा चलाई द्वन्द्वको बेलामा र अन्य समयका अपराधहरूमा जिम्मेवार व्यक्तिहरूलाई पनि फौजदारी उत्तरदायित्व नीति अनुरूप सम्भव सबै उपाय अपनाउन राज्य पछिपर्ने छैन भन्ने प्रतिबद्धता यस पद्धतिमा रहेको हुन्छ। पुर्पक्ष र अभियोजन प्रक्रियालाई सम्बोधन गर्न निम्नलिखित प्रक्रियाहरू अवलम्बन गरिएको पाइन्छ।

**क) स्थानीय अदालतमा मुद्दा दायर**

मुलुकको फौजदारी कानुनको आधारमा स्थानीय न्यायिक निकाय वा खास अदालत, विशेष अदालत, सैनिक अदालतजस्ता निकायहरू आदिको स्थापना गरी यस्ता घटनाहरूको सम्बोधनको प्रयास गरिन्छ। यसमा विद्यमान फौजदारी कानुनको आधारमा अनुसन्धान, अभियोजन तथा निर्णय प्रक्रियाहरूको अवलम्बन गरिएको हुन्छ। यस्तो पद्धतिमा अन्तर्राष्ट्रिय निकायको संलग्नता प्राय: सिधा हुँदैन तर यसको औपचारिक प्रक्रिया ढिलासुस्ती तथा अन्य मुद्दाहरूको चाप तथा देशीय राजनीतिको प्रभाव आदिले सबै अवस्थामा यसको प्रभावकारिता भएको पाइँदैन। यसको कमजोरी के छ भने यसले कानुनबमोजिम मात्र अपराधका घटनाहरूलाई हेर्दछ। वास्तवमा राजनीतिक वा अन्य उद्देश्यले प्रेरित घटनाहरू जसमा ठूलो जनसमुदाय पीडक वा पीडितको रूपमा समावेश हुन्छन्, त्यस्तोमा यो प्रक्रिया त्यति सफल भएको पाईंदैन। यसको माध्यमबाट द्वन्द्वकालका मानवअधिकार उल्लङ्घनका घटनाहरूको व्यापक अर्थमा छलफल हुन नसक्ने भएकोले यो पद्धतिबाट द्वन्द्वको घटनाहरूको निरूपण गर्न नसक्ने बताइन्छ। अर्कोतिर राजनीतिक उद्देश्यले भएका घटनाहरूलाई जति नै कडा कानुन र संयन्त्र स्थापना गरी नियन्त्रण गर्न खोजिए पनि त्यसको समाधान गर्न नसकेको कयौं दृष्टान्त संसारमा छन्। तर, राजनीतिक समझदारी कायम भएमा त्यसलाई बिना कानुनीप्रक्रिया पनि तत्काल समाधान गर्न सकिन्छ। यस्तो द्वन्द्वलाई निरूपण गर्न राजनीतिक सुझबुझ र मेलमिलाप नै प्रभावकारी माध्यम बनी समाजमा द्वन्द्व समाधान भई शान्ति स्थापना भएका अनैकौं उदाहरण छन्।

**ख) मिश्रित अदालतको स्थापना**

विगतका मानवअधिकारका घटनाहरूलाई सम्बोधन गर्न देशी र विदेशी विज्ञहरू मिलाई गठन गरिएको न्यायिक निकायलाई मिश्रित अदालत भनिन्छ। यस्ता निकायको स्थापनाको मुख्य कारणहरूमा राष्ट्रिय न्यायिक संयन्त्रहरूले द्वन्द्वकालका मानवअधिकारका घटनाहरूलाई समाधान गर्न विभिन्न कारणहरूबाट असम्भव हुने भयो भने यो प्रकिया अवलम्बन गरिएको पाइन्छ। हालमा पूर्वी टिमोर, कम्पुचिया आदि देशहरूमा यो प्रक्रियाको प्रयोग गरिएको छ। यसमा पनि राष्ट्रियस्तरमा कानुनहरू बनाई औपचारिक तवरबाट मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा कारबाहीको प्रक्रिया अवलम्बन गरिन्छ।

**ग) अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रयोग**

दण्डहीनताको अन्त्य गरी मानवअधिकारको रक्षा र मानवतासम्बन्धी कानुनको सर्वोपरितालाई सम्मान गर्दै विश्वमा शान्ति कायम राखी न्याय प्राप्तिको लागि न्यायका सर्वमान्य सिद्धान्त अनुकूल हुनेगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना रोम विधान अन्तर्गत भएको हो। यस विधानले आमजनसंहार, मानवता विरूद्धको अपराध तथा युद्धअपराधमा सजाय गर्ने क्षेत्राधिकार राख्दछ। यसको अनुमोदनपश्चात् मात्र यो लागू हुन्छ, तर संयुक्त राष्ट्रसङ्को सुरक्षापरिषद्ले सिफारिश गरेमा अनुमोदन नभए पनि कारबाही प्रक्रिया अघि बढाउन सक्छ। मुख्यगरी राज्यको घरेलु न्यायप्रक्रिया सक्षम नभएमा यसको प्रयोग हुन सक्छ। तर, स्मरणीय कुरा के हो भने स्थापनाको एक दशकसम्म पनि यो प्रभावकारी संयन्त्र भइसकेको छैन। अफ्रिकी महादेशका केही व्यक्तिहरूलाई पक्राउ पूर्जी जारी गर्नुबाहेक यसले उल्लेख्य केही गर्न सकेको छैन। यस अदालतले अफ्रिकी देश कङ्गोका विद्रोही नेता जोसेफ टोनीलाई जारी गरिएको पक्राउपत्रमा सरकार विद्रोहीबीचमा भएका शान्ति सम्झौताको एक शर्तको रूपमा त्यो पक्राउ आदेश फिर्ता हुने क्रममा भएकोले यस पद्धतिबाट पनि यदि मेलमिलाप हुन्छ भने यसभन्दा प्रभावकारी उपाय अरू छैन भन्ने सन्देश प्रवाह भएको छ वा यसको प्रभावकारितामा विवाद देखिएको पनि छ।

**२ सत्य निरूपण तथा मेलमिलाप आयोग**

विशेषगरी सशस्त्र द्वन्द्व तथा निरङ्कुश शासनकालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गरी सत्य तथ्य पत्ता लगाउने र आवश्यकताअनुसार कारबाहीको लागि सिफारिस गर्ने वा मेलमिलापको लागि पहल गर्ने गैरन्यायिक प्रकृतिको अनुसन्धनात्मक निकायको रूपमा यसको स्थापना भएको पाइन्छ। यस आयोगको कार्यबाट कुनै पनि द्वन्द्वग्रस्त समाजलाई बुझ्न तथा नयाँ दृष्टिकोणबाट त्यसको समाधानको प्रारम्भ गरिन्छ। यसको साथै यस आयोगले संस्थागत तथा नीतिगत सुधारहरूका लागि विशिष्ट सिफारिशहरू मार्फत भविष्यमा थप दुर्व्यवहार हुन नदिने समेत उद्देश्य राखेको हुन्छ। कामको सिलसिलामा यसले अनुसन्धान गर्दा, प्रमाण सङ्कलन, सार्वजनिक सुनवाइ, पीडित, पीडक तथा साक्षीहरूको बयान आदि लिएर आफनो प्रतिवेदन बनाउन सक्छ। यसलाई कुनै खास विषयभन्दा पनि कुनै निश्चित अवधिका घटनाहरूको अन्वेषणको लागि जिम्मेवारी तोकिएको हुन्छ। यसले प्रक्रियागत रूपमा भइरहेको अभियोजन कार्यलाई प्रतिस्थापना त गर्दैन तर, त्यसको लागि आवश्यक परिस्थितिको मुल्याङ्कन गरी सिफारिस समेत गर्दछ।

मूलत: यस प्रक्रियाबाट मेलमिलाप, सद्भाव तथा सामाजिक सह-अस्तित्वमा जोड दिइने हुँदा यसको माध्यमबाट द्वन्द्वोत्तर राष्ट्रमा दिगो शान्ति तथा मेलमिलापको बाटो

खुल्दछ। यसको वैधताको बारेमा हालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा कुनै प्रश्न उठ्ने गरेको छैन। मुद्दा चलाएर कसैलाई दोषी बनाउन व्यक्तिगत अपराधमा सहज हुन्छ तर, राजनीतिक अपराधमा जटिलता पैदा हुन्छ। त्यसैले, यसले मुद्दा चलाउने प्रक्रिया भन्दा मेलमिलापलाई बढी सिफारिश गर्दछ, जसलाई सामाजिक न्यायका हिसाबले पनि उत्तम मानिन्छ। पीडित र पीडक मिल्न चाहन्छन् भने मिल्न दिनुपर्छ र मेलमिलाप जस्तो स्थायी शान्ति केही होइन र त्यसले मात्र भविष्यमा घटनाहरू नदोहोरिन सक्छ भन्ने मान्यता राखिन्छ। यो पुर्नस्थापकीय न्यायको महत्वपूर्ण आधारशीला हो। यसले पीडितहरूलाई गौरव र हानिपूरणका विभिन्न प्रक्रियाबाट राहत उपलब्ध गराउँछ। सबभन्दा ठूलो कुरा त मनोविज्ञानमा परिवर्तन ल्याई स्थायी शान्तितर्फ मानिसहरूलाई आर्कषित गराउँछ।

यो प्रक्रियामा विगतमा भएका पीडाहरूको स्वीकारोक्तिद्वारा पीडक र पीडितले पारस्परिक सद्भावको आधारमा विभत्स इतिहासलाई बिर्सने कोसिस गरिन्छ। यसमा विचार र व्यवहारलाई सिर्जनात्मक सम्बन्धमा परिणत गर्दै दिगो शान्ति स्थापना गर्ने उद्देश्य लिइएको हुन्छ। सत्य पश्चात्को मेलमिलाप प्रक्रियामा न्याय, मान्यता र मुक्ति जस्ता तत्वहरू समावेश गरिएको हुन्छ। केही हदसम्म यो विधि आध्यात्मिकतासँग पनि जोडिएको विषय हो। त्यसैकारण दक्षिणअफ्रिका र पूर्वीटिमोरमा त्यँहाका पादरीहरूलाई यसको प्रमुखको रूपमा नियुक्ति गरिएको थियो। त्यसैगरी यो प्रक्रियामा सबै पीडितहरूलाई विगतका पीडाहरू बिर्सनका लागि उत्प्रेरित गर्दै बाँचेकोहरूको भविष्य कसरी निर्माण गर्न सकिन्छ भन्नेतर्फ ध्यान केन्द्रित गरिएको हुन्छ। विगतका घटनाले उत्पन्न गरेका घृणाहरूलाई परित्याग गरी मानिसहरूको असल सम्बन्ध पुर्नस्थापना गर्न यसमा पहल गरिएको हुन्छ।

**३ हानीपूरण तथा भरिपूरण प्रक्रिया**

विगतमा भएको मानवअधिकारको उल्लङ्घनमा सङ्क्रमणकालीन न्यायको विविध तरिकाबाट सम्बोधन गर्ने विधिमध्ये पीडितहरूलाई हानीपूरण गर्ने विधि आज लोकप्रिय बन्दै गएको छ। द्वन्द्वको अवस्थामा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निरूपण गर्ने जुनसुकै संयन्त्रको प्रयोग गरे पनि हानीकै परिपूरण सबै अवस्थामा आवश्यक मानिन्छ। पीडितलाई भएको हानीबमोजिम यथासक्य हानिपूरण गर्ने कुरामा प्राय सबै सहमत देखिने भएकोले यसलाई द्वन्द्व समाधानमा अपरिहार्य विधिको रूपमा लिइन्छ। यो पद्धतिलाई एउटा समष्टिगत विधिको रूपमा लिइन्छ, जसअर्न्तगत हानिपूरण, पुर्नस्थापना, सन्तुष्टि तथा युद्धको समाप्ति वा पुन: गल्ती नदोहोऱ्याउने आदि पर्दछन्। हानीपूरणको लक्ष्य कुनै कुरालाई पुरानै अवस्थामा फर्काउनु हो। यदि त्यसो नभएमा मात्र क्षतिपूर्ति भराइदिनु पर्दछ। तर सबै अवस्थामा क्षतिपूर्ति प्रदान गर्न नसकिने भएकोले यसबाट भत्किएको सामाजिक सद्भावलाई पुन:स्थापना गर्नु, एक आपसमा विश्वासको वातावरण सृजना गर्नु, समाजिक पुर्नसंरचना तथा मेलमिलापलाई बढावा दिने प्रक्रिया अवलम्बन गरिन्छ।

हानीपूरणको सम्बन्धमा मूलत: दुई प्रकारका जवाफदेहिताका तत्वहरू महत्वपूर्ण मानिन्छ। पहिलो राज्यद्वारा हुन गएको क्षति र पीडितको पीडालाई भरिपूरण गर्नु राज्यको पहिलो कर्तव्य हुन्छ। दोस्रोमा कुनै व्यक्ति वा संस्थाद्वारा हुन गएको पीडादायी कार्यका निम्ति यस्तो व्यक्ति वा संस्था नै जवाफदेही हुनुपर्ने देखिन्छ। राज्य त्यस्तो अवस्थामा मात्र हानीपूरणमा चासो देखाउँछ, जब कुनै व्यक्ति वा संस्था उत्तरदायित्व बहन गर्न मनासिब रूपले अनिच्छुक वा असक्षम रहेका देखिन्छन्, जहाँ वास्तविक अपराधी पत्ता लगाउन वा कारबाही गर्न सक्दैन। पीडितहरूको निम्ति यस्ता हानीपूरण कार्यक्रम प्रभावकारी एवं छरितो हुनुपर्दछ। यसमा प्रथमत: मेलमिलाप प्रक्रियामा जोड दिइएको हुन्छ। पीडितहरूको भावनाको कदर गर्नको लागि सम्भावित सबै वैधानिक उपायहरू अवलम्बन गरिएको हुन्छ। उदाहरणको लागि पीडकले पीडितसमक्ष तथा सार्वजनिक रूपमा विगतको कार्यप्रति क्षमायाचना गर्ने, पीडितहरूको स्मृति स्तम्भहरू निर्माण गर्ने, स्मरणसभाहरू आयोजना गर्ने, मृतकहरूलाई सहिद घोषणा गर्ने, बाँचेकाहरूलाई सम्मान गर्ने, पीडित परिवारहरूलाई स्वास्थ्य उपचार, शिक्षा तथा रोजगार उपलब्ध गराउन सकिन्छ। त्यसको साथै सम्पतिसम्बन्धी अधिकार गुमेको छ भने त्यसलाई फिर्ता गराउने वा क्षतिग्रस्त सम्पत्तिको मूल्याङ्कन गरी आर्थिक सहयोग उपलब्ध गराएर पनि न्याय प्रदान गर्न सकिन्छ।

**५) परीक्षण तथा छटनी गर्ने विधि**

द्वन्द्व व्यवस्थापनमा विशेष गरी पूर्वीयुरोपका तत्कालीन कम्युनिष्ट मुलुकहरूबाट प्रजातान्त्रिक मुलुकहरू रूपान्तरण भएपश्चाताप् पूर्वकम्युनिष्ट शासनकालका नेता तथा पदाधिकारीहरूलाई विगतको मानवअधिकार उल्लङ्घनका घटनाहरूमा जिम्मेवार बनाउँदा यो विधिबाट छानबिन आदि गरिएको थियो।

विगतको समयमा तथा जनतालाई शासन सत्तामा रहेका बेलामा चरम यातना दिने पदाधिकारीहरूलाई परीक्षण गरी पदबाट बर्खास्त गर्ने प्रक्रियाको अवलम्बन गर्ने गरिएको छ। यसमा केही निश्चित पदाधिकारीहरूलाई सार्वजनिक पदमा बहाल रहिरहन नदिई पदबाट बर्खास्त, अनिवार्य अवकास वा भविष्यमा कुनै पदमा अयोग्य हुने लगायतका आधार खडा गरी हटाइन्छ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने २०६२-०६३ को जनआन्दोलन दबाएको नाममा तत्कालीन मुख्यसचिव, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखहरूलाई बर्खास्त गरिएको थियो। परिवर्तित राजनीतिक परिस्थितिमा पनि हिजोका दमन गर्ने व्यक्तिहरू विभिन्न पदमा बसिरहेकोमा परिवर्तनको सुनिश्चितमा बाधक हुन सक्ने र पविर्तनकामीहरूमा असन्तुष्टि हुने भन्ने अवधारणाबाट यो प्रक्रियाको अवलम्बन गरिएको देखिन्छ। अर्कोतिर सुधारमा पुराना अधिकारीहरूको असहयोग समेत हुनसक्ने आदि विविध कारणहरूवाट यस्ता प्रक्रियाहरू अपनाइएको हुन्छ।

**६) नेपालको सन्दर्भमा विगतका घटनाहरूको सम्बोधन प्रक्रियाका संयन्त्र**

नेपालमा विगतको मानवअधिकार

उल्लङ्घनका गम्भीर घटनाहरूको यथोचित सम्बोधन गरी तत्कालीन अवस्थाका द्वन्द्वरत पक्षहरूको बीचमा भएको एक दशक लामो सशस्त्र द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्न विविध प्रावधानहरूसहित सात दल र नेकपा माओवादीबीचको १२ बुँदे सहमति, सरकार र माओवादीबीच २५ बुँदे युद्धविराम आचारसंहिता, सात दल र माओवादीबीचको ८ बुँदे सहमति, सातदल र माओवादीका शीर्ष नेताहरूबीचको बैठकका निर्णयहरू र सरकार र माओवादीबीचको विस्तृत शान्ति सम्झौतालाई नै मुख्य आधार मानिएको छ। शान्ति सम्झौताले द्वन्द्वकालका मानवअधिकार तथा मानवीय कानुन उल्लङ्घनका घटनाहरूलाई वर्तमान फौजदारी कानुन र अदालतबाट निरूपण गर्ने कुराको परिकल्पना गरेको छैन। शान्ति सम्झौताले विगतका घटनाहरूको सम्बोधनको लागि दुईओटा प्रक्रियाहरूको उल्लेख गरेको छ। प्रथमत द्वन्द्वकालमा भएका मानवअधिकारको उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न अलग्गै संयन्त्र बनाउने कुरा छ भने अर्कोतिर त्यस्ता संयन्त्रहरूबाट शान्ति, मेलमिलाप र पीडितलाई हानिपूरणको व्यवस्था गरिने कुरा उल्लेख छ।

नेपालमा २०६३ सालमा भएको शान्ति सम्झौतालाई नै द्वन्द्व रूपान्तरणको एउटा जबरजस्त आधारको दस्तावेजको रूपमा सबैले स्वीकार गरेका छन्। त्यसैले द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पनि सोही बमोजिम नै सम्बोधन गरिनुपर्छ। शान्ति सम्झौताले द्वन्द्वका असरहरूलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत र पुर्नस्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनस्थापना आयोगबाट सम्बोधन गरिने कुराहरू उल्लेख गरेको छ। त्यसैगरी द्वन्द्वको अवस्थामा भएका मानवअधिकार तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गरी समाजमा मेलमिलापको बातावरण निर्माण गर्न, सहमतिबाट सत्य निरूपण तथा मेलमिलाप आयोग बनाई सोही अनुरूप गर्ने विषयमा समेत सर्वपक्षीय समर्थन भएको अवस्थाको विद्यमानता छ।

अर्कोतिर द्वन्द्वको अवस्थामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न सर्वोच्च अदालतले विभिन्न मितिमा परेका रिटहरूको सम्बन्धमा फैसला गर्दै बृहत् शान्ति सम्झौताको भावनालाई नै जोड दिएको छ। २०६३ सालमा जगदीश थापा विरूद्ध नेपाल सरकारको मुद्दामा अदालतले निर्दोष नागरिकहरूको हत्याको सम्बन्धमा पीडितपक्षीय दृष्टिकोणबाट उचित क्षतिपूर्तिको व्यवस्था गरी घटनाहरूको निष्पक्ष अनुसन्धान, तहकिकात, र प्रभावकारी उपचारको लागि सल्लाह सुझाव दिन अलग निकायको व्यवस्था गर्न सरकारलाई आदेश दिएको छ। अदालतले प्रचलनमा रहेको फौजदारी कानूनको पालनबाट मात्र त्यस्ता घटनाहरूको सम्बोधन नहुने कुरा स्पष्ट गरेको छ।

त्यस्तै अर्को एक मुद्दामा मानवअधिकारकर्मी वीरेन्द्र थपालियाद्वारा दायर गरिएको २०६५ को रिटमा द्वन्द्वकालमा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गर्ने तथा पीडितलाई सम्बोधन गर्नको लागि अलग्गै विस्तृत कानून निर्माण गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको छ, यसबाट पनि द्वन्द्वको अवधिमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू हाल चलनचल्तीमा रहेको फौजदारी कानुनले सम्बोधन नहुने कुरा अदालतले स्पष्ट गरेको छ।

यसबाट के देखिन्छ भने वर्तमान फौजदारी कानुनअनुसार कसैलाई सजाय गर्न सकिएला तर त्यसबाट पीडित भएका व्यक्ति तथा परिवारलाई हानिपूरणको कुनै व्यवस्था गर्न सकिँदैन। अर्कोतिर द्वन्द्वका घटनाहरू राजनीतिक उद्देश्यले अभिप्रेरित भएको, केही अपवादबाहेक राज्य तथा विद्रोही दुवै पक्षबाट निश्चित उद्देश्य तथा आदेशबाट भएको, द्वन्द्वका असङ्ख्य कारणहरू भएको, राज्यमा बृहत् परिवर्तनको साझा उद्देश्य बोकेका विद्रोही तथा तत्कालीन कानुन व्यवस्था बहाल राख्न राजनीतिक तहबाट निर्णय भई परिचालन भएका सुरक्षानिकायहरू जुन समयमा दुवैले आ-आफना ठाउँमा उचित गरेको तर्क गर्न सक्ने आदि कारणहरूबाट यसलाई विशुद्ध कानूनी आँखाबाट मात्र हेर्नु

**विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरुलाई दुई चरणमा सम्बोधन गर्ने प्रचलन संसारमा रहेको पाइन्छ। प्रथमतः यस्ता घटनाहरुलाई तत्कालै सम्बोधन गरियो भने यसलाई सङ्क्रमणकालीन न्यायको तौरतरिकाबाट हेरिन्छ भने अर्कोतिर विभिन्न कारणवस सङ्क्रमणकालमा सम्बोधन गर्न सकिएन भने स्थायी आयोग वा विशेष न्यायिक निकायको स्थापना गरी सम्बोधन गर्ने गरिन्छ। तर, यसमा सबै देशमा एकै प्रकारबाट छानबिन संयन्त्रहरू निर्माण हुन्छन् भन्ने छैन, खासमा कुनै पनि देशमा विवाद समाधान गर्ने मौलिक प्रचलनहरूले पनि यस्ता विषयमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्।**

हुदैन भन्ने अदालतको समेत व्याख्या र शान्ति सम्झौताको उद्देश्य रहेको बुझ्न सकिन्छ।

अर्कोतिर शान्तिप्रक्रिया निष्कर्षमा पुगिनसकेको कारणले गर्दा पनि वर्तमानमा भएका सबै गतिविधिहरू साह्रै नै तरल छन्। यस्तो बेलामा शान्ति तथा स्थायित्वलाई महत्व दिई भाँडिएका आपसी सम्बन्धहरू, भत्किएका सामाजिक सम्बन्ध र सद्भावहरूलाई पुर्नस्थापन गरी तत्काल पीडितहरूको हानिपूरणको सुनिश्चितागरी मेलमिलापलाई जोड दिइनुपर्छ। विगतको द्वन्द्वलाई सर्वपक्षीय दृष्टिकोणबाट विश्लेषण गरी यस अवधिमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अलग कानुन र संयन्त्रबाट सम्बोधन गर्ने प्रक्रियाको सुनिश्चितताको लागि पहल गर्नुपर्छ। तत्काल नै अन्तरिम रूपमा नै भए पनि द्वन्द्व पीडितलाई हानिपूरण, राहत तथा पुर्नस्थापना जस्ताहरू कुरामा ध्यान दिइनु पर्छ।

तत्कालीन अवस्थामा द्वन्द्वरत पक्षहरूकाबीचमा भएका सम्झौताहरू विशेषगरी बृहत् शान्ति सम्झौताका उद्देश्यबमोजिम शान्ति र मेलमिलापको लागि आवश्यक कामहरू गरी शान्ति पुन: भङ्ग नहुने अवस्थाको सिर्जनामा जोड दिनुपर्छ। जहाँसम्म मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घन गर्ने व्यक्तिहरूलाई जिम्मेवार बनाउने कुरा छ त्यो त शान्ति सुढृढीकरणपश्चात् पनि गर्न सकिन्छ। यसबाट मात्र शान्ति र मेलमिलापको सुदृढीकरण भई स्थायित्व हुन सक्छ।

## सन्दर्भ सामग्रीहरू


१. मानवअधिकारसम्बन्धी स्रोत सामग्री , राष्ट्रिय न्यायिक प्रतिष्ठान, रामशाहपथ, काठमाडौं, २०६६
२. न्याय दर्शन दिगदर्शन, अदालत, न्यायधिश र न्याय, भाग १, विष्णु सुवैदी, २०६७
३. आयोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, (२०५७ देखि २०६७), प्रकाशक , राष्ढ्यि मानव अधिकार आयोग, नेपाल, २०६७
४. नेपालको अन्तरिम संविधान २०६३
५. सात दल र ने.क.पा. माओवादी वीचको १२ बुँदेसहमती ०६२
६. प्रतिनिधिसभामा प्रधानमन्त्रीद्वारा घोषणा २०६२
७. सरकार र माओवादीवीच २५ बुँदे युद्धविराम आचारसंहिता ०६३
८. सातदल र माओवादी वीचको ८ बुदे सहमती ०६३
९ सातदल र माओवादीका शीर्ष नेताहरू बीचको बैठकका निर्णयहरू २०६३
१०. सरकार र माओवादी बीचको विस्तृत शान्ति सम्झौता २०६३
११. सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयक (ऐन)
१२. बेपता (अपराध तथा सँजाय) विधेयक (ऐन)
१३. नागरिक राहत तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६
१४. आन्तरिक विस्थापनसम्बन्धी राष्ट्रिय नीति, २०६३
१५ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई प्रदान गरिने राहत प्रदान गर्ने निर्देशिका २०६५
१६ द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरूको पुनर्निर्माण र पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०६५
१७. मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८
१८. नागरिक तथा राजनीतिक अधिकार अनुबन्ध, १९६६
१९. जेनेभा महासन्धिहरू (४ वटा)
२०. यातना विरुद्धको महासन्धि १९८४
२१. मानवअधिकार तथा मानविय कानुनको व्यपक उलंघनका पिडितहरूको उपचार तथा क्षतिपूर्ति पाउन अधिकार सम्वन्धी सिद्धान्त र मार्ग निर्देशनहरू, २००६
२२. अपराध तथा शान्तिको दुरूपयोगमा पीडितहरूको सम्बन्धमा भएको आधारभूत सिद्धान्तहरूको घोषणा, १९८५
२३. द्वन्द्वत्तर न्यायमा शिकागो सिद्धान्तहरू, २००८
२४. मानवअधिकार सम्बन्धी भियना सम्मेलन र कार्ययोजना, १९९३
२५. सङ्क्रमणकालीन न्यायमा सर्वोच्च अदालतका फैसलाहरूको विश्लेषण, न्यायाधीश समाज, २०६८
26. International Journal of Transitional Justice Advance Access originally published online on January 31, 2009 International Journal of Post-Conflict Justice and Sustainable Peace, Tove Grete Lie, Helga Transitional Justice 2009 3(1):28-48;

# आत्मनिर्णयको अधिकार : भ्रम र वास्तविकता

**आत्मनिर्णयको अधिकार भनेको स्वतन्त्रतापूर्वक, बिनाहस्तक्षेप राष्ट्रले, समुदायले, नागरिकले आफ्नो बारेमा राजनीतिक स्थिति निर्धारण गर्ने, आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्न पाउने अधिकार हो। यसअन्तर्गत उपनिवेशमा रहेका राष्ट्रको मुक्तिको अधिकार, विवादित भूमिमा रहेका जनताले आफू कुन देशको नागरिक हुने भनी रोज्न पाउने अधिकार आदिवासीको स्वायत्तताको अधिकार पर्दछन्।**



**टिकाध्वज खड्का**
एल.एल.एम., अन्तर्राष्ट्रिय कानुन

**पृष्ठभूमि**

आत्मनिर्णयको अधिकार भनेको के हो ? भन्ने जिज्ञासा अहिले सबैतिर उठेको छ। खासगरी नेकपा माओवादीले प्रस्ताव गरेको जातीयताको आधारमा आत्मनिर्णयको अधिकारसहितको सङ्घीय राज्य व्यवस्थाको अवधारणा अन्तर्गत आत्मनिर्णयको अधिकार भनेको जातका आधारमा राज्यबाट छुट्टिन पाउने अधिकार हो भन्ने तर्कले आत्मनिर्णयको अधिकारसम्बन्धी बहसलाई अझ व्यापक बनाएको छ।

विभिन्न जाति/जनजातिहरू पनि यतिखेर आत्मनिर्णयको अधिकारको माग गरिरहेका छन्। तर, उनीहरूमा पनि आत्मनिर्णयको अधिकारबारे बुझाइमा एकरूपता र स्पष्टता पाइँदैन। कोही आत्मनिर्णयको अधिकार भनेको राज्यबाट अलग हुने अधिकार भन्दछन्। कोही विद्रोहको अधिकार। यस्तै आत्मनिर्णयको अधिकार भनेको के हो ? भन्ने अलावा यो अधिकार व्यक्तिको अधिकार हो कि ? जातीय समुदाय वा आदिवासीको अधिकार हो वा राष्ट्रको अधिकार हो भन्ने विषयमा पनि स्पष्टता पाइँदैन। अत: आत्मनिर्णयको अधिकारबारे अवधारणागत स्पष्टता आजको आवश्यकता भएको छ।

**आत्मनिर्णयको अधिकार के हो ?**

हुनत: आत्मनिर्णयको अधिकारको सम्बन्धमा कुनै पनि अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूमा स्पष्ट परिभाषा पाइँदैन र यसअन्तर्गत कस्ता-कस्ता अधिकारहरू पर्दछन् भन्ने कुरा पनि स्पष्ट छैन। यसले गर्दा पनि आत्मनिर्णयको अधिकारको बुझाइमा अवधारणागत अस्पष्टता र विवाद हुनु स्वभाविक नै छ। अत: आत्मनिर्णयको अधिकार भनेको के हो ? भन्ने बुझ्नको लागि यसको प्रयोग कुन कुन अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूमा कसरी भएको छ भन्ने आधार र यसको चरित्रको आधारमा आत्म-निर्णयको अधिकार के हो र कसको अधिकार हो भनी बुझ्नु पर्ने हुन्छ।

सन् १९१३ मा समाजवादी खेमाबाट भ्लादिमिर लेनिनले राजनीतिक निर्णयको अधिकारको रूपमा उत्पीडक राष्ट्रबाट उत्पीडित राष्ट्रले छुट्टिन पाउने र स्वतन्त्र रूपमा आफ्नो कानुन बनाउन पाउने राष्ट्रको अधिकारको रूपमा आत्मनिर्णयको अधिकारको उल्लेख गरेको पाइन्छ भने उनले जातिहरूको आत्मनिर्णयको अधिकारका रूपमा उत्पीडक राष्ट्रबाट जातिहरूलाई आत्मनिर्णयको अधिकारको रूपमा राजनीतिक स्वाधीनताको अधिकार प्राप्त गर्न सक्ने कुरा उनले प्रष्ट रूपमा आफ्नो सङ्कलित रचना भाग- १ मा उल्लेख गरेका छन्। उनले जातिको आत्मनिर्णयको अधिकार भनेको केवल राजनीतिक स्वाधीनताको लागि जातिहरूलाई मत सङ्ग्रहमा सहभागी हुनेसम्मको स्वतन्त्रताको उल्लेख गरेको पाइन्छ। यसलाई उनले राष्ट्रको विभाजन, विखण्डन एवं सानासाना राज्यहरूको स्थापनाको समतुल्य होइन भन्छन्।

यस्तै सन् १९१८ मा अमेरिकी राष्ट्रपति विड्रो विल्सनले आत्मनिर्णयको अधिकारलाई प्रदेशिक अक्षुणता एवं राज्यको अस्तित्व, स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारको रूपमा अघि सारेका थिए। कुनै पनि राज्यले कुनै पनि राज्यको भू-भाग कब्जा गर्न नहुने र कब्जा गरिएको भू-भाग फिर्ता गर्नुपर्ने एवं कब्जा गरिएको राज्यहरूलाई स्वतन्त्र एवं सार्वभौमसत्ता सम्पन्न राज्यको रूपमा राजनीतिक विकासको निर्णय गर्न पाउने अधिकार हुने कुरा उक्त अवधारणामा अघि सारेका थिए र उनको अनुसार आत्म-निर्णयको अधिकार भनेको कुनै पनि राष्ट्रले उपनिवेशबाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्रमाथिको हस्तक्षेप विरूद्धको अधिकार हो।

**अन्तर्राष्ट्रिय कानुनमा आत्मनिर्णयको अधिकार**

आत्मनिर्णयको अधिकारको बारेमा राष्ट्रसङ्घको कोभोनेन्टमा कुनै व्यवस्था भएको पाइँदैन। पहिलो पटक सन् १९३३ को मोण्टेभिडियो संविदाले स्थायी जनसङ्ख्या, निश्चित भू-भाग, सरकार र अरू राज्यसँग सम्बन्ध राख्न सक्ने क्षमता भएको राज्यले स्वतन्त्ररूपमा आर्थिक, राजनीतिक एवं अन्य क्रियाकलाप गर्न पाउनुलाई नै राज्यको आत्मनिर्णयको अधिकारको रूपमा बुझियो।

यसरी आत्मनिर्णयको अधिकार राज्यको अधिकारको रूपमा विकसित भएको पाइन्छ। यद्यपि संयुक्त राष्ट्रसघको वडापत्र

सन् १९४५ आउनुपूर्व आत्म-निर्णयको अधिकार अन्तर्राष्ट्रिय कानुनको अङ्ग भने थिएन।

आत्मनिर्णयको अधिकारलाई संयुक्त राष्ट्रसङ्घको वडापत्र १९४५ ले भने अन्तराष्ट्रिय कानुनको अभिन्न अङ्ग बनायो र वडापत्रको धारा-१, ५५ र ५६ मा यसबारे स्पष्ट व्यवस्था गऱ्यो। यसले आत्मनिर्णयको अधिकारलाई केवल राज्यको अधिकारको रूपमा मात्र नभइ जनता तथा नागरिकको, जीविकाको उच्चस्तर, पूरा रोजगारी एवं आर्थिक तथा सामाजिक प्रगति र विकास, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग र जाति, लिङ्ग भाषा वा धर्ममा भेदभाव नगरी सबैका निमित्त मानवअधिकार र मौलिक स्वतन्त्रताको लागि सम्मान र पालनाको बारे उल्लेख गऱ्यो। आत्मनिर्णयको सिद्धान्तमा आधारित भई राष्ट्रहरू बीच शान्ति र मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्ने कुरा पनि उल्लेख गऱ्यो।

यस्तै संयुक्त राष्ट्रसङ्घले नै सन् १९६० मा उपनिवेशको अधीनमा रहेका जनताको मुक्तिको घोषणा अन्तर्गत महासभाले कुनै सर्तबिना उपनिवेश तथा अन्यद्वारा शासित क्षेत्रका जनताहरूलाई आत्मनिर्णयको अधिकारका लागि सम्पूर्ण शक्ति हस्तान्तरण गर्नका लागि तत्काल कदम चाल्ने उल्लेख गऱ्यो।

यस्तै सन् १९७० को संयुक्त राष्ट्रसङ्घको मैत्रीपूर्ण सम्बन्ध सम्बन्धी घोषणामा राज्यहरू बीच मैत्रीपूर्ण सम्बन्धसम्बन्धी सातवटा सिद्धान्तको घोषणा गरेको थियो जसमध्ये एउटा आत्मनिर्णयको अधिकारसँग सम्बन्धित थियो। यसमा जनताले स्वतन्त्रतापूर्वक बाह्य हस्तक्षेपबिना आफ्नो राजनीतिक स्तर र आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्न पाउने कुरा उल्लेख गरियो।

यस्तै संयुक्त राष्ट्रसङ्घको आदिवासी जनताको अधिकारसम्बन्धी घोषणा १९९३ मा आदिवासीहरूको आत्म-निर्णयको अधिकार हुने र उनीहरूले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक स्तर निर्धारण गर्ने तथा आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्ने उल्लेख भयो। यसकै धारा-३१ अनुसार आदिवासीको जीवनका विविध पक्ष र संस्कृति, धर्म, सूचना, सञ्चार, स्वास्थ्य, आवास, रोजगारी, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, भूमि, स्रोत व्यवस्थापन तथा वातावरण लगायत स्वायत्त क्रियाकलाप गर्न पाउने र आदिवासीको स्वशासन र स्वायत्तताको अधिकारको बारेमा समेत उल्लेख गऱ्यो। यसलाई अझ विस्तृत रूपमा आदिवासी जनताको अधिकारसम्बन्धी घोषणा २००७ को धारा ३ मा पनि व्यवस्था गरियो।

**मानवअधिकार सन्धिहरू** – विशेषगरी संयुक्त राष्ट्रसङ्घको वडापत्र र मानवअधिकारको विश्वव्यापी घोषणामा रहेका मानवअधिकारसम्बन्धी मापदण्डहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिका रूपमा जारी गरिएको नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्र सङ्घीय अनुबन्ध १९६६ को साझा धारा-१ मा सबै जनताहरूको आत्मनिर्णयको अधिकार छ। त्यही अधिकारको आधारमा उनीहरूले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक स्थिति निर्धारण गर्दछन् र आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्दछन् भनी उल्लेख गरिएको पाइन्छ।

सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणामा आत्मनिर्णयको अधिकार भन्ने शब्दावली उल्लेख नभए पनि जनताको राजनीतिक स्थितिको निर्धारण, स्वतन्त्रता र समानतासँग सम्बन्धीत आत्मनिर्णयको अधिकारसँग सम्बन्धित व्यवस्था थियो।

### आत्मनिर्णयको अधिकार कसको अधिकार हो ?

आत्मनिर्णयको अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घको वडापत्रको प्रावधानहरू महासभाका प्रस्ताव तथा घोषणाहरू तथा मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिको प्रावधानहरूको अध्ययन विश्लेषण गर्दा आत्मनिर्णयको अधिकारलाई निम्नानुसारको अधिकारको रूपमा बुझ्नुपर्ने हुन्छ।

(१) **औपनिवेशिक राष्ट्रको आत्मनिर्णयको अधिकार :–** यो अधिकारअर्न्तगत कुनै देशको उपनिवेशमा रहन बाध्य राष्ट्रहरू आत्मनिर्णयको अधिकारअर्न्तगत औपनिवेशिक अवस्थाबाट मुक्त हुन पाउने अधिकारलाई आत्मनिर्णयको अधिकारको रूपमा बुझ्न सकिन्छ। उदाहरणको लागि संयुक्त राष्ट्रसङ्घको जिम्मा जमानी परिषद्द्वारा मुक्त गरिएका नामिबिया, सेनेगल, पूर्वीटिमोर, सिङ्गापुर, युगोस्लाभिया, पोल्यान्ड, लिथूवानिया आदि देशहरू।

(२) **राष्ट्रको आत्मनिर्णयको अधिकार :–** मोण्टेभिडियो सन्धिले तोकेको पूर्वाधार भएको सार्वभौम राष्ट्रले कसैको हस्तक्षेप बिना स्वतन्त्ररूपमा आफ्नो राजनीतिक स्थिति निर्धारण गर्ने र आर्थिक, सामाजिक तथा राजनीतिक विकासको अनुसरण गर्न पाउने कुरा र राष्ट्रिय अखण्डता र सार्वभौमसत्तासँग यो अधिकार सम्बन्धित छ।

(३) **विवादास्पद भूमिका बासिन्दाको अधिकारको रूपमा आत्मनिर्णयको अधिकार :–** दुई देशको बीचमा पर्ने सीमानामा रहेका विवादित भूमिमा बसोबास गर्ने बासिन्दाले आत्मनिर्णयको अधिकारअर्न्तगत आफूहरू जुन देशको बासिन्दा हुन इच्छा राख्दछन्, त्यसै देशको नागरिक र उक्त भूमि त्यस देशको क्षेत्र हुने र विवादको निपटारा गर्न पनि यो सिद्धान्त प्रयोग गरेको पाइन्छ। उदाहरणको रूपमा स्पेन र बेलायतद्वारा आआफ्नो भूमिको रूपमा दावी गरिएको विवादित जिब्राल्टार सन् १९६७ मा भएको जनमत सङ्ग्रहमा त्यहाँका बासिन्दाको मतअनुसार बेलायतको प्राप्त गरेको थियो। यस्तै पश्चिमी इरियन क्षेत्रमा नेदरल्याण्ड र इण्डोनेशियाको विवाद भएकोमा आत्मनिर्णयको अधिकारअर्न्तगत जनमत सङ्ग्रहमा त्यहाँ बसोबास गर्ने बासिन्दाद्वारा

मतअनुसार उक्त क्षेत्र इण्डोनेशियाले प्राप्त गरेको थियो। यस्तै काश्मिरको विवादलाई लिएर पाकिस्तानले सन् १९९० देखि जनमत सङ्ग्रहको माग गर्दै आएको छ।

(४) **जनजातिको तथा अल्पसङ्ख्यकको अधिकारको रूपमा आत्मनिर्णयको अधिकार :–** यसअन्तर्गत आफ्नै छुट्टै भाषा, संस्कृति र पहिचान भएका आदिवासी जनजातिहरूले सामूहिक रूपमा आफ्नो भाषा संस्कृति र पहिचानको संरक्षण, प्राकृतिक स्रोत साधन माथि समान पहुँच, स्वायत्तताको अधिकार समानता तथा राजनीतिक स्थितिको निर्धारण तथा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार पर्दछन्।

(६) **व्यक्तिको अधिकारको रूपमा आत्मनिर्णयको अधिकार :–**

संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रहरू मात्र रहेको अवस्थामा अर्थात देशहरू मात्र रहेको अवस्थामा प्रारम्भिक समयमा आत्मनिर्णयको अधिकार केवल राष्ट्रहरूलाई मात्र थियो। जसरी अन्तर्राष्ट्रिय कानुनको विषय हालसम्म आइपुग्दा विशिष्टीकृत संस्था हुँदै समुदाय र नागरिक समेत हुन थाले। त्यसैगरी आत्मनिर्णयको अधिकार पनि अन्तराष्ट्रिय सन्धिजनित कानुनमा प्रत्याभूत भएबमोजिम व्यक्तिको अधिकारको रूपमा समेत बुझ्नुपर्ने हुन्छ।

यसको मतलब प्रत्येक व्यक्तिलाई आत्मनिर्णयको अधिकारअन्तर्गत राज्यसँग सम्बन्धविच्छेद गरी व्यक्तिपिच्छे राज्य खडा गर्ने अधिकार पनि बुझिनुहुन्न। अन्यथा विश्वमा ६ अर्ब राज्यहरू निर्माण गर्नुपर्ने हुनसक्छ। अत: यसअन्तर्गत व्यक्तिका त्यस्ता अधिकारहरूलाई आत्मनिर्णयको अधिकारको रूपमा बुझ्नुपर्ने हुन्छ जुन अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले प्रत्याभूत गरेको हुन्छ र जुन व्यक्तिको राजनीति, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा समानता र स्वतन्त्रतासँग सम्बन्धित हुन्छ।

त्यस्तै व्यक्तिको व्यक्तिगत जीवनका विभिन्न क्षेत्रमा निर्णय लिने अधिकारको रूपमा, उम्मेदवार हुने र नहुने अधिकार, मतदान गर्ने र नगर्ने अधिकार, राष्ट्रिय सीमाना भित्र आफूलाई इच्छा लागेको र उपयुक्त ठाउँमा बस्ने वा नबस्ने अधिकार आफ्नो देश वा अरू कुनै देश छाड्ने वा फिर्ता आउने अधिकार, नागरिकता लिने वा त्याग्ने अधिकार धर्म मान्न पाउने वा परिवर्तन गर्ने अधिकार, विवाहको अधिकार, स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने वा नलिने अधिकार, पेशा र रोजगारको छनौटको अधिकारलगायत व्यक्तिसँग सम्बन्धित सम्पूर्ण अधिकारहरूलाई व्यक्तिका आत्मनिर्णयको अधिकार हुन्।

**के आत्मनिर्णयको अधिकार छुट्टिन पाउने वा देश टुक्र्याउने अधिकार हो ?**

सन् १९६७ मा नाइजेरियाको पूर्वी क्षेत्रमा वायफरा (Biafira) समुदायले आफू नाइजेरियाबाट स्वाधीन भएको घोषणा गरेको थियो र यसलाई तान्जानिया, आइभोरिकोष्ट, जाम्बिया र हाइटीले समर्थन समेत गरेका थिए। तर नाइजेरियाले मान्यता नदिएपछि तीन वर्षसम्म गृहयुद्ध चलेकोमा यसै विवादको निपटाराको सन्दर्भमा राष्ट्रसङ्घको बैठकको नि.नं. ६२२१ ले आत्म-निर्णयको अधिकारको सीमाको रूपमा

(१) एउटा देशको निश्चित भू-भागलाई टुक्र्याउन नपाइने र (२) छुट्टै राज्यको हैसियत प्राप्त गर्न एक स्वाधीन र स्वतन्त्र राज्यको रूपमा अन्य देशहरूसँग सम्बन्ध स्थापित गर्ने हैसियत हुनुपर्दछ भनी उल्लेख गरेको पाइन्छ।

यस्तै सन् १९२१ को आलण्ड आइल्याण्ड (Aaland Islands) मुद्दामा PCIJ (Permanent Court of international Justice) ले भाषा, धर्म, जातजाति, अल्पसङ्ख्यक वा अन्य कुनै पनि नाममा राज्यको भौगोलिक अक्षुणता र राजनीतिक एकतालाई टुक्र्याउन र विभाजन गर्ने गरी आत्मनिर्णयको अधिकारको प्रयोग गर्न नपाइने कुरा स्थापित गर्‍यो।

अत: आत्म-निर्णयको अधिकार भनेको स्वतन्त्रतापूर्वक, बिनाहस्तक्षेप राष्ट्रले, समुदायले, नागरिकले आफ्नो बारेमा राजनीतिक स्थिति निर्धारण गर्ने, आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अनुसरण गर्न पाउने अधिकार हो। यसअन्तर्गत उपनिवेशमा रहेका राष्ट्रको मुक्तिको अधिकार, विवादित भूमिमा रहेका जनताले आफू कुन देशको नागरिक हुने भनी रोज्न पाउने अधिकार आदिवासीको स्वायत्तताको अधिकार पर्दछन्। (यद्यपि आदिवासी कसलाई भन्ने र स्वायत्तताको सीमा कतिसम्म हुने भन्ने सबालको भने निरूपण गर्न जरूरी छ) तर, अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि देशको आन्तरिक राज्य क्षेत्रलाई टुक्र्याउने वा विभाजन गर्ने गरी आत्मनिर्णयको अधिकारको प्रयोग गर्न सकिँदैन।

नेपालको सन्दर्भमा उल्लेख गर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा २, ३, ४ मा उल्लेखित प्रावधानहरूलाई राष्ट्रको आत्मनिर्णयको अधिकारको रूपमा बुझ्नुपर्दछ। धारा-८ तथा मौलिक हक अन्तर्गतको धारा १२ देखि धारा-३२ सम्मका प्रावधानहरू अदिवासी जनजाति तथा व्यक्तिका आत्मनिर्णयका अधिकार हुन् ,जुन स्वतन्त्रता, समानता, भाषिक, धार्मिक, संस्कृति र राजनीतिक अधिकारसँग सम्बन्धित छन्।

**सन्दर्भ सामग्री**

D.H. Harris, Cases and Materials on International law, Lawman, India, New Delhi, 1995.

Das P.K. International law Documents, Universal law publishing Co.Pvt. Ltd. 2003.

Dr. Kapoor S.K. International law & Human Rights, Central law Agency, 2003..

Henkin Louis, The self, determination of peoples, Cambrige publicatron, New York, 1981.

Malcolm N. Shaw, International Law, Cambridge law price Editions, 1997.

Vijapur Abdulrahim, Essay on International Human Rrghts, South Asia Publication, New Delhi, 1991.

# अदालतको आदेश कार्यान्वयन र दण्डहीनता अन्त्यको सवाल

**अदालतले उपयुक्त देखेमा सार्वजनिक सरोकारका विवादहरूमा निर्देशनात्मक आदेश जारी गरी नागरिकका अधिकारहरू स्थापित गराउन भूमिका निर्वाह गर्न सक्दछ। राज्यका विभिन्न निकायहरूको निष्कृयताको कारण देखिन आएको रित्ततालाई पूर्ति गर्न अदालतले विभिन्न आदेश र घोषणाहरू जारी गरेर त्यस्तो रिक्तता पूर्ति गर्ने गर्दछ।**



विद्या चापागाई

**विषय प्रवेश**

मानवअधिकारको संरक्षण, सम्बर्द्धन र दण्डहीनता अन्त्य गरी कानुनी शासनको स्थापना गर्न अदालतको भूमिका महत्वपूर्ण हुन्छ। कुनै पनि राष्ट्रमा नागरिकहरूको अधिकार उल्लङ्घन भएको अवस्थामा उपचार प्राप्तिका लागि राज्यको अन्तिम निकाय र राष्ट्रिय संयन्त्रको रूपमा न्यायपालिका रहेको हुन्छ। अदालत विवादहरूको टुङ्गो लगाउने राज्यको निकाय मात्र नभई नागरिकहरूको मानवअधिकार, मौलिक हक, कानुनी अधिकारहरूको संरक्षण गर्दै पूर्ण न्याय प्रदान गर्ने निकाय पनि हो। मुलुकमा कानुनी राज्यको स्थापना र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन अदालतको भूमिका रहन्छ। तसर्थ मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा अदालतको भूमिका महत्वपूर्ण रहन्छ। अदालतको अभावमा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन हुन सक्दैन। मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि अदालत सदैव क्रियाशील हुनु आवश्यक छ।

अन्तिम फैसलाबाट ठहरबमोजिमको माग प्राप्त गर्नलाई सम्बन्धित निकाय वा व्यक्तिले आफ्नो राष्ट्रिय कानुनले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी गरिने कारबाही नै फैसलाको कार्यान्वयन हो। अपराधीलाई दण्ड सजाय दिलाई दण्डहीनताको अन्त्य गर्न, पीडित पक्षलाई उपचार प्रदान तथा हक प्रचलन गराई न्याय पाएको अनुभूति दिलाउन, कमजोर वर्गको न्यायमा पहुँच पुऱ्याउन, अदालत तथा न्यायप्रति जनआस्था बृद्धि गर्न, कानुनी राज्यको स्थापना इत्यादि, कानुन र फैसलालाई जीवन्तता प्रदान गरी न्यायलाई साकार बनाउन, समाजमा शान्ति र अमन चयन, कानुनी शासन कायम गर्न र अदालतप्रतिको जनआस्थामा अभिवृद्धि गराउन फैसलाको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ।

नागरिकहरूको हक अधिकार पुर्नस्थापना गर्न, समानता र सामाजिक सुधारका विषयमा अदालतले दिएका आदेशहरू बढी स्पष्ट र मार्गदर्शक भएता पनि यसको कार्यान्वयनको स्थिति ज्यादै कमजोर रहेको छ। आदेशको कार्यान्वयनका लागि सम्बन्धित सरकारी निकाय र अधिकारीहरूको सहयोग र समन्वय आवश्यक पर्दछ, यो उनीहरूको कर्तव्य पनि हो। नेपालको सर्वोच्च अदालतले अर्न्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित गम्भीर प्रकृतिका अपराधहरू र दण्डहीनताको सर्न्दभमा थुप्रै महत्वपूर्ण व्याख्या गरी त्यसको कार्यान्वयन गर्न सरकारका नाममा आदेश जारी गरेको छ। गैरन्यायिक हत्या, बलात्कार, यातना, बलपूर्वक बेपत्ता र बलपूर्वक विस्थापन लगायतका अन्तर्राष्ट्रिय अपराधका सर्न्दभमा अदालतमा निवेदन परी अदालतद्वारा सक्रियताका साथ उदाहरणीय फैसला दिई सरकारका नाममा निर्देशनात्मक आदेशहरू जारी भएका छन्।अदालतले आफूले दिएका आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी निकाय र अधिकारीलाई कार्यान्वयनको अनुगमन गर्न जिम्मेवारी तोक्ने, विशेषज्ञ समितिहरू गठन गर्ने र उनीहरूबाट प्रतिवेदन लिने रणनीति अपनाउन सक्छ। यसका साथै यस्ता आदेशहरू कार्यान्वयनका लागि सरकारी निकायलाई दबाब दिने काम सम्बन्धित क्षेत्रमा कार्यरत सामाजिक सङ्घ संस्था, सचेत नागरिक र सञ्चार जगतले समेत गर्न सक्छन्। अदालतबाट भएका यस्ता आदेशहरूको सरकारद्वारा कार्यान्वयन नहुनाले एकातिर पीडितले न्याय प्राप्त गर्न नसकेको अवस्था छ भने सरकारको बेवास्ताले दण्डहीनतालाई संस्थागत गरेको छ।

अदालतका आदेशहरुको कार्यान्वयन सम्बन्धमा समय समयमा अदालत स्वयं, व्यवस्थापिका संसद्, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग तथा संयुक्त राष्ट्रसङ्घलगायतका अर्न्तराष्ट्रिय निकायहरुलेपनि सरोकार व्यक्त गर्ने गरेका छन्। संयुक्त राष्ट्र सङ्घीय यातना विरुद्धको समिति, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी समिति, महिला विरुद्ध भेदभाव उन्मूलन सम्बन्धी समिति, जातीय विभेद विरुद्धको सम्बन्धी समिति, यातना सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिक्षक, बलपूर्वक बेपत्ता विरुद्ध संयुक्त राष्ट्र सङ्घीय कार्यदल तथा यसै वर्षको शुरुमा मानव अधिकार परिषद्द्वारा विश्वव्यापी आवधिक समीक्षा अर्न्तगत नेपालको मानवअधिकारको अवस्थाको समीक्षा गर्ने क्रममा अदालतहरूको आदेश कार्यान्वयन नगरिएको अवस्थामा कानुनको शासनको उपहास भई दण्डहीनताले प्रश्रय पाउने गम्भीर चासो उठाइ शिघ्र कार्यान्वयन गर्न सिफारिस गरिएको छ।

**अधिकार संरक्षणमा अदालतको भूमिका**

अदालतले न्याय गरेर मात्र हुँदैन, नागरिकले त्यसको अनुभूति गरेको पनि हुनुपर्दछ। न्यायको अनुभूति त्यतिबेला मात्र हुन्छ जब सार्थक रूपमा फैसला कार्यान्वयन हुन्छ। कार्यान्वयनबिनाको फैसला केवल अदालती घोषणामा मात्र सीमित हुने भएकाले वास्तविक अर्थमा न्याय प्राप्त गरेको आभास

हुनको लागि फैसला कार्यान्वयन शीघ्र र प्रभावकारी रूपमा हुनु आवश्यक छ। फैसलाले न्यायको घोषणा गर्दछ भने यसको कार्यान्वयनले मात्र पूर्णता प्राप्त गर्दछ र साँचो अर्थमा जनताले न्याय प्राप्त गरेको हुन जान्छ। अदालतले उपयुक्त देखेमा सार्वजनिक सरोकारका विवादहरूमा निर्देशनात्मक आदेश जारी गरी नागरिकका अधिकारहरू स्थापित गराउन भूमिका निर्वाह गर्न सक्दछ। राज्यका विभिन्न निकायहरूको निष्कृयताको कारण देखिन आएको रिक्ततालाई पूर्ति गर्न अदालतले विभिन्न आदेश र घोषणाहरू जारी गरेर त्यस्तो रिक्तता पूर्ति गर्ने गर्दछ।

विवादको शान्तिपूर्ण समाधान गर्नको लागि अदालत तथा न्यायिक निकायहरूमा प्रवेश गर्नुको एक मात्र उद्देश्य त्यस्ता निकायहरूबाट गरिएको फैसला प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुन्छ भन्ने विश्वास एवम् आस्था नै हो। अदालतको निर्णय कार्यान्वयन नहुने तथा अदालतको फैसला अनुशरण गरे पनि हुने, नगरे पनि हुने वा त्यस्तो निर्णय कार्यान्वयन गर्ने वा नगर्ने भन्ने कुरा सम्बन्धित व्यक्तिको इच्छामा निर्भर हुने हो भने विवादको समाधानको लागि अदालत प्रवेश गर्नुको कुनै औचित्य रहँदैन। फैसला कार्यान्वयन महत्वपूर्ण हुँदाहुदै पनि अपेक्षाकृत रूपमा सफलता प्राप्त हुन सकिरहेको अवस्था भने छैन। फैसला कार्यान्वयन प्रभावकारी रूपमा हुन नसके समाजमा दण्डहीनताले प्रश्रय पाउनुका साथै समयमा फैसला कार्यान्वयन हुन नसके अदालतप्रतिको जनआस्थामा समेत असर पर्न जान्छ। देवानी प्रकृतिको विषयवस्तुहरूमा पक्षहरूको सक्रियता अलि बढी हुने भएकोले अदालतबाट गरिएका फैसलाहरू कार्यान्वयन हुने दर त्यति निराशजनक छैन। तर, फौजदारी विषयबस्तुमा र मानवअधिकारसँग गाँसिएका विषयहरूमा यथोचित रूपमा राज्यको सक्रियता हुन नसकेको कारणले गर्दा अदालतका फैसलाहरूकार्यान्वय हुन नसकेको अवस्था छ। जसले नागरिकको अधिकार उपभोगमा बाधा हाल्नुका साथै विधिको शासनमा समेत नकारात्मक असर पारेको छ।

नेपालको न्यायिक निकायको उपल्लो निकाय सर्वोच्च अदालतलाई विवादको समाधान गरी उचित उपचार प्रदान गर्न बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण र अधिकारपृच्छालगायतका जुनसुकै उपयुक्त आदेश जारी गर्नसक्ने अधिकार अन्तरिम संविधानको धारा ८८ ले दिएको छ। अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नु पर्दछ। सर्वोच्च अदालते गरेको कानुनको व्याख्या र प्रतिपादन गरेको कानुनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्दछ। न्याय प्राप्त गर्ने अन्तिम साधनको रूपमा अदालतको विश्वसनीयता कायम राख्न, देशमा दण्डहीनताको अन्त्य गरी मानवअधिकार, न्याय र कानुनी राजको स्थापना गर्नका लागि अदालतहरूबाट जारी गरिने आदेश वा निणर्यहरूको समयमै कार्यन्वयन हुनु जरूरी हुन्छ।

**फैसला कार्यान्वयन स्थिति र दण्डहीनताको अन्त्यका लागि अदालतको भूमिका**

फैसला कार्यान्वयन निर्देशनालयको तथ्याङ्कअनुसार आ.व.०६६।०६७ मा सर्वोच्च अदालतबाट जारी भएका २ सय ३५ आदेशहरूमध्ये ९७ को कार्यान्वयन भएको छ भने १सय३८ वटा कार्यान्वयन हुन बाँकी रहेको छ। सार्वजनिक सरोकारको विवादमा सुनुवाइ गरी अदालतले दिएका आदेशहरूको करिब ३५ प्रतिशत मात्र कार्यान्वयन भएको छ। नेपाल सरकार मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालय र अन्य सम्बन्धित मन्त्रालयहरू अदालतको आदेश कार्यान्वयनप्रति जवाफदेही नहुनाले मानवअधिकार उल्लङ्घनका अपराधीहरूमाथि कारबाही हुन सकेको छैन। फैसला कार्यान्वयन अनुगमन गर्नुपर्ने जिम्मेवारी र दायित्व भएको प्रधानमन्त्री कार्यालय र यसअर्न्तगत रहेको मानवअधिकार शाखाले सो जिम्मेवारी पूरा नगर्नाले अपराधीहरूले उन्मुक्ति पाइरहेका छन्। विद्यमान कानुनले अदालतको आदेशको कार्यान्वयन आदेश पाएको मितिले तीन महिनाभित्र सम्बन्धित मन्त्रालयको सचिवले गर्नुपर्ने जिम्मेवारी तोकेको छ। तर, व्यवहारमा यसलाई लागू गरिएको उदाहरण विरलै भेटिन्छ।

सर्वोच्च अदालतले कानुन निर्माण सम्बन्धमा अनुसन्धान गर्ने, अनुसन्धान र अभियोजन गर्ने सम्बन्धमा, निष्पक्ष अनुसन्धान गर्ने सम्बन्धमा, हानिपूरण र क्षतिपूर्ति दिने सम्बन्धमा, सत्य निरूपण तथा मेलमिलाप आयोग र फौजदारी मुद्दाको अनुसन्धानबीच रहेको भिन्नता लगायतका विभिन्न क्षेत्रमा निर्देशनात्मक आदेशहरू गरेको छ।

सर्वोच्च अदालतद्वारा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुनको कार्यान्वयन गर्न महासन्धिहरू अनुरूपको कानुन निमार्ण गर्न आदेश दिएको छ। *अधिवक्ता राजेन्द्र घिमिरेसमेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*समेतको मुद्दामा नेपाल यातना विरूद्धको महासन्धिको पक्ष राष्ट्र भएको लामो अवधि बितिसक्दा पनि सो महासन्धि अनुकूलको कानुन निर्माण नभएकोले महासन्धिको अक्षरश: पालना र कार्यान्वयनप्रति नेपालको अन्तर्राष्ट्रिय दायित्व भएकाले यातना दिने कार्यलाई अपराध घोषित गरी यातनापीडितलाई उचित क्षतिपूर्ति दिने प्रावधानसहितको कानुन बनाउनू भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको छ। त्यसैगरी *राजेन्द्र ढकाल वि. गृह मन्त्रालयसमेतको* मुद्दामा २०६४ जेठ १८ गते सर्वोच्च अदालतले विभिन्न मितिमा गिरफ्तार गरी बेपत्ता पारिएका व्यक्तिहरूका आफन्तहरूले दायर गरेका मुद्दामा अदालतकै तर्फबाट छानबिन टोली गठन गरी छानबिन टोलीले दिएको प्रतिवेदन समेतको आधारमा उक्त "समस्याको प्रभावकारी सम्बोधन गर्नको लागि" सरकारलाई विगत सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको खोजी गर्न एक उच्चस्तरीय आयोग गठन गर्न, बेपत्ता पार्ने कार्यलाई अपराधका रूपमा परिभाषित गर्ने नयाँ कानुन बनाउन, बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरूलाई कारबाही गरी दण्डहीनता अन्त्य गर्न तथा पीडितलाई उपचार, राहत एवम् क्षतिपूर्ति दिन निर्देशन गरेको छ।

*राजाराम ढकाल समेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत*को फैसलामा सर्वोच्च अदालतले जेनेभा महासन्धिको प्रावधानको उल्लङ्घन र कसूर हुन गएमा मुद्दा हेर्ने निकाय, कार्यविधि तथा दण्ड सजाय जस्ता महासन्धिको प्रावधानबमोजिम सो महासन्धिको कार्यान्वयनको विविध विषय समावेश गरी राष्ट्रियस्तरमा प्रभावकारी कानुनी व्यवस्थाको निर्माण गर्नु आवश्यक र उपयुक्त देखिँदा उपयुक्त कानुन निर्माणको लागि कारबाही चलाउनु भनी सरकारको नाममा निर्देशात्मक आदेश जारी गरेको छ। सर्वोच्च अदालतबाट आदेश जारी गरिएको निकै लामो समय बितिसक्दा पनि हालसम्म पनि सरकारले आदेश दिएअनुरूपको कानुन तर्जुमा गरी कार्यान्वयन गर्न सकेको छैन।

त्यसैगरी *काले तामाङ समेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको* मुद्दामा क्षतिपूर्ति राज्य तथा पीडक पक्ष समेतबाट दाबी गरी भराई लिनसक्ने गरी क्षतिपूर्तिसम्बन्धी कानुन निर्माण गर्नू भनी सरकारका नाममा आदेश जारी भएको छ। *बुद्धिबहादुर प्रजा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय* समेतको मुद्दामा

शास्त्रीय दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहीनताको अन्त्य गर्नुको साथै यस प्रकृतिका विवादहरूमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने निकायको व्यवस्था समेत गर्नको लागि छुट्टै विस्तृत कानुन बनाउनेतर्फ यथाशीघ्र पहल गर्नू भनी आदेश भएको छ। तर हालसम्म पनि सरकारले आदेश अनुसारको कानुन बनाएको छैन।

*देवी सुनार वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेत*को मुद्दामा प्रभावकारी रूपबाट अनुसन्धान तहकिकात गरी मुद्दा चल्ने अवस्था सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले गरेको जाहेरी भएको लामो समय बितिसक्दा पनि अनुसन्धान तहकिकात प्रभावकारी रूपमा नभएकोले गर्दा आदेश प्राप्त भएको मितिले ३ महिना भित्र अनुसन्धान पूरा गर्नू भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरेको छ। *जयकिशोर लाभ वि. जिल्ला प्रहरी कार्यालय धनुषा समेत भएको मुद्दामा* जाहेरी दरखास्त विधिसम्मत रूपमा दर्ता गरी कानुनबमोजिम आवश्यक अनुसन्धान तहकिकात गर्नु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी भएको छ। त्यसैगरी *पूर्णीमाया लामा वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेतको* मुद्दामा अपराधजन्य कार्यलाई राजनीतिक रङ्ग दिने प्रयास भई समाज दण्डहीनताको दुरूत्साहन हुने अवस्थामा पुग्न जाने हुनाले अपराध अनुसन्धानको कानुनी बाहेक अन्य कुनै परिणाम नभएको भनीशीघ्र र प्रभावकारी अनुसन्धान प्रकृया अगाडि बढाउन आदेश जारी भएको छ। *सुन्तली धामी वि. महान्याधिवक्ताको कार्यालय* समेतको मुद्दामा केही व्यक्तिहरू उपर मुद्दा चलाएको र केहीलाई नचलाएकोमा सबैलाई मुद्दा चलाउन आदेश भएकाले अनुसन्धान र अभियोजनमा भएको कमजोरी सच्याउने आदेश लिइएको छ। तर हालसम्म पनि सरकारले यो कानुन बनाएको छैन।

लिलाधर भण्डारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको मुद्दामा सङ्क्रमणकालीन न्यायमा द्वन्द्वकालका घटनाहरूको समग्रतामा मूल्याङ्कन गरी रणनीतिक उपचार गर्ने दृष्टिकोण लिइन्छ, त्यसैले अपराध अनुसन्धान र अभियोजन, सत्यअन्वेषण, क्षतिपूर्ति, संस्थागत सुधार, परीक्षणलगायतका विविध पक्षहरूमा चरणवद्ध विचार गर्नुपर्ने आदेश भएको छ। त्यसैगरी *पूर्णीमाया लामा वि. जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक, अधिवक्ता सुनिलरञ्जन सिंह समेत वि. अग्नि सापकोटा र अधिवक्ता सुनिलरञ्जन सिंह समेत वि. कुवेर रानाको* मुद्दामा सत्य निरूपण तथा मेलमिलाप आयोग र फौज्दारी अनुसन्धान प्रणालीबीच रहेको भिन्नता सम्बन्धमा स्पष्ट आदेश जारी भएको छ।

समान प्रकृतिका मुद्दामा अदालतले दिएका आदेशमा भिन्नताका कारणले पनि अदालतले दिने गरेका आदेशमा एकरूपता आदेश कार्यान्वयनमा जटिलता सृजना गरेको छ। उमेशचन्द्र थापाको गैरन्यायिक हत्या, कालीकोटको कोटवडामा मारिएका धादिङ् जोगिमाराका पीडितपरिवारहरूलाई न्याय दिने सम्बन्धमा र काउले घटनाका सम्बन्धमा परेको उजुरीमा अदालतले प्रधानमन्त्री कार्यालयलाई घटनाका सम्बन्धमा अनुसन्धान गर्न उच्चस्तरीय कार्यदल गठन गरी कार्यदलले प्रतिवेदन बुझाएको मितिले तीन महिनाभित्र प्रतिवेदनमा सिफारिस गरेअनुरूप क्षतिपूर्ति दिन र क्षतिपूर्ति दिने सम्बन्धमा नयाँ कानुन तर्जुमा गर्न आदेश दिएको छ भने यस्तै प्रकृतिको अर्को मुद्दा जसमा जयकिशोर लाभले आफनो छोराको गिरफ्तारी र गैरन्यायिक हत्याको सम्बन्धमा अदालतले विद्यमान कानुनअनुरूप उजुरी दर्ता गरी कानुनमा व्यवस्था भएअनुरूप घटनाको अनुसन्धान गर्न आदेश दिएको छ। यसरी एकै प्रकृतिका मुद्दामा अदालतले फरक व्याख्या गर्नाले पनि कार्यान्वयन अन्यौलमा पारेको छ।

**फैसला कार्यान्वयनका लागि सर्वोच्च अदालतवाट भएको प्रयास**

अदालतबाट भएको फैसला कार्यान्वयन सम्बन्धमा समयसमयमा पीडित र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले देखाएको चासो र विभिन्न समयमा भएका योजनाबद्ध अध्ययनहरूमध्ये उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, अदालत व्यवस्थापनसम्बन्धी सुझाव प्रतिवेदन, २०५५, अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०६४ आदिमा फैसला कार्यान्वयनको स्थिति निकै कमजोर रहेको र कार्यान्वयनका लागि प्रभावकारी संयन्त्रहरूको सिफारिस गरिएको पाइन्छ। सर्वोच्च अदालत र मातहतका अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन गर्ने उद्देश्यले फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिएको हो।

अदालतको आदेशको अवज्ञा भएमा आफ्नो मर्यादा र प्रतिष्ठा कायम राख्न अवहेलनामा सजाय गर्ने अधिकार अदालतलाई हुन्छ। अन्य आदेशका सम्बन्धमा कहिलेकाहीँ सजाय गर्ने गरिए पनि निर्देशनात्मक आदेश पालना नगरिएको सम्बन्धमा कुनै प्रकारको कारबाही चलाएको उदाहरण छैन। आदेशको कार्यान्वयनमा प्रभावकारिता देखिन नसकेको कुरालाई सर्वोच्च अदालत स्वयंले पनि स्वीकार गरेको अवस्था एकातिर छ भने अर्कोतर्फ कार्यान्वयन संयन्त्रको अभाव पनि खड्किएको छ। आदेशको अवज्ञा भएको अवस्थामा अवहेलनामा कारबाही नगर्दा त्यसले अदालतको अख्तियारलाई कमजोर बनाउन सक्छ र उसको वैधानिकतामा समेत असर पार्न सक्ने हुनाले ध्यानमा राखेर अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउने गरेको छ।

सर्वोच्च अदालतले २०५८ सालमा यस अदालतअन्तर्गत आदेश कार्यान्वियन तथा अनुगमन इकाई गठन गरी असाधारण अधिकार क्षेत्रअन्तर्गत जारी आदेशहरूको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन गर्ने जिम्मेवारी सुम्पिएको थियो र सर्वोच्च अदालत नियमावली-२०४९ मा भएको पछिल्लो संशोधनपछि हाल निर्णय कार्यान्वियन शाखाका रूपमा छुट्टै शाखा खडा गरी त्यस्तो जिम्मेवारी सोही शाखाले निर्वाह गर्ने गरी व्यवस्था गरिएको छ। सर्वोच्च अदालतले यसरी असाधारण अधिकार क्षेत्रअन्तर्गत जारी आदेशहरूको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन गर्ने संयन्त्रको विकास गरे पनि कार्यान्वयन पक्षमा खासै सुधार हुन सकेको छैन र उक्त शाखाले अपेक्षित प्रभावकारिता देखाउन नसकेपछि कतिपय आदेशमा निर्णय कार्यान्वयन शाखालाई प्रभावकारी अनुगमनका लागि निर्देशन दिएको समेत पाइन्छ।

फैसला कार्यान्वयनको विषय न्याय प्रशासनमा आवश्यकताअनुसार प्राथमिकतामा पर्न नसकेको यथार्थलाई आत्मसात गर्दै सर्वोच्च अदालतले दोश्रो पञ्चवर्षीय रणनीतिक योजनामा यसलाई उच्च प्राथमिकतामा राखेको छ। सर्वोच्च अदालतको पूर्ण बैठकको २०६६ वैशाख २९ गतेको सैद्धान्तिक निर्णय तथा प्रधानन्यायाधीश मीनबहादुर रायमाझीको मिति २०६६ जेठ २७ को निर्णयानुसार फैसला कार्यान्वयन निर्देशनालयको स्थापना समेत गरिएको छ। सर्वोच्च अदालत नियमावलीमा संशोधन भई यस निर्देशनालयले कानुनी अस्तित्व समेत प्राप्त गरेको छ। दोश्रो

पञ्चवर्षीय रणनीतिक योजनामा फैसला कार्यान्वयन निर्देशनालय स्थापना र सुदृढीकरण गर्ने, फैसला कार्यान्वयन निकायको क्षमता बृद्धि गर्ने, असुल तहसिललाई प्रभावकारी बनाउन दण्ड, जरिवानाको लगत व्यवस्थित गर्ने, मुद्दाको जिन्सी व्यवस्थापन गर्ने, धरौटी तथा जेथा जमानतको प्रभावकारी व्यवस्थापन गर्ने, सार्वजनिक सरोकारको विषयमा जारी भएका निर्देशनात्मक आदेश कार्यान्वयनको अनुगमन गर्ने आदि रणनीतिक योजनाको उपाय सिफारिस गरिएको छ।

आदेश कार्यान्वयनमा प्रभावकारिताका लागि दायर गरिएका दुई रिट निवेदन (भीमसेन थापासमेत भएको ०६४ सालको रिट नं. २०२४ र टेक ताम्राकारसमेत भएको ०६० सालको रिट नं. १२१) मा अदालतबाट अन्तिम आदेशअघि निवेदनमा उठाइएका विषयका सम्बन्धमा विशेषज्ञहरूबाट विस्तृत अध्ययन गरी अध्ययन प्रतिवेदन पेस गर्न लगाइएको र अन्तिम आदेशमा समेत सोही प्रतिवेदनमा उल्लिखित कुराहरूलाई कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ। त्यसैगरी,कतिपय निर्देशनात्मक आदेशहरूमा कार्यान्वयनको जानकारी अदालतलाई गराउनु भनी श्यामकृष्ण मास्के भएको ०५९ सालको रिट नं. ११४ मा सम्बन्धित निकायहरूलाई निर्देशित गरी अदालतबाट कार्यान्वयनको प्रत्याभूति गर्न खोजिएको पाइन्छ।आदेशको कार्यान्वयन प्रभावकारी हुन नसकेको कुरामा सर्वोच्च अदालत स्वयम् पनि चिन्तित हुन थालेको र आदेश कार्यान्वयनका लागि प्रभावकारी अनुगमनमा जोड दिनुपर्ने सन्तोषकुमार महतोको ०६१ सालको रिट नं. ६० मा भएको आदेशमा भेटिन्छ।

समानता, सामाजिक सुधार, मौलिक अधिकारको संरक्षण र राष्ट्रहितको पक्षमा न्यायालयले आफूलाई उभ्याएको भए तापनि यसका आदेशहरूको कार्यान्वयन स्थिति भने सन्तोषजनक देखिँदैन। तसर्थ, यसको प्रभावकारी कार्यान्वयनको खाँचो टड्कारो रहेको छ। अदालतको आदेशको कार्यान्वयनमा एकातर्फ सरकारी पक्षले बेवास्ता गरेको वा उदासिनता देखाएको छ भने अर्कोतिर अदालत आफैँले चासो राखेर कार्यान्वयनको जानकारी लिने गरेको पनि पाइँदैन। निर्देशनात्मक आदेशको कार्यान्वयनको स्थिति र अवस्थाका सम्बन्धमा समयमा फैसला तयार नहुनु र त्यसैबेला उचित प्रचार-प्रसार हुन नसक्नु, जारी निर्देशनात्मक आदेशहरूको एकीकृत विवरण सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्री,मन्त्रिपरिषद्को कार्यालय एवम् कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा समेत कतै नराखिनु, यस्ता आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयबाट सम्बन्धित निकायमा पठाइएको/नपठाइएको सम्बन्धमा सो कार्यालय नै स्पष्ट हुन नसक्नु, महान्यायाधिवक्ताको कार्यालयमा कुनै शाखालाई यस सम्बन्धमा जिम्मेवारी नतोकिनुलगायतका कुराहरूले समेत फैसला कार्यान्वयनमा प्रभावकारिता नभएको हो। महान्यायाधिवक्ताको कार्यालयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सो आदेशको जानकारी पुगेको बारेमा सम्बन्धित अन्य सरोकारवाला निकायहरूसमक्ष नपठाउनु, सर्वोच्च अदालतबाट परमादेश जारी हुने प्रकृतिको आदेशमा पनि निर्देशनात्मक आदेश जारी भई निर्देशनात्मक आदेशको हैसियत के हो भन्ने अन्योलको अवस्था रहनु, सम्पूर्ण सरकारी निकायको समन्वय र नेतृत्व गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सर्वोच्च अदालतबाट भएका आदेशको कार्यान्वयन गर्ने/गराउने, नियमन र अनुगमन गर्ने कुन संयन्त्रको निर्माण भएको वा त्यस्तो कुरा प्रस्ट देखिने कुनै अभिलेख तयार नहुनु, यस सम्बन्धमा अनुगमन गर्न कुनै छुट्टै अनुगमन वा अनुसन्धान नहुनु, न्यायक्षेत्र समन्वय समिति पनि यसतर्फ प्रवेश गर्न नसक्नु, नयाँ कानुन निर्माण वा मौजुदा कानुन संशोधन हुनुपर्ने अवस्थाका आदेशहरूसमेत महान्यायाधिवक्ताको कार्यालयबाट विषयगत मन्त्रालयमा पठाउने र त्यसका बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अनविज्ञ रहनु र निर्देशनात्मक आदेशको कार्यान्वयन गर्ने प्रमुख निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आदेश कार्यान्वयनका सन्दर्भमा कुनै नीतिगत निर्देशन नहुनु अदालतको आदेश कार्यान्वयन नहुनुका अन्य समस्याका रूपमा देखिएका छन्।

## निष्कर्ष

अदालतले दण्डहीनतालाई सम्वोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भए पनि सरकारका तर्फबाट भने यसलाई गम्भीरतापूर्वक नलिएको कारणले अधिकारका पीडितले न्याय पाउन नसकेको अवस्था छ। अदालतले आफ्ना फैसला कार्यान्वयन गर्न स्थापित गरेको फैसला कार्यान्वयन निर्देशनालयले गरेको पहल समेत कार्यविधिगत जटिलता,साधन स्रोतको अभाव, जटिल, छरिएको, विरोधाभाषपूर्ण, प्रकृयामुखी, बहुअर्थी, हार्ने पक्षको पृष्ठपोषण हुने खालको, प्रशस्त छिद्र रहेको फैसला कार्यान्वयन सम्बन्धी कार्यविधि कानुन; स्रोत साधन र दक्ष तथा पर्याप्त जनशक्तिको अभाव,लगत तथा अभिलेख संरक्षणमा अनेकता, फौजदारी मुद्दाको फैसला कार्यान्वयनमा प्रहरी, अभियोजनकर्ता र अदालतको तहसिल शाखाबीच संस्थागत र संरचनागत समन्वयको अभाव; फौजदारी मुद्दाका फैसला कार्यान्वयनमा निराशाजनक अवस्थाले गर्दा दण्डहीनताले मलजल पाएको, अदालतको भन्दा पक्षहरू तथा कानुनव्यवसायीको नियन्त्रणमा अदालती प्रक्रिया; सरोकारवालाहरूबीचका स्वार्थहरूमा टकरावका साथै प्रभावकारी अनुगमन तथा निरीक्षणको कमीका कारण प्रभावकारी हुन सकेको छैन। फैसला कार्यान्वयको अनुगमन गर्ने प्रणालीलाई प्रभावकारी बनाउन, महान्याधिवक्ताको संवैधानिक भूमिकालाई प्रभावकारी बनाउन, सर्वोच्च अदालतको महाशाखा र महान्याधिवक्ताका बीच काम कारबाहीको तालमेल मिलाउने संरचना विकास गर्न, कार्यान्वयन गर्ने दायित्व र जिम्मेवारी भएका व्यक्ति वा निकायलाई उत्तरदायी बनाउने -मुल्याङ्कन प्रणालीको विकास, आवश्यकता अनुससार अदालतको अवहेलनामा कारबाही गर्ने कुराको थालनी गर्न सकिएमा फैसला कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउन सकिने सम्भावना प्रशस्त छन्।

## सन्दर्भ सामग्री:


मानवअधिकार वर्षपुस्तक २००८, अनौपचारिक क्षेत्र सेवा केन्द

गोविन्द शर्मा बन्दी, अदालतको फैसला कार्यान्वयन र दण्डहीनता, अदालतको फैसला कार्यान्वयन र दण्डहीनता विषयक कार्याशालामा प्रस्तुत कार्यपत्र, ३१ असार २०६७

महेन्द्रनाथ उपाध्याय, फैसला कार्यान्वयनको अवस्था चुनौती र सम्भावना अदालतको फैसला कार्यान्वयन र दण्डहीनता विषयक कार्याशालामा प्रस्तुत प्रस्तुति, ३१ असार २०६७

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय : एक परिचय, www.supremecourt.gov.np/jed

"सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था" अनुसन्धानमूलक अध्ययन प्रतिवेदन २०६३। काठमाडौं राष्ट्रिय न्यायिक प्रतिष्ठान।

मानवअधिकार सन्धिको पालनामा सर्वोच्च अदालत, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, चैत २०६५

# मानव बेचबिखन र नियन्त्रण गर्ने केही कानुनी संयन्त्रहरू



सम्झना श्रेष्ठ

**मानवबेचविखन रोक्ने र निषेध गर्ने सम्बन्धी घरेलु तथा अन्तर्राष्ट्रिय कानुनहरू हुँदाहुँदै पनि मानव बेचबिखन दिन प्रतिदिन बढ्दो छ। मुलुकमा व्याप्त दण्डहीनता, कानुनी राज्यको अभाव, कानुन कार्यान्वयनका लागि श्रोतको न्यूनता र पीडकहरू ठूला शक्ति केन्द्रहरूबाट संरक्षित गरिने भएकोले मानवअधिकारको चरम उल्लङ्घनको यो अपराधलाई राज्यले रोक्न सकिरहेको छैन।**

मानव बेचविखन परापूर्वकालदेखि विभिन्न रूपमा हुने गरेको भनेर विभिन्न दस्तावेजमा उल्लेख गरिएको छ। दासदासी, यौनप्रयोजन, घरेलु कामदार र बाँधा श्रमको प्रयोजनका लागि मानिसहरूको बेचबिखन हुने गरेको भए पनि हाल आएर यसको रूप र आयामहरूमा परिवर्तन आएको छ। मानव बेचविखन एक देशमा मात्र सीमित नरही अहिले विश्वव्यापी समस्याको रूपमा देखा परेको छ। नेपालमा पनि यस किसिमको आपराधिक क्रियाकलाप हुने गरेको पढ्न पाइन्छ। जसलाई नियन्त्रण गर्न समय समयमा विभिन्न कानुनहरूको निर्माण हुँदै आएको छ। मुलुकी ऐन जीउ मास्ने बच्ने महलले अपराधीलाई हुने कसुर र सजाय सम्बन्धी कानूनी व्यवस्था गरेको भए पनि समयअनुसार छुट्टै कानुनको विकास भएको छ। मानव बचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ ले यस्ता जघन्य अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई सजाय गर्न र बेचबिखनबाट पीडित भएकालाई क्षतिपूर्ति लगायत पुर्नस्थापना जस्ता कार्य गर्नु पर्ने भनी व्यवस्था गरेको छ। महिला तथा बालबालिकाको बेचबिखन ओसारपसार, वेश्यावृत्ति लगायत यौन शोषणका कार्य  कानुनत अपराध हुन्। यति हुँदाहुँदै पनि उक्त कानुन व्यवहारमा लागू हुन नसक्दा बेचविखनमा परेका व्यक्तिहरूको मानवअधिकार हनन् भइरहेको छ।

मानव बेचविखन विरूद्ध लड्न विश्वव्यापी रूपमा अनेक कानुनी व्यवस्थाहरू छन्। जस्तो मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र २०६६, आर्थिक, सामाजिक, साँकृतिक अधिकारसम्बन्धी अनुबन्ध २०६६, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि १९७९, बालअधिकार महासन्धि १९८९, अन्तरदेशीय सङ्गठित अपराध विरूद्धको महासन्धि २००० को मानव विशेषगरी महिला तथा बालबालिकाको बेचविखनलाई रोक्ने, दबाउने र सजाय गर्ने इच्छाधीन आलेख। त्यसैगरी क्षेत्रीयस्तरमा मानव बेचबिखन विरूद्ध सार्क महासन्धि, २००२ पनि कार्यान्वयनमा रहेका छन् भने राष्ट्रियस्तरमा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विद्यमान छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १ मा सबै मान्छे जन्मजात स्वतन्त्र र फुक्का हुन्छ र सबैको समान अधिकार र समान महत्व छ भनी व्यवस्था गरिएको छ। त्यसैगरी उक्त घोषणापत्रकै धारा ३ मा कुनै पनि व्यक्तिलाई बाँधा वा दास बनाई राखिनु हुँदैन भन्ने व्यवस्था गरेको छ। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएदेखि मानव बेचविखन विरूद्ध राष्ट्रिय तथा अन्तरष्ट्रिय स्तरमा प्रतिबद्धता व्यक्त गरिए र प्रतिबद्धताहरू विश्वव्यापी कानूनी प्रणालीमा समाहित गर्दै लगिएको पनि पाइन्छ।

जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ को धारा १ ले कामवासनाको तृप्तिको लागि वेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई निजको सहमति लिएरै भए पनि, कुटुनीको कार्य गर्ने वा फकाउने वा अगुवाइ गर्ने, व्यक्तिको सहमति लिएरै भए पनि, वेश्या बृत्तिको शोषण गर्ने व्यक्तिलाई सजायको भागिदार बनाएको छ  भने धारा २ ले वेश्यालय राख्ने, सञ्चालन गर्ने वा जानी जानी लगानी गर्छ वा लगानीमा सहभागी हुनेलाई पनि सजायको व्यवस्था गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र २०६६ को धारा ८ मा कसैलाई पनि दासत्वमा राख्न नपाइने, दासत्व तथा सबै किसिमका दास व्यापारलाई निषेध गरिएको छ भने कसैलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रममा लगाउन नपाइने व्यवस्था गरिएको छ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि १९७९ को धारा ६ मा पक्षराष्ट्रहरूले महिलाको किनबेच तथा महिलाको वेश्यावृत्तिको शोषणलगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानून

बनाउन सबै आवश्यक कदमहरू चाल्नुपर्ने बाध्यता गराई मानव किनबेच विरूद्ध घरेलु कानून निमार्णमा जोड दिएको छ । त्यसैगरी बालअधिकार महासन्धि १९८९ को धारा ३४ ले पक्षराष्ट्रहरूले बालबालिकालाई सबै खालको यौनशोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्न कुनै गैरकानुनी यौन क्रियाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा दबाब दिने, वेश्यावृत्ति र अन्य गैरकानुनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्न र अश्लील चित्रणको कार्यमा वा सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग गर्न रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी धारा ३५ मा पक्षराष्ट्रहरूले कुनैपनि उद्देश्यको लागि वा कुनैपनि रूपमा बालबालिकाको अपहरण, बेचविखन वा ओसारपसारमा रोक लगाउन समुचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनुपर्ने व्यवस्था गरेको छ।

मानव बेचविखनविरूद्ध अन्तरदेशीय सङ्गठित अपराधको दायरामा पार्दै संयुक्त राष्ट्रसङ्घले सन् २००० मा अन्तरदेशीय सङ्गठित अपराधहरूसम्बन्धी महासन्धि (The United Nations Convention against Transnational Organized Crime 2000) लाई कार्यान्वयनमा ल्यायो र यो महासन्धि नै अन्तरदेशीय सङ्गठित अपराधलाई नियन्त्रण गर्ने पहिलो अन्तर्राष्ट्रिय महासन्धि हो। यो महासन्धिका तीन महत्वपूर्ण आलेखहरूमध्ये “मानव बेचविखन विरूद्धको संयुक्त राष्ट्रसङ्घीय इच्छाधीन आलेख” खासगरी महिला तथा बालबालिका बेचविखन रोक्ने, कारबाही गर्ने मानव बेचविखन विरूद्ध कारबाही गर्ने पहिलो अन्तर्राष्ट्रिय दस्तावेज हो। नेपालले यो महासन्धिलाई सन् २०११ जुनमा अनुमोदन गरेर अन्तरदेशीय सङ्गिठत अपराधको विरूद्धमा आफ्नो मत जाहेर गरेको छ। मुलुकमा मानव बेचविखनको समस्या विकराल तथा बढ्दो छ र असुरक्षित वैदेशिक रोजगारीले बेचविखनलाई अझ बढी जोखिमा पारेको छ। यौन व्यवसायमा जर्बजस्ती लगाउन होस् या वैदेशिक रोजगारको नाममा महिला तथा बालबालिकाहरू बेचविखनको शिकार भई नै रहेका छन्। मानव बेचविखन, खासगरी महिला तथा बालबालिको अतरदेशीय बेचविखनको प्रवृत्ति बढ्दो क्रममा देखिन्छ।

अन्तरदेशीय सङ्गठित अपराध विरूद्धको सम्बन्धी महासन्धि २००० को मानव विशेषगरी महिला तथा बालबालिकाको बेचविखनलाई रोक्ने, दबाउने र सजाय गर्ने इच्छाधीन आलेख १५ नोभेम्बर २००० मा संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा परित भै २५ डिसेम्बर २००३ देखि हस्ताक्षरका लागि खुला भएको थियो भने हालसम्म १२४ मुलुकहरू पक्षराष्ट्र बनेका छन् तर नेपालले हस्ताक्षर र अनुमोदन गरेको छैन। यस इच्छाधीन आलेखले विशेष गरी महिला तथा बालबालिकाको बेचविखनलाई ध्यानमा राखी मानव बेचविखनको नियन्त्रण तथा प्रतिवाद गर्ने, बेचविखनबाट पीडितहरूको मानवअधिकारको पूर्ण सम्मान गर्दै उनीहरूलाई संरक्षण र सहयोग गर्ने तथा यी उदेश्यहरू हासिल गर्न राज्य पक्षहरूबीच आपसी सहयोगलाई प्रवर्धन गर्ने मुख्य उदेश्य लिएको छ।

आलेखको धारा ३ मा मानव बेचविखनको परिभाषा गर्दै “मानव बेचविखन तथा ओसारपसार शोषण (जस अर्न्तगत, अरूको वेश्यावृतिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अङ्ग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्यानमा पारेर, शक्तिको प्रयोग गरेर नाजुक स्थितिमा ओहदाको दुरूपयोग गरेर वा लोभ देखाएर, पैसा लिएर अन्य कुनै व्यक्तिमाथि नियन्त्रण कायम गरी विक्री गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँदछ” यो परिभाषाले मानव बेचविखनलाई व्यापक अर्थमा लिएको छ। र यो परिभाषाले आधुनिक मानव बेचविखनको प्रवृत्तिलाई केही हदसम्म प्रष्ट पारेको छ।

यो आलेखमा मानव बेचबिखनबाट पीडितको अधिकारलाई महत्वपूर्ण सबालको रूपमा उल्लेख गरिएको छ। सर्वप्रथम पीडितको व्यक्तिगत सुरक्षाको अधिकार सुनिश्चित गरेको छ। पीडितको गोपनीयताको अधिकारमा राज्यले पीडितको हितमा कानुनी प्रक्रियाहरूलाई गोप्य राख्नुपर्ने कुरालाई महत्वपूर्ण सवालका रूपमा उल्लेख गरेको छ। त्यसैगरी सूचनाको अधिकारमा पीडितले आफ्नो मुद्दामा भइरहेको न्यायिक तथा प्रशासनिक कारबाहीबारे जानकारी लिने अधिकारको व्यवस्था गरेको छ। कानुनी कारबाहीमा सहभागी हुने अधिकारमा पीडकको विरूद्ध साक्षी हुने र बयान दिने अधिकार सुनिश्चित गरेको छ। यीबाहेक उक्त आलेखले पीडितको अधिकारमा उपयुक्त सुरक्षित आश्रममा रहन पाउने, शारीरिक, मनोवैज्ञानिक र सामाजिक पुर्नलाभका लागि सहयोग पाउने अधिकार, आफूले बुझ्ने भाषामा विमर्श र जानकारी पाउने, शिक्षा, सीप र रोजगारीको अवसरको अधिकार, पीडितको इच्छामा गन्तव्य मुलुकमा बस्न पाउने र श्रोत मुलुकमा फर्कन पाउने अधिकार, क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था गरेको छ।

राज्यको दायित्वमा बेचबिखनमा परेका पीडितले आफ्नो मुलुकमा फर्कन चाहेमा बेचबिखन गरी लगिएको मुलुकले पीडितको मुलुकमा फर्कनका लागि पक्ष राष्ट्रले अविलम्ब आवश्यक कागजपत्र तयार गर्ने व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी एउटा राज्यको अनुरोधमा अर्को राज्यका अधिकारीद्वारा यात्रासम्बन्धी कागजपत्रको वैधानिकताबारे छानबिनमा पक्ष राष्ट्रले सहयोग गर्नुपर्ने। त्यसैगरी कुनै पक्ष राष्ट्रले कुनै बेचबिखनमा परेको व्यक्तिका बारेमा अर्को पक्ष राष्ट्रसँग पीडित त्यो राज्यको नागरिक वा स्थायी बासिन्दा हो होइन भनी बुझेमा पक्ष राष्ट्रले सकेसम्म छिटो सूचना दिनुपर्ने व्यवस्था गरेको छ।

मानव बेचबिखन रोकथामका लागि पक्ष राष्ट्रले विस्तृत र स्पष्ट नीति तथा कार्यक्रमहरू गैरसरकारी सङ्घ संस्थाहरूको समन्वयमा तर्जुमा गर्नुपर्ने र प्रभावकारी उपायहरू अबलम्बन गर्नुपर्ने भनी यो आलेखमा उल्लेख गरिएको छ। मानव बेचबिखनमा पर्न सक्ने व्यक्तिहरू खासगरी महिला र बालबालिकालाई बेचबिखन हुनबाट रोक्न, कम गर्न र पुन: पीडित हुन

नदिनका लागि पक्ष राष्ट्रले अनुसन्धान, पैरवीका अभियानहरूसहित मानव बेचबिखनको विरोध तथा प्रतिवाद गर्नुपर्ने। त्यसैगरी बेचबिखन हुनबाट रोक्न पक्ष राष्ट्रले सामाजिक तथा आर्थिक सबलीकरणका उपायहरू अपनाउनुपर्ने व्यवस्था यस आलेखले गरेको छ। पक्ष राष्ट्रले बेचविखनका कारणहरू हुनसक्ने गरिबी, अशिक्षा हटाउनका लागि द्विपक्षीय र बहुपक्षीय सहयोगको लागि पहल गर्नुपर्ने व्यवस्था पनि गरिएको छ।

कानुन कार्यान्वय गर्ने निकायका पदाधिकारीहरूलाई विशेषज्ञताको तालिम प्रदान गर्नुपर्ने, विदेश यात्रामा जानेहरूलाई वैधानिक कागजात अनिवार्यरूपमा साथमा लिएर जानेगरी सुरक्षा जाँचको व्यवस्था मिलाउनुपर्ने पक्ष राष्ट्र दायित्व तोकेको छ। त्यसैगरी मानबेचविखनको अपराधी भनी चिनिएका व्यक्तिलाई प्रवेशमा रोक लगाउने र यात्रासम्बन्धी वैधानिक कागजातको गुणस्तर कायम राखी त्यसमा छलछाम गर्न नपाउने गरी पक्ष राष्ट्रले गर्नुपर्ने व्यवस्था गरेको छ।

यसप्रकार मानवबेचविखन रोक्ने र निषेध गर्ने सम्बन्धी घरेलु तथा अन्तर्राष्ट्रिय कानुनहरू हुँदाहुँदै पनि मानव बेचबिखन दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको छ। मुलुकमा व्याप्त दण्डहीनता, कानुनी राज्यको अभाव, कानुन कार्यान्वयनका लागि श्रोतको न्युनता र पीडकहरू ठूला शक्ति केन्द्रहरूबाट संरक्षित गरिने भएकोले मानवअधिकारको चरम उल्लङ्घनको यो अपराधलाई राज्यले रोक्न सकिरहको छैन। यस अवस्थामा "मानव बेचविखन विरूद्धको संयुक्त राष्ट्रसङ्घीय इच्छाधिन आलेख" ले पीडितको संरक्षण र बेचविखन निषेधका लागि विभिन्न प्रावधानको व्यवस्था गरेको छ र यसको सकारात्मक कार्यान्वयन भएमा मानव बेचविखन घटाउन विभिन्न घरेलु कानून र प्रावधानहरू बन्ने र अन्तर्देशीय समन्वय कायम हुने यो आलेख राज्यले तुरून्त अनुमोदन गर्न जरूरी देखिन्छ।

**सन्दर्भ सामग्री**

मानव बेचविखन महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन सारांश, २०६४/२०६५/२०६६, राष्ट्रिय मानव-अधिकार आयोग नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज-हरूको संग्रह, श्री ५ को सरकार Human Rights and trafficking in Persons a hand book, GAATW Conceptual Clarity on Trafficking, Women's Rehabilitation Center
SAARC Convention on Revenging and Combating Trafficking in Women and Children for Prostitution, Unicef

**सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ- उनीहरू कहाँ छन् ?**




मानवअधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको

## मानवअधिकार शिक्षा कार्यक्रम

रेडियो नेपालबाट प्रत्येक शनिबार विहान ८:२५ बजेदेखि ८:४० बजेसम्म
तथा देशभर १२ वटा स्थानीय एफएमहरू

- इलाम एफएम, ९३ मेगाहर्ज, इलाम,
- रेडियो जनकपुर, ९७ मेगाहर्ज, जनकपुर,
- नारायणी एफएम १०३.८ मेगाहर्ज, विरगञ्ज,
- रेडियो प्रतिध्वनी, ९७ मेगाहर्ज, दामन,
- उज्यालो नेटवर्क, ९० मेगाहर्ज, काठमाडौं,
- रेडियो तरङ्ग एफ.एम, १०७.६ मेगाहर्ज, पोखरा,
- रेडियो मदनपोखरा १०६.९ मेगाहर्ज, तानसेन,
- रेडियो लुम्बिनी ९६.८ मेगाहर्ज, बुटवल,
- मध्यपश्चिम एफएम ९१.४ मेगाहर्ज, घोराही,
- रेडियो भेरी आवाज ९५.६ मेगाहर्ज, बाँके,
- रेडियो रोल्पा, ९३.८ मेगाहर्ज, रोल्पा,
- दिनेश एफएम ९३.८ मेगाहर्ज, कैलाली



*हरेक आइतबार विहान ७:३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रशारण भइरहेको छ। सुन्न नभुल्नु होला।*

# यसरी कति दिन बाँच्ने हो ?



दुर्गा थापा
सुर्खेत


लाटीकोइली गाविस-७ रहरपुरको बाक्लो बस्ती। बस्तीबीचको सडक छेवैमा सानो कच्ची घर। जीवन गुजाराको भरथेग गर्ने घरको आडैमा घुम्ती पसल। जागिर र खेतबारी बिनाको कष्टपूर्ण जीवन। त्यसमा परिवारका सबै सदस्य बमबाट घाइते। शरीरभर बमका छर्रा, छर्राका डाम अझै पनि प्रस्टसँग देखिने। शरीर भित्र रहेको छर्राका कारण चिलाउने, पोल्ने र दुख्ने पीडा बेग्लै। उपचार नपाउँदा भोग्नुपरेको पीडा त झन दर्दनाक। ६५ वर्षीया नैना शाही अहिले पनि झस्किन्छिन्। बम विस्फोटमा परेको दिन सम्झँदा। पानी बिनाको माछा जस्तै उपचार नपाएर छटपटाउनु बाहेकको विकल्प पनि छैन उनको परिवारलाई। बिडम्वना अहिलेसम्म रहरपुरको त्यो झुपडीमा राज्यको आँखा त पुगेको छैन नै। उनीहरूको पीडाको बारेमा कसैले चु सम्म बोलेका पनि  छैनन्। न त उनका कोही आफन्तहरूको पहुँचमा नै छन्।

सशस्त्र द्वन्द्वको पीडा भोग्ने नैनाको परिवार मात्र भने होइनन्। यसरी उपचार नपाएर छटपटाउनेमा  इन्सेकको तथ्याङ्क अनुसार सशस्त्र युद्धको क्रममा मुलुकभर ८ हजार भन्दा बढी सैनिक तथा ६ हजारको सङ्ख्यामा गैरसैनिक नागरिक घाइते भएका छन्।  युद्धको क्रममा घाइते भएका सुरक्षाकर्मी र माओवादी सेनाले आ-आफ्ना क्याम्पमा उपचार राहत नपाएका होइनन्। युद्धमा नै नहोमिएका हजारौँ गैरसैनिक सर्वसाधारणहरूले भने न त त्यतिबेला उपचार पाए न अहिले । उपचार नपाएर अपाङ्ग भएका नैना जस्ता निर्दोष नागरिकहरूले अहिलेसम्म पनि उपचार नपाएर छटपटाउनु बाहेक विकल्प पनि छैन।

दैलेख जिल्ला विकास समिति दैलेखका पूर्व सभापति हेमबहादुर शाहीको घरमा होटल सञ्चालन गरेकी थिइन् नैनाले। यसैका कारण माओवादीको निशाना बनेका हुन् उनका परिवार। २०६१ जेठ २८ गते राती १२ बजेको समयमा बम विस्फोटन गराएका थिए माओवादीले नैनाले भाडा लिएको होटलमा। मस्त निद्राको समयमा विस्फोटन गराइए पनि आफू सहित तीन नाबालक छोराछोरीलाई बचाउन सफल भइन नैना। विस्फोटबाट घर भत्किँदै गर्दा लालाबालालाई काखीमा च्यापेर बल्लतल्ल ज्यान बचाएकी थिइन् उनले। बमको छर्रा तथा काठ र ढुङ्गाले थिच्दा नैनाको बाँया खुट्टामात्र भाँचिएन। शरीरभरि छर्रा पनि। त्यस्तै छोरी मेनकाको टाउको छाती र पुठ्ठा, सुस्मिताको टाउको तथा छोरा कमलको टाउको र च्युँडोमा अझै पनि छर्रा गडेका छन्। दुःखद कुरा ती छर्राहरू निकालिदिने कसरी र कसले ? मुलुक शान्ति निर्माण प्रक्रियामा आगाडि बढेको पाँच वर्ष नाघि सक्यो। सशस्त्र द्वन्द्व सबैखाले पीडाहरूको सम्बोधन गरिसक्नु पर्ने सयम हो यतिखेर। तर नैना मात्र होइन, उनीजस्ता हजारौँ त्यस्ता पीडितहरूले हालसम्म राहत तथा क्षतिपूर्ति पाएका छैनन्, पहुँचवाला पीडितहरूले बाहेक। आर्थिक अभाव र छर्राको पीडाको कारण पठनपाठन चौपट्ट छ। आफूजस्ता पीडितलाई राज्यले राहत दिन्छ भन्ने बारेमा समेत जानकारी छैन उनका परिवारलाई। यसैले त उनले हालसम्म कही कतै निवेदन पनि दिएकी छैनन्। सात वर्षसम्म बमको छर्राको पीडा खेप्न बाध्य नैना र उनका तीन नाबालक छोराछोरीहरूले हालसम्म उपचार नपाउनु दुःखद पक्ष त छ नै। यसतर्फ राज्य तथा सङ्घसंस्थाहरूको ध्यान नपुग्नु लाजमर्दो पनि हो। सदरमुकाम छेवैको बस्तीमा सिङ्गो परिवारले नै यसरी अपाङ्ग भएर जीवन बिताउन बाध्य हुनु उनीहरूको दोष पनि त होइन।

यसो त नैनाको होटेल राम्रैसँग नचलेको थिएन। दैलेखको सदरमुकाम बीच बजारमा भएकोले पनि उनको होटेल चलेको थियो। कमाई पनि राम्रै। छोराछोरीहरूले राम्रैसँग अध्ययन गरिरहेका थिए। माओवादीसँग उनको कुनै रिसराग पनि थिएन। उनले कुनै माओवादीलाई चिनेकी पनि थिइनन्। छोराछोरीको भविष्यका लागि उनीहरूलाई उच्च शिक्षा हासिल गराउने लक्ष्य थियो उनको। नैनाले भनिन् “मेरा सबै सपना चकनाचुर भए। जोडेको सम्पत्ति खरानी त भयो नै। अनाहकमा परिवार नै अपाङ्ग बन्यौँ। उपचार पनि पाइएन। बल्लतल्ल बचेको ज्यानले कहिलेसम्म यस्तो दुःख काट्नु पर्ने हो।” अहिले न गतिलो बास छ न त खाना। सुर्खेत झरेको पनि सात वर्ष बितिसक्यो। समयमा कापीकलम र शुल्क तिर्न नसक्दा छोराछोरीहरू विद्यालय जान समेत मान्दैनन्। छर्राको चोटको पीडा छुट्टै। होटेलदेखि घुम्टीसम्म आइपुगेकी छु। ऋण सापट गरेर अझै पनि छोराछोरीलाई पढाउने इच्छा त थियो। हामी जस्तालाई कसले पो पत्याउँछन् र ? उपचार नै नपाएर परिवार नै अपाङ्ग हुनु लेखेको रहेछ ‘कोही छौ भने उपचार गरिदेऊ’ उनको पीडा सुन्ने फुर्सद न उनलाई, विचल्लीमा पार्ने माओवादीलाई छ न राज्यलाई उनको चिन्ता। इन्सेक सुर्खेतद्वारा गठित मेलमिलाप मञ्चकी सदस्य रहेकी नैनाले खुइयय गरिन् “यसरी कति दिन बाँच्ने हो ?”

# गुमनाम युवा



लोकराज अवस्थी

**नेपालको सर्न्दभमा युवाको मुख्य समस्या भनेको निराशापन हो। युवामा आत्मशक्ति कम हुँदै गएको छ। आफ्नो भविष्यप्रति आशा भन्दा पनि निराशा बढ्दै गएको छ। सुनौलो भविष्य भन्दा पनि अन्धकारमय भविष्यका तस्बिरहरू युवाका आँखा वरिपरी घुमिरहेका छन्। जति पढे, जति काम गरे पनि केही हुँदैन। नोकरी पाइँदैन। अवसर भेटिँदैन भन्ने सोचाइले युवामा रहेको जोश कम हुँदै जाँदा उनीहरूमा निराशा बढ्दै गएको पाइन्छ।**

**विषय प्रवेश**

युवा राष्ट्र निर्माणको मेरूदण्ड हुन्। युवाको सहभागिता बिना समाज तथा राष्ट्रको विकास तथा परिवर्तन हुन सक्दैन्। हरेक राष्ट्रको विकास तथा परिवर्तनमा युवाको महत्वपूर्ण सहभागिता रहेको हुन्छ। यी यस्तै भनाइहरू जसले युवाको सही उपयोग गरी परिवर्तनको फड्को मारेका राष्ट्रहरूको हो। उनीहरू युवालाई सम्मान गर्दछन्। युवाको चाहाना अनुसार आफ्ना नीति तथा कार्यक्रमहरू सञ्चालन गर्छन्। युवालाई राष्ट्रिय बोझ भन्दा पनि शक्तिका रूपमा लिन्छन्। युवालाई राष्ट्र निर्माणमा सहभागी बनाएर मलेशिया, थाइल्याण्ड, सिंगापुर, दक्षिणकोरिया, स्वीजरल्याण्ड, जापानले छोटो समयमा विकासको फड्को मारेका उदाहरणहरू छन्।

नेपालमा जहिले पनि राजनीतिक, समाजिक तथा आर्थिक क्षेत्रमा युवालाई बढी चर्चा कम महत्व दिने गरिन्छ। राजनीतिक क्रान्ति, समाजिक परिवर्तन, विकास निर्माणमा युवालाई परिचालन गरे पनि वास्तविक युवा सहभागिता हुन सकेको अवस्था विद्यमान छ। युवालाई सस्तो श्रम, राजनीतिक पार्टी वा नेताको स्वार्थ पूरा गर्न मात्र अघि सार्ने गरेको पाइन्छ। युवालाई निश्चित उद्देश्यका लागि जहिले पनि अग्रभागमा राखिने र उद्देश्य पूरा भएपछि वेवास्ता गर्ने नेपाली परम्परा पुरानै हो। नेपाली समाज युवाप्रति विश्वस्त हुन सकेको छैन। युवालाई अरू भन्दा फरक दृष्टिकोणले हेर्ने गरेको पाइन्छ। जसको कारण युवामा विभिन्न खाले समस्या देखिएका छन्। युवा किन समाज वा राष्ट्रप्रति जिम्मवार हुन सकेको छैनन्। युवा किन जहिले पनि परिवर्तन पछि गुमनाम हुन्छ। र, मुलधारबाट युवा पाखा लाग्छ। लोकतन्त्र आएपछि पनि यो प्रक्रियाले निरन्तरता पाइरह्यो।

**युवाको परिभाषा**

संयुक्त राष्ट्रसङ्घले १५ देखि २४ वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानेको छ। नेपाल सरकारको राष्ट्रिय युवा नीति २०६५ ले १६ देखि ४० वर्षसम्मका महिला, पुरूष तथा तेस्रो लिङ्गीलाई युवा मानेको छ। बालबालिकासम्बन्धी महासन्धि १९८९ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले १८ वर्ष भन्दा माथिकालाई युवा मानेको छ।

**युवाको तथ्याङ्कीकरण**

राष्ट्रिय जनगणना २०५८ का अनुसार १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको जनसङ्ख्या ६१ लाख ३१ हजार २ दुइ सय ४८ जुन कूल जनसङ्ख्याको २६.५ प्रतिशत हुन रहेको छ। १६ देखि ३५ सम्मका उमेर समूहको कुल जनसङ्ख्याको करिब ३६% रहेको छ। जसमा कूल जनसङ्ख्याको ८३ प्रतिशत युवा ग्रामीण क्षेत्रमा र १७ प्रतिशत शहरमा बसोबास गर्दछन्। शहरी जनसङ्ख्याको ४० प्रतिशत युवा रहेका छन्। युवाहरूको साक्षारता दर ७०.१ प्रतिशत छ। १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको बेरोजगारी ११.४ प्रतिशत रहेको छ। नेपाल सरकारको तथ्याङ्क अनुसार १५ लाख युवा बेरोजगार रहेका छन्। प्रत्येक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थालबाट लगभग ६ सय जना युवा बेरोजगारको लागि देश बाहिर जाने गरेका छन्। ५ लाख युवा श्रमको लागि नेपाली श्रम बजारमा प्रवेश गर्छन्।

विश्व युवा प्रतिवेदन २००५ को अनुसार २० करोड युवा गरिबीको रेखामुनी रहेका छन् भने ५१ करोड ५० लाख युवाको प्रतिदिन आय २ अमेरिकन डलर भन्दा कम रहेको छ। १३ करोड युवा अशिक्षित छन्। ८ करोड ८० लाख युवा बेरारेजगारीको शिकार भएका छन् ,जसमा आधाभन्दा बढी एशिया र अफ्रिकामा रहेका छन्। १ करोड युवा एचआईभी प्रभावित बनेका छन्। प्रत्येक दिन छ सात हजार युवा एचआईभीबाट सङ्क्रमित हुने गरेको छन्।

वर्तमान समयमा युवाको बारेमा अध्ययन गर्दा युवा क्रियाकलाप तथा देशको अवस्थाको निष्पक्ष रूपले विश्लेषण गर्नु आवश्यक छ। युवा अवस्थालाई यसरी हेर्न सकिन्छ।

**राष्ट्रिय कार्ययोजनाको अभाव**

राष्ट्रिय युवा नीति लागू भएको दुई वर्ष पूरा हुँदासम्म सरकारले न त युवा परिषद् गठन गरेको छ । न त कुनै विशेष कार्यक्रम नै ल्याउन सकेको छ। युवा नीतिले अवलम्वन गरेका नीतिका आधारमा युवा लक्षित कार्यक्रम ल्याउन नसक्दा युवाहरू दिनानुदिन विदेश पलायन हुन बाध्य भएका छन्। देशको राजनीतिक सङ्क्रमणकालीन अवस्थामा सरकारको उचित कार्यक्रम नभएको कारणले युवाले राष्ट्रका लागि योगदान दिन पाएनन्। राज्य एक युगबाट अर्को युगमा प्रवेश गर्ने बेलामा पनि न त युवालाई राज्यको नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता भयो। नत, सरकारले युवा सहभागिताको लागि उपयुक्त कार्यक्रम तय नै गर्न सक्यो। इतिहासको यो महत्वपूर्ण क्षणमा युवालाई पाखा लगाएर

अगाडि जानु राज्यका लागि घाटाको विषय हो। युवा समस्याको रूपमा देखा पर्नुमा मुख्य कारण सरकारको उचित कार्यक्रम तथा नीतिको अभाव नै मुख्य जिम्मेवार मान्न सकिन्छ। यसकारण युवाका लागि कम्तिमा पाँच वर्षका लागि युवा लक्षित विशेष कार्यक्रम ल्याउनु पर्छ। राष्ट्र निर्माणमा युवालाई सहभागी बनाउने रोडम्याप सहितको राष्ट्रिय कार्ययोजना तर्जुमा गरिनु पर्छ।

**युवा आफै राष्ट्रिय समस्या**

भनिन्छ, युवा राष्ट्रका बलिया खम्बा हुन। युवा बिना राष्ट्रको विकास सम्भव छैन्। युवा राष्ट्र निर्माणका मेरूदण्ड हुन्। तर, नेपालमा अहिले युवा राष्ट्रका बोझ सावित भएका छन्। राष्ट्र निर्माणका बाधकका रूपमा देखिएका छन्। राष्ट्रनिर्माण त कता हो कता हो उल्टो ध्वंस, हत्या, अपहरण, लुटपाट लगायतका गतिविधिमा संलग्न छन्। राष्ट्र सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको अवस्थामा आफ्नो कर्तव्यबाट विमुख भएका छन्। कर्तव्य भुलेर कथित अधिकारको नाममा राष्ट्रलाई हानी हुने कार्य गरी रहेका छन्। सबैलाई एक ठाउँमा ल्याउन महत्वपूर्ण भूमिका खेल्नु पर्नेमा राजनीति, भूगोल, जातजाति, वर्गमा विभाजित गर्नमा देशलाई अप्ठ्यारो पार्नमा मुख्य भूमिका निर्वाह गरिरहेका छन्। युवा दक्ष जनशक्तिका रूपमा विकसित हुनु पर्नेमा राष्ट्रिय समस्या बन्दै गएका छन्। लोकतन्त्र, कानुनी शासन, मानवअधिकार, कानुन तथा नीतिको पालना गरी जिम्मेवार नगारिकको भूमिका निर्वाह गर्नु पर्नेमा दण्डहीनतालाई प्रश्रय दिने गरेको छ। यो सङ्क्रमणकालीन अवस्थाको खराब पक्ष हो। यसको लागि युवा प्रत्यक्ष जिम्मेवार छ।

**अतिवादमा युवा**

अन्य वर्ग तथा समुदायमा जस्तै युवामा पनि अतिवाद हावी रहेको पाइन्छ। मै खाउँ, मै लाउँ भन्ने गलत संस्कृतिबाट युवा पनि टाढा रहन सकेन। युवाका नाममा, पार्टीका नाममा, भूगोलका नाममा युवामा अतिवादले जरो गाडेको छ। मेरो देश, मेरो समाज, मेरो भाषा, मेरो संस्कृतिमा सीमित रहन पुग्यो। हाम्रो देश, हाम्रो समाज अथवा हाम्रो भन्न छोडेर मेरोमा सीमित रह्यो। यो तेरो यो मेरो भनेर राष्ट्र, धर्म, भाषा, जातजाति तथा संस्कृति विभाजनको गर्न कारक बन्न पुग्यो। विविधतामा एकता खोज्नु पर्ने दायित्व बोकेको युवा एकतामा विविधतामा विभाजन गर्नतिर अगाडि बढ्न थाल्यो। अतिवादका नाममा आफ्नै दाजुभाइ मार्न र समाजलाई विभाजन गर्नमा उद्धत रह्यो। समाजलाई मिलाएर अघि जानुपर्छ भन्दा पनि समाजमा द्वन्द्व फैलाउने माध्यम बन्न पुगे राष्ट्र निर्माणका मेरूदण्ड मानिएका युवा। कसैका फाइदा तथा हितका लागि युवा अतिवादका शिकार बने। अतिवादले युवालाई आफ्नो कर्तव्यबाट विमुख बनायो। कर्तव्य भुले। उसमा नराम्रो तरिकाले अतिवादले जरो गाड्यो। जुन राष्ट्रको लागि हानिकारक साबित भएर आयो। राष्ट्रका लागि म भन्दा पनि मेरा लागि राष्ट्र भन्ने साँघुरो सोचाइबाट अगाडि बढदा कसैलाई पनि फाइदा हुन सकेन।

**युवामा बढ्दो निराशापन**

नेपालको सन्दर्भमा युवाको मुख्य समस्या भनेको निराशापन हो। युवामा आत्मशक्ति कम हुँदै गएको छ। आफ्नो भविष्यप्रति आशा भन्दा पनि निराशा बढ्दै गएको छ। सुनौलो भविष्य भन्दा पनि अन्धकारमय भविष्यका तस्बिरहरू युवाका आँखा वरिपरी घुमिरहेका छन्। जति पढे, जति काम गरे पनि केही हुँदैन। नोकरी पाइँदैन। अवसर भेटिँदैन भन्ने सोचाइले युवामा रहेको जोश कम हुँदै जाँदा उनीहरूमा निराशा बढ्दै गएको पाइन्छ। न त उनीहरूलाई राज्यले आश्वस्त पार्न सकेको छ। न त युवा आफैँले केही गर्न सकिन्छ भन्ने सकरात्मक भावनाको विकास गर्न सकेका छन्। स्नाकोत्तर पढेर पनि सिरानी मुनी प्रमाणपत्र थन्क्याउन बाध्य युवामा आशा पलाउन सक्ने सम्भावना कम छ। देशमा उचित नीति तथा कार्यक्रम नभएका कारण पनि युवामा निराशा बढ्दै गएको पाइन्छ। अन्य रोगको उपचार सहजै हुने भए पनि निराशाको उपचार गर्न गाह्रो छ। युवामा राष्ट्रिय रोगको रूपमा देखा परेका निराशापनले राष्ट्र निर्माण तथा युवाको उन्नति प्रगतिलाई रोकेको छ। यसको उपचार त्यति सहज र सजिलो छैन्। नेपालमा भविष्य नदेखे पछि घरजग्गा बेचेर भए पनि विदेशीन बाध्य हुन थालेका छन्। युवाले आत्महत्या गर्नु, लागू दुर्व्यसनमा फस्नु, अपराधिक कार्यमा लाग्नु आदिको मुख्यकारण पनि निराशापन नै हो।

**मुकदर्शक युवा**

जनआन्दोलन सफल पार्न निरङ्कुश शासकको अगाडि गोली थापी नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन रगत बगाउने युवा पिँढी लोकतन्त्रप्राप्त भइसके पछिका दिनमा भने निरासाजनक मनस्थितिमा मौन बसेर रमिते बनिरहेका छन्। राजनीतिक दलहरू आफैँले गरेका प्रतिबद्धता पूरा गर्नबाट चुके। आफैँले गरेका सम्झौताप्रति अविश्वास गरी बीच बीचमा विभिन्न खाले बहाना वा बाधा अड्चन निकाले, गैरजिम्मेवारपूर्ण कार्य गर्न पछि परेनन्। शान्ति सम्झौतालगायत सहमति सम्झौता कार्यान्वयनमा गर्नमा चुके। जसको कारण संविधान बेलैमा बन्न सकेन। जसको परिणाम दुई वर्षको कार्यकाल थप एक वर्ष थपियो। युवाहरू आफ्नो दायित्व पूरा भए जस्तो गरी भूमिका विहीन बन्न पुगे। जसको कारण देश सही मार्गमा अगाडि बढ्न सकेन।

**लोकतन्त्रप्रति गैरजिम्मेवार**

लोकतन्त्रका लागि ज्यान आहुती गर्ने र रगत बगाउने युवाले लोकतन्त्र प्राप्ति पछि लोकतान्त्रिक मूल्य मान्यताहरू अनुसरण गरी आफू अनुशासित बनाइ कानुनी शासनको बारेमा वकालत गर्नुपर्नेमा युवा आफैँ त्यसको बाधक बन्न पुगे। लोकतन्त्र सुन्दर पक्ष भनेको मानवअधिकार, कानुनी शासन, प्रेस स्वतन्त्रता, विचारको सम्मान हो। तर, बिडम्बना नेपाली युवाले त्यसको अनुसरण गर्नु त कता हो कता कानुनी शासनको उपहास गरे। कानुनलाई आफ्नो हातमा लिने कार्य गरे। शान्ति स्थापनाको लागि सबै पक्षलाई एउटै ठाउँमा ल्याई मेलमिलापको वातावरण सिर्जना गर्नु पर्ने अवस्थामा युवा आफैँ विभिन्न सम्प्रदायिक, जातीय, क्षेत्रीय आन्दोलनमा सहभागी भएर उल्टै देशलाई अस्व्यस्त बनाउनतिर लागे।

**जहिले पनि राजनीतिक दलका पिछुलग्गु**

नेपालमा राजनीतिक दलहरूले युवाको सदुपयोग भन्दा दुरूपयोग बढी गरे। दलहरूले शान्ति प्रकृया पछि पनि युवालाई हत्या, हिंसा, तोडफोड, जबरजस्ती, अपहरण, बन्द हड्ताल जस्ता कार्यमा लगाई संरक्षण दिए। कानुन आफ्नो हातमा लिनुलाई युवाले आफ्नो बहादुरीको रूपमा लिने प्रवृत्तिको विकास हुँदै गयो। उनीहरूले कानुनलाई भन्दा आफ्नो पार्टीका नेताको आदेशलाई बैधानिकता दिन थाले। राजनीतिक पार्टीसँग आवद्ध युवाहरूमा त कानुन नमान्ने होडबाजी नै चल्न थालेको

छ।

राजनीतिक पार्टीहरूले विभिन्न नाममा भातृ सङ्गठनको स्थापना गरी युवालाई लडाकु दस्ताको रूपमा विकास गरे। युवा कार्यकर्तालाई पार्टीको हित अनुकुल हुने गरी भिडन्तको मैदानमा उतारे। र, कानुनी राज्यको उपहास गर्ने संस्कृतिको सुरूवात गरे। समाजिक रूपान्तरण तथा विकास निर्माणका लागि परिचालन गरिएको भनिएता पनि अर्धसैनिक प्रकृतिको यस संगठनले समाजमा सन्त्रास फैलायो। राजनीतिक दलका भातृसंगठनले प्रहरी प्रशासनको विकल्पमा आफूलाई उभ्याउने प्रयासमा लाग्यो। पार्टीको संरक्षणत्वमा उनीहरूको मनमर्जी चल्दै गयो। अपहरण, चन्दा असुली, कुटपिट, तोडफोड जस्ता कार्य गरेर सर्वमान्य विश्वको न्यायिक प्रणालीलाई ठाडो चुनौती दिए। युवा आफ्नो भन्दा पनि अरका लागि परिचालित भए। आफ्नो सुन्दर भविश्य बनाउने बेला अरूको स्वार्थ पूरा गर्नमा आफ्नो उर्वरशील समय व्यतित गरे।

**आफैँले आफैलाई प्रश्न कहिलेसम्म ?**

नेपालका युवाहरूलाई जहिले पनि अरूका लागि, अरुद्वारा र अरुले नै उपयोग गरिए। युवालाई सही ढङ्गले राष्ट्रनिर्माणका लागि उपयोग गर्न पहल समेत गरिएन। अब युवा स्वयंले एकछिन सोच्नुपर्ने बेला आएको छ। हामीले कहिलेसम्म राजनीतिक पार्टीको लागि प्रयोग भइ राख्ने ? कानुनको धज्जी कहिलेसम्म उडाउँदै जाने ? घर, परिवार, समाज र आफ्नो भविष्यलाई बन्दगी राखेर पार्टीलाई सत्तामा मात्र पुऱ्याउन कहिलेसम्म ज्यान आहुती दिने ? आखिर हामीले के पायौँ त ? सतही राजनीतिक परिवर्तन वा फरक राज्य सञ्चालक? युवाको बलिदान त्यागको बदलामा राज्न्य सञ्चालकले के दिए महँगी, बेरोजगार, दण्डहीनता वा युवा युवाबीचको झडप ? खै हामीले दिएको बलिदानको कदर र सम्मान ? खै हाम्रो सुनिश्चित उज्ज्वल भविष्य ? खै न्यायिक शासन प्रणाली ? खै दण्डहीनताको अन्त्य ? प्रश्नै प्रश्नको भुमरीमा कहिलेसम्म बाँच्ने ? उत्तर हामीले कसलाई सोध्ने ? जहिले पनि अरूका लागि आफ्ना लागि कहिले ? हामीलाई त देशले, माटोले र भावीपुस्ताले यि प्रश्नहरूको जवाफ दिनु पर्छ।

**जिम्मेवारीबिहीन युवा**

नेपाली युवाहरूहरूको जिम्मेवारी गधाको भारी जस्तो भइदियो। अरूले जति बोकाए पनि बोक्ने तर, आफैँ आवश्यकता अनुसार नबोक्ने। अब देशलाई निकास दिन अबेर भइसक्यो। नेपाली राजनीतिले गम्भीर मोड लिएर देश अनिर्णयको बन्दी बनिरहेको छ। सात राजनीतिक पार्टीहरू एक आपसमै लडी रहेका छन्। प्रतिगामी तत्व विभिन्न बहानामा अस्थिरता सिर्जना गरिहेका छन्। तर पनि नेपाल सरकार कानमा तेल हालेर सुतिरहेका छन्। नेपालका जिम्मेवार राजनीतिक पार्टीहरू विदेशीको इशरामा चली जनभावना कुल्चेर अगाडि बढिरहेका छन्। जनतालाई भुलेर मुख्य दलहरू आफूलाई सर्वशक्तिमान ठानेर निरङ्कुश शैलीमा शासन चलाइरहेका छन्।

समय परिवर्तन भइ सकेको छ। अरूको मुख ताक्ने भन्दा पनि आफैँले अघि सरेर राष्ट्रका लागि योगदान गर्ने बेला आएको छ। देशले युवाको सहभागिता पर्खिरहेको छ। युवाको श्रम, शक्ति, जोश, जागर सीप र सिर्जना राष्ट्र निर्माणका लागि खर्चिनु पर्ने बेला आएको छ। राष्ट्रले मलाई के दियो भन्दा पनि राष्ट्रलाई मैले के दिए भन्ने बेला आएको छ। साँच्चिकै राष्ट्र निर्माण गर्ने हो भने युवाले निम्न कार्यहरू गर्नुपर्ने समय आएको छ।

**सबैको सोचाईमा परिवर्तन आउनु जरूरी**

नेपालका राजनीतिक पार्टी तथा राज्य सञ्चालकहरूले युवाको बारेमा रहेको परम्परागत धारणमा परिवर्तन गरी युवालाई राज्यका सबै तहमा सहभागी गराउनु पर्छ। राजनीतिक दहरूले राजनीतिक उद्देश्यका लागि युवालाई दुरूप्रयोग गर्ने कार्य तुरून्त रोक्नु पर्छ। राज्य जिम्मेवार भएर नवनेपाल निर्माणमा युवालाई सहभागी गराई उनीहरू क्षमता, सीप र जागरको सम्मान गरी समुन्नत राष्ट्र निर्माणको महान अभियानमा संलग्न गराउनु पर्छ। युवाको आवश्यकतालाई स्वीकार्दै युवालाई सही मार्गमा सही कामका लागि उपयोग गरिनु पर्छ। सरकारले पनि कार्यक्रमको नियमितता भन्दा पनि विशेषका खालका कार्यक्रम तय गरी युवालाई संलग्न गराइनु पर्छ। युवा लगानी ल्याउछ, सुनौलो भन्ने सोचाईबाट एकत्रित रूपमा कार्ययोजना ल्याउनु पर्छ।

**काँधमा आएको जिम्मेवारी पूरा गर्ने सुनौलो अवसर**

युवाहरू देश निर्माणको मेरूदण्ड र आधारस्तम्भ हुन्। जबसम्म युवा वर्ग देश निर्माणका लागि जागरूक भएर अगाडि आउँदैनन। तबसम्म देशले चाहेजस्तो गति लिन सक्दैन। नेपालको सन्दर्भमा अहिले राजनीतिक परिवर्तनसँगै एक युगको अन्त्य र अर्को युगको सुरूवात भइरहेको छ। नयाँ युगको जग बसाल्नका लागि दक्ष, सक्षम र नयाँ जोश जाँगर भएका नवजवानहरूको आवश्यकता हुन्छ। यो युग परिवर्तनको जिम्मा अब नेपाली युवाको काँधमा आइपरेको छ। यसका लागि हरेक युवा जिम्मेवार भएर आफ्नो दायित्व निर्वाहका लागि तयार भएर अगाडि आउनु पर्छ। युवाका लागि समाज, राष्ट्र र समाज, राष्ट्रका लागि युवा आवश्यक र उचित छ भन्ने कुराको अध्ययन गरी सोही अनुसारको कार्ययोजना र नीति आउनु अबको आवश्यकता हो। युवालाई समाज तथा राष्ट्र भन्दा बाहिर राखेर होइन कि भित्रै राखेर हेरिनु पर्छ। आवश्यकता महसुस गर्नु पर्छ तबमात्र सही मूल्यांकन हुन सक्छ। युवाले पनि आफ्नो जिम्मेवारीलाई गधाको भारीको रूपमा नहेरेर आवश्यक, चाहना र कर्तव्यलाई सँगसँगै लानु पर्छ। सबैले आफ्ना पुरातनवादी सोचाविचार तथा क्रियाकलापलाई परिवर्तन गरी अग्रगामी सोच र कार्य गरे सबैले कल्पना गरेको समुन्नत, विकसित र सक्षम नेपाल बन्छ। यसकारण सबैले सकरात्मक सोचाइका साथ अघि बढेमा नयाँ नेपाल निर्माण धेरै टाढा छैन्।

**सर्न्दभ सामग्री**


१. राष्ट्रिय युवा नीति, २०६५
२. युवा च्याप्टर, अन्तरिम तीन वर्ष कार्ययोजना २०६३
३ . भट्टराई गोपीकष्ण, युवा विकास र योजना
४. तन्नेरी पुस्ता मासिक पत्रिका, अङ्क २
५. विश्व युवा प्रतिवेदन, २००५
६. राष्ट्रिय तथ्याङ्क विभाग, जनगणना २०५८
७. युवा बुलेटिन अङ्क १०, युवा तथा खेलकुद मन्त्रालय।
८. युएनएफपीए

# युवा जनसङ्ख्याको व्यवस्थापन

**वर्तमान समयमा लोकतन्त्र, मानवअधिकार, शान्तिका विषयमा जति चर्चा परिचर्चा गरिन्छ त्यती विकाससँग प्रत्यक्ष सरोकार राख्ने जनसङ्ख्याको विषयमा चर्चा परिचार्चा नहुनु आफैँमा विडम्बना बनेको छ। नागरिक तथा राजनीतिक अधिकारका विषयमा प्रशस्त छलफल र बहस भइरहँदा विकासको अधिकारको विषयमा त्यही रुपमा छलफल हुन जरुरी छ।**



गोपीकृष्ण भट्टराई

अक्टुबर ३१ मा विश्वको जनसङ्ख्या ७ अर्ब नाघेको छ। अक्टुबर ३१ अगाडि राष्ट्रसङ्घले जनसङ्ख्या व्यवस्थापनको लागि 'सेभेन बिलियन' अभियान नै चलाएको थियो। नेपालमा भर्खरै सम्पन्न राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक प्रतिवेदनले नेपालको जनसङ्ख्या २ करोड ६६ लाख देखाएको छ। जसमा पुरुषको संख्या १ करोड २९ लाख (४८.५६ प्रतिशत) र महिलाको संख्या १ करोड ३७ लाख (५१.४४ प्रतिशत) छ। यद्यपी संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए) ले २०६७ कात्तिकमा सार्वजनिक गरेको'विश्व जनसङ्ख्या स्थिति २०१० प्रतिवदेन'ले नेपालको जनसङ्ख्या ३ करोड पुगेको उल्लेख गरेको थियो।

केही वर्ष अगाडि यातायात, सडक, विद्युतजस्ता भौतिक सुविधासँग सम्बन्धित विषयहरुलाई विकासको सूचकको रुपमा लिने गरिन्थ्यो। तर अहिले भौतिक सुविधाका अतिरिक्त प्रजनन् स्वास्थ्य, शिक्षा, रोजगारी, गरिबी निवारण, भोकमरी, वातावरण, औसत आयुजस्ता विषयलाई विकासको सूचकको रुपमा परिभाषित गर्न थालिएको छ। यी सूचकमध्ये प्रजनन् स्वास्थ्य, शिक्षा, रोजगारी, गरिबी तथा भोकमरीजस्ता विषयले युवाजनसङ्ख्यालाई बढी प्रभावित पार्दछ। यसर्थ युवाजनसङ्ख्या र विकासबीच एकअर्कामा अन्योन्याश्रित सम्बन्ध राख्द छ।

जनघनत्व बढी भएको स्थानमा विकासका गतिविधिहरु तिव्रतररुपमा चलेको र विकास भएको पाइन्छ। नेपालको पछिल्लो अवस्थालाई हेर्ने हो भने जनघनत्व बढी भएका स्थानहरुमा तिब्ररुपमा विकास भएको छ भने यातायात, सञ्चार, विद्युत, स्वास्थ्य, शिक्षा, रोजगारीको अवस्था राम्रो छ। विकास प्रत्यक्ष सम्बन्ध जनसङ्ख्यासँग हुने हुँदा जनसङ्ख्या व्यवस्थापनले विकासलाई निर्धारण गर्छ। यसर्थ युवाजनसङ्ख्याको उचित व्यवस्थापन र समग्र विकास प्रक्रियामा सहभागिता देश विकासको लागि आवश्यक छ।

वर्तमान समयमा लोकतन्त्र, मानवअधिकार, शान्तिका विषयमा जति चर्चा परिचर्चा गरिन्छ त्यती विकाससँग प्रत्यक्ष सरोकार राख्ने जनसङ्ख्याको विषयमा चर्चा परिचार्चा नहुनु आफैमा विडम्बना बनेको छ। नागरिक तथा राजनीतिक अधिकारका विषयमा प्रशस्त छलफल र बहस भैरहदा विकासको अधिकारको विषयमा त्यही रुपमा छलफल हुन जरुरी छ। शान्ति स्थापना विना विकासको द्वारा खोलिन्दैन भनि बहस भैरहँदा जनसङ्ख्याको अव्यवस्थापनको कारण विकासमा बाधा पुगेको विषयलाई हामीले आँखा चिम्लिएको जस्तो देखिन्छ। अर्कोतर्फ जनसङ्ख्या नियन्त्रण होइन उचित व्यवस्थापन हुनुपर्छ भन्नेमा हाम्रो ध्यान जान सकेको छैन।

कुल जनसङ्ख्याको १५ देखि २९ वर्ष समूहका पुरुष जनसङ्ख्याको प्रतिशत ३० प्रतिशतभन्दा बढी छ भने त्यसलाई 'युथ बल्ज' भनी जर्मन सामाजिक अन्वेषक गुनार हेइनसोहनले १९९५ मा नामाकरण गरेका थिए। 'युथ बल्ज' भएको देशमा विभिन्न प्रकारका हिंसा र युद्ध भई समाजमा अशान्ति छाउने गुनारले विश्लेषण गरेका छन्। यसको प्रमाणको रुपमा हिंसामा फसेका पाकिस्तान, अफगानिस्तान, इराकलाई हामी हेर्न सक्छौ जहाँ कुल जनसङ्ख्याको १५ देखि २९ वर्ष समूहको युवाको जनसङ्ख्या ३० प्रतिशत भन्दा बढी छ। 'फ्रेन्च रिभुलुसन' हुँदा फ्रान्समा १५ देखि २९ वर्ष समूहको पुरुष युवाजनसङ्ख्या ३० प्रतिशत भन्दा बढी थियो। त्यसैगरी अमेरिकाको वासिङ्टन डिसिस्थित पपुलेशन एक्सन इन्टरन्याशनल (पीआइए) ले गरेको एक अध्ययनले सशस्त्र द्वन्द्व र युवा जनसङ्ख्याबीच सम्बन्ध रहेको देखाएको थियो। त्यस अध्ययनले युवा जनसङ्ख्याको उचित व्यवस्थापन नहुने हो भने युवाहरु हिंसा र अशान्तितर्फ लाग्ने देखाएको छ। यी अध्ययन र सिद्धान्तले युवा जनसङ्ख्याको व्यवस्थापनको महत्वलाई दर्शाएको छ।

राष्ट्रिय युवा नीति, २०६६ अनुसार नेपालमा युवाको जनसङ्ख्या ३८.८८ प्रतिशत रहेको छ। पछिल्लो जनगणनाले त्यो सङ्ख्या ४० प्रतिशतको हाराहारीमा पुगेको अनुमान गरिएको छ। सक्रिय र क्रियाशिल जनसङ्ख्याको हिस्सा ओगट्ने युवाहरु नै छन्। यसलाई 'बोनस पपुलेसन' पनि भन्ने गरिएको छ। जनगणना २०६८ को प्रतिवदेन अनुसार 'बोनस पपुलेसन' को रुपमा चिनिएका १९ लाख १७ हजार युवाहरु कामको खोजिमा विदेशीएका छन्। नेपालमा १५ देखि ३० वर्ष समूहको युवाको जनसङ्ख्या वृद्धि हुँदै गएको छ। जुन अति सक्रिय, सृजनशील, जोशजाँगर भएको जनसङ्ख्या हो। यो सक्रिय र सृजनशील जनसङ्ख्याको उचित व्यवस्थापन अहिलेको आवश्यकता हो। यो जनसङ्ख्याको उचित व्यवस्थापन हुन सकेन भने उनीहरुमा निराशा पैदा भै हिंसात्मक गतिविधिमा

संलग्न हुने सम्भावना हुन्छ।। बढ्दो युवा जनसङ्ख्याको उचित व्यवस्थापन हुन नसके माओवादी सशस्त्र संघर्ष जस्तो अर्को संघर्ष हामीले भोग्ने छौ। यसको लागि हामीले रोजगारीको सृजना, प्रजनन् स्वास्थ्यमा सुधार, मातृशिशु मृतृदरमा कमी ल्याउनु पर्छ। जुन विकासको सूचक पनि हो।

युवा तथा खेलकुद मन्त्रालय र अर्थ मन्त्रालयलले युवाको लागि भनी युवा स्वरोजगार कार्यक्रम लागू गरेको छ। युवा उद्यामशिलताको लागि मन्त्रालयले रकम विनियोजन गरेको छ। त्यसरी विनियोजन गरेको रकम लिइ सञ्चालन भएका उद्यमको लागि विमाको समेत प्रबन्ध गरिएको छ। तर ती कार्यक्रमको प्रचारप्रसार तथा ती कार्यक्रममा सहभागी हुन अपनाउनुपर्ने जटिलताका कारण युवाहरु त्यसबाट लाभाविन्त हुन सकेका छैनन्।

अहिले प्रतिदिन १५०० युवा रोजगारीको लागि तेस्रो मुलुक जाने गरेको वैदेशिक रोजगार विभागको २०६८ साउन महिनाको तथ्याङ्कले देखाएको छ। जसमा भारत जानेको संख्या समावेश छैन। उमेर छदा अरब र मलेशिया पुगेका युवाले पठाएको रेमिट्न्यास्बाट अर्थतन्त्र चलेको हाम्रो देशमा युवाको लागि कुनै निश्चित कार्यक्रम नीति निर्माताले ल्याउन सकेका छैनन्। जसको कारण रोजगारीको लागि विदेशिनु स्वभाविक बनेको छ। एकातिर युवालाई विदेश जाने र पैसा पठाउने रुपमा मात्र हेरिरहेको अवस्था छ भने अर्कातिर केही विदेश जानु नहुनेमा तर्क राख्ने पनि गर्ने गरिएको छ। विदेश जानु ठिक वा वेठिक बहसको विषय बन्न सक्छ। तर अहिलको प्रमुख सरोकार भनेको स्वदेशमै रोजगारीको सृजना र विदेशबाट फर्किएर आएका युवाले ल्याएका ज्ञान, सीप र त्यहाँ उनीहरुले सिकेको आचरणलाई पुँजीकृत गर्नु हो। उनीहरुको सहभागिता स्थानीय निकायबाट हुने विकास निर्माण लगाउन सके केही वर्षमा हामी विकासको बाटोमा लम्कने छौं। यसको लागि खाँचो छ त केवल राजनीतिक नेतृत्वको प्रतिबद्धता र राजनीतिक स्थायित्व।

राजनीतिक अस्थिरतका कारण देशको अर्थतन्त्र धाराशयी बनेको यथार्थ हामीसामु छ। राजनीतिक अस्थिरताले देशमा भएका उद्योगधन्दा, कालकारखाना बन्द, हड्ताल, चन्दा आदिबाट पीडित बनेका छन्। मोरङ जिल्लामा मात्र उद्योगहरू बन्द भएका कारण २० हजार मजदुर बेरोजगार भएका छन्। अर्थतन्त्र उकालो लाग्न सकेको छैन। बन्द, हड्ताल, चन्दामा राजनीतिक दलले युवाहरूलाई संलग्न गराएका छन्। बेरोजगार युवाहरू काम नभएपछि त्यस्ता क्रियाकलापमा लाग्नु स्वभाविक पनि बन्यो। देशको बहुसङ्ख्यक जनसङ्ख्या युवा रहेकोमा युवालाई कृषिमा आकर्षित गर्ने योजना र कार्यक्रम बनाई एकीकृत जनसङ्ख्या व्यवस्थापनमा योजनाकारले ध्यान दिन आवश्यक छ। अहिले अवश्यकता भनेको आधुनिक, वैज्ञानिक र व्यवसायिक कृषि प्रणालीलाई प्राथमिकता दिने योजना निर्माण र कार्यान्वनको हो। कृषिमा आत्मनिर्भर बन्नको लागि वैज्ञानिक र व्यवसायिक कृषि प्रणाली अपनाउनुपर्छ जसले युवालाई त्यसतर्फ आर्कषित गरोस्।

पछिल्लो समयमा युवाले विभिन्न उद्यमशिलता अपनाएको खबरहरु पत्रपत्रिका तथा रेडियो टिभीमा पढ्न, सुन्न र हेर्न पाइन्छ। युवा उद्यमशीलतालाई पुँजीकृत गर्न सके त्यसले ल्याउने जति परिवर्तन र विकास अरु क्षेत्रबाट असम्भव छ। यसको लागि युवामैत्री लगानीको वातावरण र युवामा पुँजीको पहुँच हुन जरुरी छ। यसले युवा उद्यमशिलता वृद्धि भै स्वदेशमै रोजगारीको ढोका खुल्थ्यो भने अर्कोतर्फ कामका लागि तेस्रो मुलुक जाने सङ्ख्यामा समेत कमी आउँथ्यो।

झण्डै ४० प्रतिशत युवा जनसङ्ख्यालाई केन्द्रमा राखेर उनीहरुको व्यवस्थापनको लागि निजामती, कृषि र पर्यटन क्षेत्रमा रोजगारीको सृजना गर्ने गरी नीति तथा कार्यक्रम बनाउनुका साथै उनीहरूको विकासका गतिविधिमा अर्थपूर्ण सहभागिता अहिलेको प्रमुख आवश्यकता हो। जसले विदेशीने युवाको सङ्ख्यामा कमी ल्याउनुका साथै हिंसा, अपराधजस्ता गतिविधबाट युवालाई टाढै राखी विकास प्रक्रियासँगै शान्ति प्रक्रियामा देशलाई डोऱ्याउने छ।

**द्वन्द्वको क्रममा भएका मानवअधिकार तथा मानवीय कानूनको गम्भीर उल्लङ्घनमा संलग्न दोषी विरुद्ध जवाफदेहिता सुनिश्चत गरी पीडितलाई न्यायको प्रत्याभूति गरिनु पर्दछ । जस्ले गर्दा मुलुकमा दिगो शान्ति संस्थागत गर्न सकिन्छ। द्वन्द्वरत वा द्वन्द्वको तत्काल पछि सङ्क्रमणकालीन न्यायअन्तर्गत यस्ता विषयहरूको सम्बोधन गरि मुलुकलाई राष्ट्रिय मेलमिलापतर्फ अगाडि बढाउन सकिने भएकोले विश्वका भेरै मुलुकहरूमा सङ्क्रमणकालीन न्याय सफल भएका उदाहरण छन् ।**




**सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्रका सम्बन्धमा अन्तर्राष्ट्रिय अनुभवहरूका बारेमा जानकारी दिने उद्देश्यले यो पुस्तक तयार गरिएको हो। विगतमा भएका मानवअधिकार उल्लङ्घन र अपराधका सम्बन्धमा न्याय प्राप्तिका लागि र जवाफदेहिता सुनिश्चित गर्न सङ्घर्षरत विश्वका विभिन्न मुलुकमा प्रयोग गरिएको सङ्क्रमणकालीन न्यायसम्बन्धी प्रक्रिया र संयन्त्रहरूका बारेमा जानकारी हुने आशा राखिएको छ। यो पुस्तकले सङ्क्रमणकालीन न्याय विधिका बारेमा संक्षिप्त परिचय, यससम्बन्धी संयन्त्र र धारणाबारे सामान्य जानकारी दिनेछ।**

**समग्र रूपमा सङ्क्रमणकालीन न्यायको विषय राजनीतिक सन्दर्भमा धेरै हदसम्म गाँसिएको छ। तसर्थ सङ्क्रमणकालीन न्यायका बारेमा छलफल गर्दा राजनीतिक सङ्क्रमण, शान्ति निर्माण, संस्थागत सङ्गठन र कानुनी सुधार एक आपसमा जोडिएका भए तापनि यी विषयहरू यस पुस्तकको क्षेत्रभन्दा बाहिर छन्।**

रूसी लघुकथा

# प्रेम

– इवान तुर्गनेव

म जङ्गलको बीच बाटो हुँदै शिकारबाट फर्किरहेको थिएँ । मेरो कुकुर मभन्दा अघि अघि दौडिरहेको थियो। आफ्नो डेगलाई सुस्त पार्दै अचानक ऊ सतर्क भयो, मानौ उसले कुनै शिकारको गन्ध पाएको होस् । मैले सडकको किनारातिर हेरेँ। मेरो दृष्टि भँगेराको एउटा चल्लामा पुग्यो। उसको टाउकोमा सा-साना रौँहरु थिए। चुच्चो अझै पहेँलो थियो ।सिरेटो चलिरहेको थियो। गुँडबाट भँगेरोको चल्ला खसेर भइँमा पछारिएको रहेछ। अविकसित पखेँटाहरु चलाउने प्रयास गर्दै सा-साना आँखा खोल्दै असहाय पल्टिरहेको थियो त्यो बच्चा।

सुँघ्दै सुँघदै कुकुर त्यसको नजिक के पुग्नु थियो- रुखबाट झपटेर एउटा भँगेरी कुकुरको मुखै सामुन्ने आइपुगी। भँगेरीको अक्रामकताबाट कुकुर झस्किएर पछि हटे पनि उसले एउटा पँखेटा मुखले च्याप्न भ्याइसकेको थियो। चिँ चिँ गर्दै गरेको भँगेराको भय र व्यथा हावासँगै फैलँदो थियो। आफ्नो बच्चाको प्राण रक्षा गर्न उसले आफ्नो जीवन नै दाउमा लगाएकी थिइ।

रुखमा बसिरहेकी भँगेराले कुकुरलाई कत्रो भयानक र भीमकाय देखेकी हुँदो हो। आफूलाई जोगाउने इच्छाभन्दा बढी शक्तिशाली इच्छाले उसलाई तल ओर्लन बाध्य पारेको थियो । संभवतः त्यो शक्तिको अनुभूति कुकुरले पनि गरेरै पछि हटेको थियो। मैले कुकुरलाई बोलाएँ। सम्मानपूर्वक पछि पाइला चालेँ ।मलाई सानी विरङ्गना भँगेरीको प्रेमको आवगेप्रति अपार श्रद्धा जाग्यो।

मैले सोचेँ -मृत्यु र मृत्युको डरभन्दा प्रेम अत्यन्त शाक्तिशाली छ। प्रेममा नै जीवन टिकेको छ र जीवन अघि बढिरहन्छ।

**प्रस्तुतीः सुधीर यादव**

# रूपियाँले आँसु थामिँदैन

फिचर

गरुङ्गो मन लिएर अहिले पनि उनी गाउँ, घर, बजार धुम्छन्। कतै छोराहरू फेला परिहाल्छन् कि भन्ने आशा उनीमा अझै छ। छोराहरूका दौतरीहरूलाई देख्दा उनका आँखाहरू रसाउन थाल्छन्। आठ वर्षअघि सेनाले डेराबाट गिरफ्तार गरेर हालसम्म बेपत्ता पारेका दुई छोराको सास वा लास फेला पर्ने आशा उनीमा अझै मरेको छैन। छोराद्वयको खोजीमा ७४ वर्षीय नेत्रबहादुर दर्नाल मानवअधिकार सङ्घसंस्था, विभिन्न पार्टीका कार्यालयहरू, सैनिक हेडक्वाटरदेखि ब्यारेकसम्म पुगे तर अहिलेसम्म पनि छोराहरूको अत्तोपत्तो लाागेको छैन।

हटिया गाविस–४ का २४ वर्षे रन्जित दर्नाल र २१ वर्षे अमृत दर्नाललाई सेनाले माओवादीको आरोपमा २०६० मंसिर १२ गते काठमाण्डौ कपनस्थित डेराबाट गिरफ्तार गरेर लगेर हालसम्म बेपत्ता पारेको छ। दर्नालद्वय एकाघरका दाजुभाइ हुन्। उनीहरू रोजगारीका निम्ति काठमाण्डौमा डेरा लिएर बसेका थिए। सेनाले छोरा पक्राउ गरेको जानकारी पाएपछि बाब नेत्रबहादुर काठमाण्डौको सेनाको मुख्यालयलगायत ब्यारेकको ढोका/ढोका घचघच्याउन पुगे तर फेला पार्न सकेनन्। अहिले पनि उनको मनभित्र छोरा भेटिन्छकी भन्ने गहिरो आस छ। लास नभेटेपछि सास भेटिएला नि। उनले प्रश्न गरे–'लास र सास दुवै नभेटिने मेरा छोराहरूले के अपराध गरेका थिए' ?

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ तर पनि आफ्नो् छोराको ज्यान र चिहान दुवै फेला नपरेकोमा उनी दुःखी छन्। कसैले पनि बेपत्ताहरूको खोजीका लागि कदम नै चालेनन् भन्ने ठहर उनले गरेका छन्। सरकारले खोजी गरेको भए सास की लास त फेला पर्थ्यो भन्ने विश्वास अझै उनीमा छ। दर्नाललाई छोराहरू बेपँत्ता पारेकोमात्र पीडा छैन, सा–साना नानीहरूको लालनपालन पनि उनको निम्ति समस्या बनेको छ । दुवै छोराको दुई बालबालिका छन्। बेपत्ता पारिएका रन्जितको पत्नी रन्जुको आँखाअगाडिबाटै दुवैजनालाई एक दर्जनभन्दा बढीको सङ्ख्यामा आएका सेनाले पक्राउ गरेर लगेका थिए। रन्जित र अमृत दाजुभाइ हुन्। उनीहरू एउटै डेरामा बस्दै आएका थिए। बिहान सवेरै डेराबाट दाजुभाइलाइ नै लगेपछि अहिलेसम्म दर्नालका परिवारले उनीहरूलाई देखभेट गर्न पाएका छैनन्।

उमेरले नेटो काट्न लागिसकेका नेत्रबहादुर अहिले आफ्ना सन्तान बेपत्ता भएकोमामात्र चिन्तित छैनन्, सशस्त्र द्वन्द्वको समयमा मकवानपुरका बेपत्ता भएकाहरूको खोजी गर्न पनि उनी जुटिरहेका छन्। अहिले उनी बेपत्ता परिवारलाई सङ्गठित गरेर निराश नहुन उत्साह भर्ने काम पनि गरिरहेका छन्। अन्तराष्ट्रिय बेपत्ता नागरिक दिवसकै अवसरमा उनले बेपत्ता पारिएकाहरूको परिवारलाई भेटेर सान्त्वना दिने काम समेत गरेका छन्। सशस्त्र द्वन्द्वको समयमा मकवानपुरमा राज्यद्वारा विभिन्न समयमा गिरफ्तार गरी हालसम्म १२ जना पुरुष बेपत्ता छन्। यसरी बेपत्ता पारिएकाहरूमा मकवानपुरगढी गाविस–२ का सन्तबहादुर वाइवा, सोही स्थानका देशी भ्लोन, मनहरी गाविस–३ रमनटार का ६० वर्षिय कृष्ण घलान, मनहरी गाविस–४ का ज्ञानेन्द्र कालाखेती, हेटौडा नपा–६ का श्रीराम लामिछाने, वेतिनी गाविस–२ का अर्जुन रखाल छन। यसैगरी फापरवारी गाविस–२ का मुक्तराम विक, धियाल गाविस–८ का राजेन्द्र चौरेल, पदमपोखरी गाविस–३ का सुकलाल थिङ र गोगने गाविसका रामवहादुर ब्लोन छन्।

सरकारले दिएको १ लाख रुपियाँले बेपत्ताको परिवारको आँसु थामिएको छैन। उनीहरूको क्रन्दन एउटै छ–पैसा होइन, सास कि लास चाहियो। बेपत्ता परिवारलाई दर्नालको जस्तै सास वा लास फेला पर्ने आस मरेको छैन। सरकारले बेपत्ता पारिएकाहरूको. यथार्थ सार्वजनिक गर्नै पर्छ, रुपियाँले पीडितहरूको आँसु थामिँदैन।


***प्रस्तुती : प्रताप विष्ट, मकवानपुर***

**पुस्तक समीक्षा**

# नेपालमा सङ्घीयता र राज्य पुनःसंरचना

अन्तरिम संविधानले राज्यको पुनःसंरचना संघीय स्वरुपको हुने उल्लेख गरेको छ। तर संघीय स्वरुप कस्तो हुने भन्ने बारेमा दलहरूबीच एकमत कायम हुन सकेको पाइदैन। राजनीतिक दल तथा विषयविज्ञहरूले संघीयता सम्बन्धी फरक फरक अवधारणा अगाडी सारिरहेका छन् भने कतिपय दल तथा व्यक्तिहरू नेपालको लागि संघीयता उपयुक्त नभएको भन्दै संघीयताको विरोध गर्दै आइरहेका छन्। त्यसैले विगतदेखि अहिलेसम्मपनि संघीयता, निकै चर्चा र छलफलको विषय बनिरहेको छ। यसबीचमा संघीयता सम्बन्धी धेरै पुस्तकहरू प्रकाशन भएका छन्। जसले संघीयता सम्बन्धी जानकारी हासिल गर्न र विषय उपर छलफललाई अघि बढाउन निक्कै मद्दत पुऱ्याइरहेका छन्। यसै सन्दर्भमा मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान (काहुराष्ट्र) ले “नेपालमा संघीयता र राज्यपुनःसंरचना” विषयक अध्ययनलाई एक पुस्तकको रुपमा प्रकाशन गरेको छ। २०६५ पुसमा प्रथम संस्करण तथा २०६६ असारमा द्वितीय संस्करणको रूपमा प्रकाशित उक्त पुस्तकलाई सन्दर्भ साहित्यको समीक्षा तथा ३६ जिल्लाहरूमा गरिएको अध्ययनको निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ। नेपालमा राज्यपुनःसंरचनाको पृष्ठभूमिबाट सुरु गरिएको पुस्तकमा अध्ययनको औचित्य, उद्देश्य, परिकल्पना, योजना, अध्ययनले समेटेको क्षेत्रहरू लगायत प्रयोग गरिएको विधि तथा सहभागी दल तथा संघसंस्थाहरूका सम्बन्धमा छोटो परिचय दिइएको छ। त्यसपछि सन्दर्भ सहित्यको समीक्षा गर्ने क्रममा विभिन्न दशजना विषय विज्ञहरूद्वारा प्रकाशित संघीयता तथा राज्यको पुनःसंरचना विषयका पुस्तकहरूको सामान्य परिचय र ती पुस्तकहरूको निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैगरी उपयुक्त विषयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित विषयविज्ञहरूका लेखहरूको विवरण तथा लेखहरूका प्रतिनिधि विचारहरूलाई पनि पुस्तकमा समावेश गरिएको छ।

पुस्तकको अर्को खण्डमा “संघीयताको मोडल, स्थानीय विकास नीति र सरकारको स्वरुप” शीर्षक अर्न्तगत नेपालमा प्रस्तावित मोडलहरू, विश्वको अनुभव, संघीयताको किसिम, विभिन्न आधारमा गठन हुने संघीयताका फाइदा र बेफाइदाहरू तथा समग्र संघीय प्रणालीका गुण, दोष र जोखिमका बारेमा विवेचना गरिएको छ। त्यस्तै “संघीय राज्य संरचनामा स्थानीय विकास नीति” शीर्षक अन्तर्गत विकाससम्बन्धी अवधारणा, विकासका सूचकहरू, नेपालमा स्थानीय विकास योजनाको इतिहास, विकेन्द्रित विकास र अन्तर्राष्ट्रिय अभ्यास लगायत विषयहरू प्रस्तुत गरिएको छ। पुस्तकको द्वितीय संस्करणमा प्रा.डा. सुरेन्द्र केसीद्वारा लिखित “सरकारको स्वरुप” तथा विष्णुपुकार श्रेष्ठद्वारा लिखित “राज्यको शासकीय स्वरुपबारे राजनीतिक दलहरूको धारणा : एक विश्लेषण” लेख अन्तर्गत शासकीय स्वरुपबारे. राजनीतिक दलहरूका धारणाहरूको विश्लेषण गरिएको छ। “निष्कर्ष तथा सिफारिसहरू” शीर्षक अन्तर्गत संघीयताबारे स्थलगत अध्ययनको निष्कर्ष बुँदागत आधारमा प्रस्तुत गरिएको छ भने यसैको आधारमा संघीयता र स्थानीय विकास नीतिसम्बन्धी सिफारिसहरू समावेश गरिएको छ। अनुसूची खण्डमा विश्वमा संघात्मक राज्यसत्ता भएका मुलुकहरू र तिनीहरूको तथ्याङ्क सूची तथा विभिन्न राजनीतिक दल, सङ्घसंस्था तथा विषय विज्ञहरूले प्रस्ताव गरेको सङ्घीय राज्यहरूको नमुना सम्बन्धी नक्साहरू प्रस्तुत गरिएको छ।




समग्रमा सङ्घीयता र राज्य पुनःसंरचनाको विषयमा जानकारी दिन पुस्तक सफल देखिन्छ। विशेषगरी सङ्घीयता सम्बन्धमा चर्चा वहस केन्द्रीय स्तरमा धेरै भइरहेको परिप्रेक्ष्यमा जिल्ला तहमा अन्तरक्रिया, खुल्ला छलफल, समूह छलफल, कार्यपत्र प्रस्तुती लगायतका चरणहरू मार्फत संघीयताको बारेमा जनताका अवधारणा समेटिएको हुँदा आकार सानो भए पनि पुस्तकको गुणस्तरीय पक्ष सबल देखिन्छ। नेपाल संघीयतामा जानुको आवश्यकता, सङ्घीयताबारे अन्तर्राष्ट्रिय अवस्था र अनुभव, विभिन्न दलहरूले यसबारे अघि सारेको अवधारणा तथा प्रस्तावित संघीय राज्यहरू, सङ्घीय राज्यमा स्थानीय विकास नीति, अध्ययनका निष्कर्ष तथा सुझावहरु लगायतका विषयहरू समावेश हुनुले पुस्तकको गहनतालाई बढाएको छ। अध्ययनको सिलसिलामा संघीयताको पक्ष तथा विपक्ष दुवै तर्फबाट धारणाहरू आएको हुनुपर्ने हो तर पुस्तकमा संघीयताको विपक्षमा आएका धारणा नसमेटिएकाले पक्षधरताको आरोप लाग्न सक्ने जोखिमप्रति ध्यान दिएको पाइन्न। त्यसैगरी जिल्ला जिल्लामा गरिएका अध्ययनहरूको निष्कर्षलाई एकदम छोटो रूपमा प्रस्तुत गरिएको छ। यसलाई विस्तारित रूपमा प्रस्तुत गरिएको भए अध्ययनको औचित्य अझ राम्रोसँग पुष्टि हुनसक्ने थियो। राजनीतिक नेतृत्व, नीति निर्माताादेखि यस सम्बन्धमा चासो राख्ने जो कोही व्यक्तिको लागि पुस्तक उपयोगी हुने देखिन्छ।

***प्रस्तुती : उषा थपलिया***

# सातबुँदे सहमति सार मात्र हो रूप भनेको सत्ता समीकरण हो

**सहमति गर्ने र त्यसको भोलिपल्ट देखि नै उक्त सहमतिको खिलाफमा गइहाल्ने राजनीतिक दलहरूको आचरणका कारण शान्तिपक्रिया सहमतिकै खोजीमा अल्झिरहेको छ । केही समयअघि प्रमुख दलहरूबीच सातबुँदे सहमति भयो । यस सहमतिले शान्तिप्रक्रियालाई गति प्रदान गर्न सक्ला ? यो प्रश्न प्रत्येक शान्तिकामी नेपालीको चासो र चिन्ताको विषय बनेको छ । प्रस्तुत छ– यसै सन्दर्भमा डा. सुरेन्द्र केसी जो प्रखर राजनीतिक विश्लेषकका रूपमा चिनिनुहुन्छ, उहाँसँग गोपीकृष्ण भट्टराईले गर्नुभएको कुराकानी ।**

**भर्खरै सातबुँदै सहमति भयो । यो सहमतिले शान्तिप्रक्रिया र संविधान लेखनले तीव्रता पाउने वातावरण सिर्जना गरेको हो ?**

तीव्रता पाउने नपाउने एकिन भन्न सकिन्न। यसले आशा जगाएको छ। आंशिक रूपमा दलहरूबीच सहमतिको वातावारण बनेको छ। माओवादीभित्र रहेको विवादका कारण यो पूर्ण छैन। दलहरूमा निर्णयभन्दा निर्णयलाई कार्यान्वयनमा लाने आचरणमा समस्या छ। दलहरूको आचारण र संस्कारमाअझै परिवर्तन आएको छैन भन्ने प्रारम्भिक लक्षणहरू देखापर्न थालिसकेका छन्। यो कुरा प्रचण्डको अमेरिका भ्रमण र प्रधानमन्त्रीको माल्दिभ्स भ्रमणले देखाएको छ। यसले उनीहरू (दल) विदेश मोहबाट मुक्त हुन नसेकेको भन्ने नै देखिन्छ भने व्यवस्थापिकामा सामान्य कोरम सेमत नपुगेको समाचार आएको छ। यसबाट उनीहरूको आचरणगत र संस्कारगत परिवर्तन नभएको प्रष्टै छ। तर, सिद्धान्ततः शान्तितर्फ सानो सकारात्मक पहलकदमी भएको कुरा नमान्नु विषयभन्दा टाढा जस्तो हुन्छ।

**सहमतिको प्रमुख घटक एकीकृत माओवादीको एक समूह सहमति खारेजीको माग गरी सडक आन्दोलनमा समेत उत्रिसकेको छ । यसले शान्तिप्रक्रिया र संविधान लेखनलाई अप्ठ्यारो पार्दैन ?**

पार्टीको निर्णय लिएर आऊ भन्ने कुनै संवैधानिक व्यवस्था नभएको हुनाले सिद्धान्तता यसले असर नपार्ला। फेरि प्रचण्डले साँचो प्रकरण र अन्य घटनामा एकलौटी गरेको देख्दा नेपालीमा रहेको उखान जस्तो काग कराउँदै गर्छ पिना सुक्दै गर्छ भन्ने जस्तो देखिएको छ।माओवादीको केन्द्रीय समिति बैठक १० दिनसम्मका लागि स्थागित गर्ने भन्ने कुराले पनि यो देखाउँछ। अर्कोतर्फ नेपाली राजनीतिमा संस्थापनपक्षले सर्वथाआफ्नो निर्णय गराउन जस्तो पनि कदमचाल्ने गरेको देखिन्छ। यसबाट व्यवधान पुग्ला, प्रक्रिया अगाडि नबढ्ला भन्नेसक्ने आधारहरू त छैनन्। तर वितण्डै खडा भयो, दल विभाजन भयो, सरकारमाथि विश्वास अविश्वासको कुरा आयो, झेलझालको कुरा आए भने त्यो अप्रत्याशित हुन्छ। यो सम्भावनालाई भोलिको दिनमा स्थान छोडि राख्नुपर्छ।



> **शङ्काको लाभ लिने पनि हुन्छन् दिने पनि हुन्छन्। नेताहरूको आचरण कहिल्यै पनि ठिक रहेन। उनीहरू (दलहरू)आफ्ना प्रतिबद्धताप्रति पनि इमान्दार भएनन्। नेतामा भनाइ र गराईमा हेर्दा विश्वास गर्न सकिँदैन। अहिले पनि जसले त्यो शङ्काको लाभ लिन खोजेका छन् तिनीहरूलाई निषेध गर्न म चाहन्न। तर मेरो आग्रह यो दलहरूलाई अन्तिम मौकाको रूपमा दिनुपर्छ।**

**एकीकृत माओवादीभित्र तीन समूह देखिएको छ । जुन लडाकूहरूमा पनि छ । यस्तो अवस्थामा शिविरमा रहेका वैद्य समूहका लडाकूले विद्रोह गर्ने अवस्था रहन्छ ?**

अहिलेसम्मको लक्षण हेर्दा विद्रोह गर्ने सम्भावना न्यून देखिन्छ। लडाकू भन्नासाथ राजनीतिकरूपमा दिक्षीत संस्कारबाट आएको र सोहीप्रकारको संस्कारको अपेक्षा गरिन्छ। सैनिक लडाकु अनुशानबद्ध हुने हुँदा प्रायः विद्रोहको सम्भावना न्यून हुन्छ।अहिलेको अवस्थामा माओवादीका लडाकु कमाण्डर नन्दकिशोर पुनले यो प्रक्रियामाअनुशासित र सक्रियतापूर्वक प्रतिबद्ध हुनु भनेर आदेश दिइसकेको कुरा बाहिर आएको छ। तर, राजनीतिक रूपमा प्रशिक्षित सेनामा कहिलेकाहीँ त्यो आदेश देश, जनता र क्रान्तिको पक्षमा छैन भन्ने बहानामा विद्रोह भएमा त्यसलाई राजनीतिक रूपमा अस्वभाविक मान्न सकिँदैन। समग्र सैद्धान्तिक पक्ष तथा केही सङ्केत हेर्दा निर्णायक विद्रोह हुने अवस्था छैन। रामबहादुर थापाले पनि विद्रोह हुन्छ भन्नुको सट्टा नयाँ जनमुक्ति सेना गठन गर्छौं भनेको अवस्था छ। वाईसीएल पनि यो सहमतिको पक्षमा नै रहेको कुरा बाहिर आएको छ।लामो समयदेखि वैद्यले वाइसीएलजस्तो भातृसङ्गठन गठन गरेको अवस्था छ। यी सबै हेर्दा निर्णायक विद्रोह हुने र त्यसले प्रभाव पार्ने देखिँदैन।

**सातबुँदे सहमतिमा विगतको सहमति**

**कार्यान्वयन र दलहरूबीच विश्वासको वातावरण तयार गर्ने भनिएको छ । के यस सहमतिले त्यस्तो वातावरण तयार गर्ला ?**

निर्णय, प्रणाली समस्या होइन। दलहरूको संस्कार, व्यवहार र आचरणमा समस्या हो। तर उनीहरूमा जे बाहिर देखिएको छ त्यो रूप मात्र हो। सार होइन भन्ने भनाइमा छ। सार भित्री रूपमा माओवादी र काँग्रेसबीचमा सत्ताको विषयमा सहमति भएको भन्ने छ।त्योअनुसार अहिलेका प्रधानमन्त्रीलाई मङ्सिर १५ गतेसम्म रहनदिने र नयाँ प्रधानमन्त्रीको रूपमा प्रचण्डलाई सार्ने र उनले शान्ति र संविधान लेखनलाई पूर्णता दिने र निर्वाचनको सरकार सुशील कोइरालाको नेतृत्वमा गर्ने भन्ने निर्णय प्रचण्ड र सुशील कोइरालाको बीचमा भइसकेको भन्ने छ। यो सत्य हो भने यो भन्दा अगाडि एमालेले आफूलाई एक्लाएर गए राम्रो नहुने भनी खबरदार गरेको अवस्थामा त्यसलाई पानी छर्कने काम भइसकेकेले त्यसको केही तातो न्यानो पाउने एमालेको अवस्था र मधेशवादीलाई पनि सोहीअनुसार मिलाएपछि नै यो सहमति आएको आशङ्का एक कोणबाट गरिन्छ। यसर्थ यो सातबुँदे सहमति सार मात्र हो रूप भनेको सत्ता समिकरण नै हो। किनभने नेपाली राजनीतिको प्रमुख समस्या नै सत्ता साझेदारी हो। यस अर्थमा भित्रभित्रै सत्ताको विषयमा मिलिसकेको भन्ने आशङ्कालाई आधार मान्ने हो भने अप्रत्याशित केही नभए सबै कुरा मिल्दै एउटा नया ँबिन्दुसम्म पुग्ने देखिन्छ।

**संविधानसभाबाट सहमतिको आधारमाअ विलम्ब विज्ञहरूको टोलीबनाई राज्यको पुनःसंरचनागर्ने भनिएको छ। यस्तो टोली बनाउँदादलहरूले के माध्यान दिनुपर्छ ? टोलीले दिएको सुझाव दलहरूले मान्छन् त ?**

विज्ञ समूह गठन गर्ने निर्णयअनुसार संविधान संशोधन प्रस्ताव दर्ता भइसक्यो। नेपालमा विज्ञ भनेर आफ्ना कार्यकर्तालाई चिनिन्छ। विज्ञलाई विज्ञ मानिँदैन यो देशमा। पहिल्यै सहमति हुन्छ र तपाईंको पार्टीबाट यो र मेरो पार्टीबाट यो भनी प्याकेजमा सहमति हुन्छ र निर्दिष्ट मान्छेलाई विज्ञ मान्ने सहमति हुन्छ। र, उनीहरूले दिएको सुझाव नमान्ने कुरा हुँदैन।

**राष्ट्रिय सरकार बनाउनको लागि प्रक्रिया अगाडि बढाउने भनिएको छ। यही सरकारलाई राष्ट्रिय स्वरूप दिँदा हुन्छ कि अरूको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्छ ?**

हामीले भनेर हुँदैन। बाबुरामले आफ्नै सरकारलाई सहमतिको सरकार बनाउने भन्न थालिसकेका छन्। फेरि बाबुरामको विषयमा धेरैको सहमति लामो समयदेखि रहने गरेको पनि सुनिएको तर प्रचण्ड अर्कै खालका खेलाडी भएको हुँदा र सुशील कोइरालाले प्रधानमन्त्री हुने अपेक्षा थोरै विकास गरेको बुझिन्छ। यो हेर्दा बाबुरामले छुट्टी पाउने देखिन्छ। प्रचण्डको नेतृत्वमा पहिलो र सुशील कोइरालाको नेतृत्वमा चुनावी सरकार गठन हुन्छ।

**विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनाअनुसार द्वन्द्वकालका मुद्दा हेर्ने भनिएको छ । महान्यायाधिवक्ता स्वयम् द्वन्द्वकालका सबै मुद्दा फिर्ता लिने भनी सार्वजनिकरूपमा भन्दै आउनुभएको छ । यस्तो अवस्थामा द्वन्द्वपीडितले न्याय पाउने अवस्था रहन्छ ?**

न्याय निरपेक्ष हुँदैन सापेक्ष हुन्छ।वस्तुत :द्वन्द्वका समस्याहरूलाई किन कानुनी प्रक्रियामा ल्याइएको छ मैले बुझेको छैन। मैले बुझे अनुसार शान्ति सम्झौताअनुसार द्वन्द्वको समयमा जे जति वारदात भएको छ तिनलाई उन्मुक्ति दिने खालको छ। तर शान्तिप्रक्रियालगायताका कुरामा यो कुरा आकर्षित हुने जस्तो मलाई लाग्छ। जस्तो मधेश आन्दोलनको हकमा। यहाँ सबै कुरालाई प्याकेजमा हाल्ने कुरामाअन्यौल भएको म देख्छु।अर्को शान्तिप्रक्रिया आइसकेपछि किन यी कुराहरू उचालिएका छन् मैले बुझेको छैन। यही शान्ति सम्झौताको आधारमा महान्याधिवक्ताले केटौले प्रतिक्रिया दिएका हुन्। महान्याधिवक्ता पार्टीको कार्यकर्ता भएको र मुलत : प्रधानमन्त्रीकीश्रीमतीको माध्यमबाट आएका र उनकै इशारा माचल्ने उनको कार्यशैली छ। तर,विषय जे हो त्यही रूपमा नआउने हो भनेदेखि अन्यौलता बन्ने हुन्छ। हामीले भनेको सही सूचना प्रक्षेपण गर्ने र जनतालाई सही सूचना दिनुपर्नेमा शान्तिप्रक्रियापूर्व र पछिका विषयमा गोलमोटल पार्ने काम भएको छ। पहिला त्यसमा प्रस्टता भएपछि शान्तिप्रक्रियामा आउनु उताका विस्तृत शान्ति सम्झौतावाअन्य सम्झौताअनुरूप हुनुपर्ने हुन्छ र तत्पश्चातका प्रचलित कानुन अनुसारको व्यवस्थाअनुसार हुनुपर्छ। यो गरिमालाई महान्याधिवक्ताले कार्यान्वयनगर्नुपर्ने हुन्छ।

**दलहरूले छ महिनाभित्र संविधान जारी गर्ने अनौपचारिक सहमति भएको कुरा बाहिर आएको छ । यसमा विश्वस्त हुने आधारहरू के के देख्नुहुन्छ ? छ महिनामा जनताले नयाँ संविधान पाउँछन् त ?**

छ महिनामा संविधान पाउँछन् पाउँदैनन् एकिन भन्न सक्दिन। यिनीहरूको (दलहरू) आचरणमा ठूलो समस्या छ।अहिलेसम्मको पृष्ठभूमिले पनि हाम्रो आशङ्कालाई बल दिन्छ। तर पनि यिनीहरू मूलत: सत्ताखोर तत्व भएको हुनाले र सत्ता नै यिनीहरूको सहमति भएको हो भन्ने मान्ने हो भने र यस विषयलाई प्रचण्डले जसरी बलपूर्वक ठेलेर, अधिकतम लचकताका साथ पार्टीभित्रको विवादलाई उपेक्षा गरेर यहाँसम्मआएका छन् त्यो अप्रत्यासित छ। यो हेर्दा पनि प्रचण्डलाई पनि प्रधानमन्त्री हुने तीव्र इच्छा रहेछ भन्न सकिन्छ।किनभने उनले "र" सँग भेटे, प्रचण्डको विषयमा भारतमा जुन भ्रम थियो त्यो भ्रम मार्न नै बाबुरामलाई प्रधानमन्त्री बनाइएको हो। नत्र बाबुराम प्रधानमन्त्री हुने अवस्था नै थिएन।यो अवस्था र सुशील कोइरालामा प्रधानमन्त्री हुने इच्छा हेर्दा सायद शान्तिप्रक्रिया अगाडि बढ्छ।


**शान्तिप्रक्रिया र संविधान लेखनमा दलहरूको अबको बाटो के हुनुपर्ला ?**

अबको बाटो सात बुँदेले निर्देशित गऱ्यो। त्यो भन्दाबाहिर लाग्ने स्थिति देखिँदैन।जनताको ठूलो आकाङ्क्षा शान्ति र संविधान हो। यसर्थ उनीहरूले (दलहरू) शीघ्र यो प्रक्रिया पूरा गरी मुलुकलाई समृद्धिको बाटोतर्फ डोऱ्याउनु पर्ने हुन्छ।

**यो सातबुँदे संविधानसभाको समय थप्नको लागि गरिएको हो पनि भनिन्छ नी ?**

शङ्काको लाभ लिने पनि हुन्छन् दिने पनि हुन्छन्। नेताहरूको आचरण कहिल्यै पनि ठिक रहेन। उनीहरू (दलहरू) आफ्ना प्रतिवद्धताप्रति पनि इमान्दार भएनन्। नेतामा भनाइ र गराईमा हेर्दा विश्वास गर्न सकिँदैन। अहिले पनि जसले त्यो शङ्काको लाभ लिन खोजेका छन् तिनीहरूलाई निषेध गर्न म चाहन्न। तर मेरो आग्रह यो दलहरूलाई अन्तिम मौकाको रूपमा दिनुपर्छ।

# हार्दिक श्रद्धाञ्जली



स्व. यशोदा पराजुली
स्वर्गारोहण ०६८ असोज १८ गते

हाम्रा लेखा तथा व्यवस्थापन कार्यक्रम प्रमुख प्रेमप्रसाद पराजुलीकी ममतामयी आमा **यशोदा पराजुली**को असामयिक देहावसान भएकोमा दु:ख व्यक्त गर्दै स्वर्गीय पराजुलप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सुबोधराज प्याकुरेल
अध्यक्ष तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) परिवार


## अनुसन्धानकर्ताहरू
## विद्यार्थीहरू
## विद्वतवर्गहरू
## कार्यकर्ताहरू




मानवअधिकार सम्बन्धी सूचना र जानकारीका लागि इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- द्वन्द्व र शान्ति अध्ययन
- अर्थशास्त्र
- समाजशास्त्र
- सञ्चार
- कानुन, अधिकार र राजनीति
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल





**सुविधाहरू**
- फोटोकपि
- इन्टरनेट
- कम्प्युटर

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
स्यूचाटार, कलङ्की, पो.ब.नं. २७२६, काठमाडौं, नेपाल
फोन: ९७७-०१-४२७८७७०, फ्याक्स : ९७७-०१-४२७०५५१
इमेल : insec@insec.org.np वेबसाइट : www.inseconline.org

# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

**मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।**